

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ कात्तिक २०८२, सोमबार (20 Oct 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १८४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

तिहारलाई सयपत्री...



काठमाडौंको रामकोट बतासेडाँडामा सयपत्री फूल टिप्दै किसान। लक्ष्मीपूजाका लागि बजार पठाउन यहाँका किसानलाई आइतबार फूल टिप्न भ्याइनभ्याई थियो।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

बक्यौता तिर्न अटेर गर्ने २५ उद्योगको लाइन काट्ने तयारी

ऊर्जामन्त्री कुलमान घिसिङको निर्देशनमा विद्युत् प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता तिर्न दिएको अल्टिमेटम आइतबार सकियो, तर ३१ उद्योगले वास्तै गरेनन्

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् प्राधिकरणले अल्टिमेटम दिँदा पनि साढे पाँच अर्ब बक्यौता तिर्न अटेरी गर्ने २५ उद्योगको लाइन काट्ने तयारी गरेको छ। यस्ता उद्योग ३१ वटा भए पनि ६ उद्योगले अदालतबाट अन्तरिम आदेश पाएका कारण तत्काल कारबाहीबाट जोगिने भएका छन्। प्राधिकरणका अनुसार बक्यौता तिर्ने प्रक्रियामै नआएका ३१ उद्योगको बक्यौता ६ अर्ब छ।

ऊर्जामन्त्री कुलमान घिसिङको निर्देशनमा प्राधिकरणले १२ असोजमा डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता तिर्न २१ कार्यदिन (बिदाबाहेक)को अल्टिमेटम दिएको थियो। प्राधिकरणका बोर्ड अध्यक्ष ऊर्जामन्त्री नै हुन्छन्। सार्वजनिक सूचना जारी गर्दै र पत्रमार्फत सम्बन्धित सबै उद्योगलाई दिएको उक्त म्याद आइतबार (२ कात्तिकमा) सकिएको छ। अब ती उद्योगीको लाइन काट्ने तयारीमा अघि बढेको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललले बताए।

'हामीले उद्योगीलाई बक्यौता तिर्न दिएको म्याद आइतबार राति १२ बजेसम्म हो। तर, साँझसम्मको तथ्यांकअनुसार ३१ उद्योगले कत्ति पनि बक्यौता नतिरेको देखिएको छ। कार्यालय समयभित्र नआएकाले उनीहरूले अटेरी नै गरेको हो,' उनले भने, 'अब यस्ता उद्योगको लाइन कुनै पनि हालतमा काटिन्छ।'

देश चरम लोडसेडिङ भोगिरहेका बेला ६५ प्रतिशत प्रिमियम महसुल तिर्ने

» पृष्ठ २ मा क्रमशः

बक्यौता नतिर्दा लाइन काटिने सूचीमा रहेका २५ उद्योग

बक्यौता रकम : **पाँच अर्ब ४८ करोड ४५ लाख**

जगदम्बा स्टिल	१ अर्ब ६० करोड १८ लाख
रिलायन्स स्पिनिङ मिल्स	७५ करोड ३७ लाख
शिवम् सिमेन्ट	६६ करोड- ८८ लाख
घोराही सिमेन्ट उद्योग	५० करोड ८५ लाख
अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज	४४ करोड ८४ लाख
त्रिवेणी स्पिनिङ मिल्स	३२ करोड १० लाख
सोनापुर मिनरल एन्ड आयल	२४ करोड ३० लाख
जगदम्बा सिन्थेटिक	२० करोड ५० लाख
बुटवल सिमेन्ट	१८ करोड ४५ लाख
हिमाल आइरन एन्ड स्टिल	१३ करोड ६५ लाख
कसमस सिमेन्ट फ्याक्ट्री	९ करोड ७७ लाख
एभरेस्ट पेपर मिल	९ करोड ४४ लाख
निगाले सिमेन्ट प्रालि	५ करोड ८१ लाख
त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज	४ करोड ४० लाख
विशाल सिमेन्ट इन्डस्ट्रिज	३ करोड ३५ लाख
घराना फुड्स	१ करोड ८८ लाख
सिद्धार्थ पेटप्लास्ट	१ करोड ८३ लाख
एसआर फुड्स	१ करोड ४८ लाख
गोयन्का फुड्स रुपन्देही	१ करोड ४८ लाख
पञ्चकन्या स्टिल इन्डस्ट्रिज	५२ लाख
श्याम प्लास्टिक उद्योग	४९ लाख
भलवारी स्वचालित कारखाना	३० लाख
पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिज	२५ लाख
एभरेस्ट रोलिङ मिल	१७ लाख
एसआर स्टिल इन्डस्ट्रिज	१६ लाख

अदालतको अन्तरिम आदेशका कारण कारबाहीबाट बचेका ६ उद्योग

बक्यौता रकम : **९७ करोड ९७ लाख**

मारुती सिमेन्ट	५७ करोड ४५ लाख
अरिहन्त मल्टिफाइबर प्रालि	११ करोड ५३ लाख
युनाइटेड सिमेन्ट प्रालि	११ करोड ३७ लाख
रघुपति जुट मिल	८ करोड ५१ लाख
अरिहन्त पोलिप्याक प्रालि	६ करोड ६२ लाख
बाबा जुट मिल	२ करोड ४९ लाख

बक्यौता नतिर्ने उद्योगको लाइन शतप्रतिशत काट्ने नै हो, आज हो कि भोलि भन्ने मात्र हो

● **मनोज सिलवाल,**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण



हामीले उद्योगीलाई बक्यौता तिर्न दिएको म्याद आइतबार राति १२ बजेसम्म हो। तर, साँझसम्मको तथ्यांकअनुसार ३१ उद्योगले कत्ति पनि बक्यौता नतिरेको देखिएको छ। कार्यालय समयभित्र नआएकाले उनीहरूले अटेरी नै गरेको हो। अब यस्ता उद्योगको लाइन कुनै पनि हालतमा काटिन्छ। केही उद्योगीले बक्यौता तिर्न नसकिने आसयको पत्र दिएका छन्। उनीहरूले पैसा तिर्ने देखिएन। अब बक्यौता नतिर्ने उद्योगको लाइन शतप्रतिशत काट्ने नै हो। काट्ने मिति आज हो कि भोलि भन्ने मात्रै हो। कुनै पनि वेला लाइन काटिन्छ।

बक्यौता नतिर्ने भन्दै प्राधिकरणलाई ठुला उद्योगको पत्र, प्रधानमन्त्रीले भेटून मानिनन्

केही उद्योगले बक्यौता नतिर्ने भन्दै गत शुक्रबार प्राधिकरणलाई पत्र पठाएका छन्। जसमा सबैभन्दा धेरै एक अर्ब ६० करोड १८ लाख बक्यौता भएको जगदम्बा स्टिल, ७५ करोड ३७ लाख बक्यौता भएको रिलायन्स स्पिनिङ मिल्सदेखि घोराही सिमेन्टसम्म छन्। प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललले केही उद्योगीबाट बक्यौता नतिर्ने आसयसहितको पत्र आएको बताए। उद्योगीहरूले प्रशासनिक पुनरावलोकन प्रक्रिया खारेजप्रति पनि असन्तुष्टि जनाएका छन्।

प्राधिकरणमा निवेदन दर्ता गराएका र ऊर्जामन्त्री कुलमान घिसिङलाई भेटेको उद्योगीले प्रधानमन्त्री सुशीला कार्कीलाई नै भेटेर बक्यौता तिर्न नसकिने भनेर ज्ञापनपत्र बुझाउन खोजेका थिए। तर, कार्कीले भेटून नमानेको स्रोतले बतायो।

■ सरकारको एक महिना

सुशासनका संकेत, तर राजनीतिक अन्योल कायमै

● प्रधानमन्त्रीदेखि स्थानीय तहका वडाध्यक्षसम्मका स्वकीय, सल्लाहकार र विभिन्न नियुक्ति खारेज

● राजदूतको नियमअनुसार माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज, सार्वजनिक संस्थानमा कार्यकारी प्रमुखको पदमा तत्कालका लागि सरकारको स्थायी कर्मचारीलाई काजमा खटाउने तथा महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्री खरिद नगर्नेलगायतका खर्च कटौती

● राजनीतिक कार्यकर्ता व्यवस्थापनको थलो बनेको भूमि समस्या समाधान आयोग खारेज

● तीनै तहमा स्वीकृत दरबन्दीबाहेकका अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने निर्णय

● अत्यावश्यक प्राविधिक जनशक्तिबाहेक दरबन्दी सिर्जना नगर्ने

● राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एकभन्दा बढी सवारीसाधन उपलब्ध नगराउने, सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने

सरकारले एक महिनामा गरेका महत्त्वपूर्ण काम



● सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई साबिककै अर्थ मन्त्रालय र राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयअन्तर्गत ल्याइयो

● पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई स्वीकृत मापदण्डअनुसार सेवा-सुविधा

● पूर्वविशिष्ट पदाधिकारीका लागि दिइएकामध्ये ३०० बढी सुरक्षाकर्मी फिर्ता

● पूर्वसभामुख, राष्ट्रिय सभा पूर्वअध्यक्ष, संसद्का समिति, प्रमुख सचेतकलगायतलाई दिइएका सवारीसाधन पनि फिर्ता

● शीर्ष नेतामाथि सम्पत्ति शुद्धीकरणको अनुसन्धान

● अधिल्लो सरकारले लुकाएको त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन समितिको प्रतिवेदन पनि सार्वजनिक

● विभिन्न देशका अवैतनिक महावाणिज्यदूतले पाएको कूटनीतिक नम्बर प्लेटको सुविधा खारेज, ११ देशका राजदूत फिर्ता

सुवास भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनको बलमा ३० भदौमा बनेको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको एक महिना बित्दा सुशासन र मितव्ययितातर्फका प्रारम्भिक काम सकारात्मक देखिएका छन्। तर, निर्वाचनको मूल म्यान्डेड पाएको सरकारले दलहरूसँग समन्वय गर्न नसक्दा, मन्त्रिपरिषद्ले अझै पूर्णता नपाउँदा, भ्रष्टाचार छानबिन आयोग गठनमा ढिलाइ हुँदा र आन्दोलनका मुद्दामा अन्योल कायमै

» पृष्ठ २ मा क्रमशः



■ सुशासनका अभियन्ता तथा पूर्वसचिव शारदाप्रसाद त्रिताल भन्छन्-

भ्रष्टाचार नियन्त्रणका लागि सरकारले निर्मम काम गर्नुपर्छ

जेन-जी आन्दोलनका क्रममा भएका घटनाको जाँचबुझका लागि आयोग गठन भएको छ। आइतबार मात्रै त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिनबारे प्रतिवेदन बाहिर ल्याउनु र फजुल खर्च कटौतीका विभिन्न निर्णय हुनु राम्रो काम हुन्। यद्यपि, हालसम्म भ्रष्टाचारका सम्पत्ति छानबिनका लागि आयोग बनेको छैन। यो आयोग बनाउनुपर्ने माग र चाहना पनि जेन-जीको छ। यो संविधानअन्तर्गत नै जाँदा जेन-जीका सबै माग सम्बोधन हुन सक्ने देखिँदैन। आन्दोलनको म्यान्डेटसँगै धेरै कुरा हुन सक्थे, अहिले गर्न खोज्दा बाधाविरोध हुन थाले। मुख्य कुरा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले निर्मम काम गर्नुपर्छ।

श्रमशोषणमा परेका नर्सको माग सम्बोधन गर्न सरकारले बनायो समिति

● **स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव प्राडा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा आइतबार १४ सदस्यीय समिति गठन**

● **समितिले एक हप्ताभित्र प्रारम्भिक प्रतिवेदन दिनुपर्ने**



नयाँ पत्रिका

श्रमशोषणविरुद्ध आन्दोलनरत नर्सहरूको पारिश्रमिकसम्बन्धी माग सम्बोधन गर्न सरकारले समिति गठन गरेको छ। स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव प्राडा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा आइतबार १४ सदस्यीय समिति गठन गरिएको हो।

श्रमशोषण भइरहेको भन्दै निजी अस्पताल तथा मेडिकल कलेजका नर्सहरूले आन्दोलन गरिरहेका छन्। प्रधानमन्त्री सुशीला कार्कीले गत बिहीबार स्वास्थ्य मन्त्रालयका

» पृष्ठ २ मा क्रमशः

■ यस्ता छन् समितिका कार्यादेश

समितिलाई मुख्यगरी तीन कार्यादेश दिइएको छ। निजी तथा सामुदायिक अस्पताल एवं स्वास्थ्य संस्थाहरूमा कार्यरत नर्सिङ/स्वास्थ्यकर्मीको पारिश्रमिक तथा तलब सुविधा सम्बन्धमा स्वास्थ्य मन्त्रालय र अन्य निकायबाट भएका परिपत्र एवं प्रतिवेदनहरूको आधार लिने र विश्लेषण गर्ने पहिलो कार्यादेश छ। त्यस्तै, निजी तथा सामुदायिक अस्पताल तथा स्वास्थ्य संस्थामा नर्सिङलगायतका स्वास्थ्यकर्मीहरूको मर्यादित श्रम तथा सुविधाका सम्बन्धमा स्वास्थ्य मन्त्रालयबाट सरकारीसरह न्यूनतम तलबभत्ता प्रदान गर्न पटक-पटक भएका निर्देशन यथाशीघ्र कार्यान्वयन गर्न सहमति कायम गर्ने दोस्रो कार्यादेश छ। त्यस्तै, यस किसिमका समस्या समाधान गर्न नेपाल सरकार, सम्बन्धित मन्त्रालयहरूले गर्नुपर्ने कार्यका लागि राय सुझाव र कार्ययोजना प्रतिवेदन पेस गर्न पनि समितिलाई कार्यादेश छ।

जेन-जी विद्रोहबाट अपदस्थ ओलीमा फेरि प्रधानमन्त्रीको महत्त्वाकांक्षा



देशका लागि निरन्तर सक्रिय रहेको कारण जनताले फेरि प्रधानमन्त्री बनाउने दाबी

(विस्तृत पृष्ठ २)

निर्वाचनलक्षित सुरक्षा प्रबन्धको तयारीमा जुट्यो सरकार



आन्दोलनमा लुटिएका हतियार र फरार कैदीबन्दीलाई जतिसक्दो चाँडो नियन्त्रणमा लिइने, चारवटै सुरक्षा निकायले कार्ययोजना बनाई संयुक्त रूपमा सेक्युरिटी अपरेसन सञ्चालन गर्ने निर्णय



निर्वाचनबारे छलफल गर्न प्रधानमन्त्री कार्कीले मंगलबार अपराह्न चार बजे सात दललाई बोलाइन् बालुवाटार



विपिनको शव आज नेपाल ल्याइँदै

(विस्तृत पृष्ठ ३)

सडकका थप ५० सहित ६८ रुग्ण ठेक्का तोड्ने तयारी

१५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका र ठेक्का नतोड्ने मनासिब कारण भए प्रमाणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सडक विभागको सूचना

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तिहारका सदाबहार गीत

दशकौँ पुराना केही तिहार गीत छन्, जुन गुन्जिन थालेपछि तिहारको उल्लास झन् बढाउँछ

पवन बराइली/नयाँ पत्रिका

घरघरमा झिलिमिली बत्तीको उज्यालोसँगै जब देउसी-भैलो गुन्जन थाल्छ, तिहारको उल्लास छाउँछ। तिहार चाड संगीतसँग अभिन्न रूपमा जोडिएकैले हुनुपर्छ, यही चाडलाई लक्षित गरेर सर्जकहरूले कैयौँ गीत रचेका छन्। हरेक वर्ष तिहारलक्षित नयाँ-नयाँ गीतहरू सार्वजनिक हुन्छन्। तर, दशकौँ पुराना केही तिहार गीत छन्, जुन गुन्जिन थालेपछि तिहारको उल्लास झन् बढाउँछ। कहिल्यै नबिच्छिने सदाबहार तिहार गीतले नेपाली संस्कृति र उत्सवको आत्मालाई जीवित राख्न मद्दत गर्दै आएका छन्।

'निधारमा लर्काएर सप्तरंगी टीको...' (०४७)

'निधारमा लर्काएर सप्तरंगी टीको...'। यो हरफ घन्किन थालेपछि हरनेपालीको दिल, मस्तिष्कमा तिहार जाग्छ। राजेन्द्र शलभ निर्देशित चलचित्र 'विजय-पराजय'का लागि गीतकार दिनेश अधिकारीले लेखेको यो गीतमा संगीतकार शम्भुजित बाँस्कोटाले संगीत भरेका हुन्। बलिउड पार्श्वगायिका हेमलताको स्वरमा रेकर्ड गरिएको यो गीत यसरी अगाडि बढ्छ-

निधारमा लर्काएर सप्तरंगी टीको,
हिँडिरहु सधैँ तिमी शिखरको बाटो,
ओखरमा फोरिदिएँ बाधाहरू मैले...
जता पनि पुग दाजै धामभन्दा पहिले....

दिदीबहिनी र दाजुभाइबिचको सम्बन्ध यो गीतमा अभिव्यक्त भएको छ। तिहार आफैँमा दिदीबहिनी र दाजुभाइबिचको प्रेम, सद्भाव र मायाको चाड हो। गीतकार अधिकारीले सम्झिँदै भने, 'यो गीत मैले ०४६ भदौमा लेखेको

» पृष्ठ २ मा क्रमशः





प्रा.डा. सोमप्रसाद खतिवडा भन्छन्- **गीतले संस्कृति जोगाउने मात्र होइन, समाजमा एकताको सन्देश पनि फैलाउँछ**

हाम्रा लोकगीत र लोकनृत्यले पुरानो संस्कृति झल्काउँछन्। तिहारका गीत र नृत्यमा हाम्रा कृषिजन्य जीवनशैली, आध्यात्मिक भावना र सामाजिक सम्बन्धको गहिरो अभिव्यक्ति पाइन्छ। दसैँ र तिहार हाम्रो समाज कृषि र पशुपालनमा प्रवेश गरेपछि सुरु भएका पर्व हुन्। पुर्खाहरूको जीवन पशुपालन र कृषिसँग गाँसिएको थियो। पुर्खाहरूले आफ्नो आध्यात्मिक आवश्यकता पूरा गर्नका लागि यस्ता पर्वहरू सुरु गरे। यी गीतहरूले संस्कृतिलाई जोगाउन मात्र होइन, समाजमा एकताको सन्देश पनि फैलाउँछन्।

जेन-जी विद्रोहबाट अपदस्थ ओलीमा फेरि प्रधानमन्त्रीको महत्त्वाकांक्षा

नयाँ पत्रिका

जेन-जी आन्दोलनबाट सत्ताच्युत भएको डेढ महिना नपुग्दै एमाले अध्यक्ष केपी ओलीले पुनः प्रधानमन्त्री बन्ने महत्त्वाकांक्षा देखाएका छन् । आसन्न २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा सहभागी नहुने नीति अंगीकार गर्दै आएका ओलीले आफू देशका लागि निरन्तर सक्रिय रहेको कारण जनताले फेरि प्रधानमन्त्रीका रूपमा चयन गर्ने दाबी गरेका हुन् । ओलीले अहिलेको आवश्यकता भन्दै पार्टी नेतृत्व पनि नछाड्ने स्पष्ट सन्देश दिए ।



एमाले केन्द्रीय कमिटी बैठक सकिएको दुई दिनपछि आइतबार सम्पादकहरूसँगको संवादमा ओलीले देशका लागि सत्यनिष्ठा र समर्पण भावले काम गरेकाले प्रधानमन्त्रीमा पुनर्स्थापित हुन सक्ने औँल्याएका हुन् । जनताले आदेश गरे आफू प्रधानमन्त्री हुनैपर्ने ओलीको भनाइ छ ।

'रातभर पनि देशकै काममा समर्पित हुने मान्छे, फेरि प्रधानमन्त्री नहोस् भनेर पूजा गर्न मन लाग्नेले पूजा गर्दा हुन्छ, त्यसमा आपत्ति छैन । मलाई प्रधानमन्त्री हुनु नै छैन । तर, यदि जनताले भन्यो भने सम्पादकले भनेको मान्ने कि मतदाताले भनेको मान्ने ? त्यति वेला त मैले मतदाताकै आदेश मान्नुपर्ने हुन्छ । त्यसकारण तपाईंहरूले अहंकार, दम्भ आदि-इत्यादि मान्छे त जस्ताको तस्तै छ नभन्नुहोला,' ओलीले तत्काल सक्रिय राजनीतिबाट टाढा नहुने सन्देश दिँदै भने ।

ओलीले जेन-जी आन्दोलनका घटनाबारे छानबिन गर्न बनेको आयोगसमक्ष उपस्थित नहुने स्पष्ट गरेका छन् । 'केपी ओली प्रशोधित माइन्डबाट काम गर्छ । सोझो भएको भन्दै जसले जहाँ आयोग बनाउँछ, जसले जहाँ सोध्दै जान्छ, त्यहाँ लुरुलुरु गएर बयान दिने काम केपी ओलीले गर्दैन,' ओलीले भने, 'कोही पनि कुनै भ्रममा नपर्नुहोस्- आफैँलाई धोका दिने काम केपी ओलीले गर्दैन ।'

ओलीले २३ र २४ भदौको गोलीकाण्डको जिम्मा नलिने बताए । घटनालाई आफूले तीन भागमा हेर्ने गरेको र आदेशसमेत नदिएको भन्दै घुसपैठका कारण मात्र गोली चलेको जिकिर उनले गरे । २२ भदौको बेलुकी सुरक्षा समितिको बैठकमा सुरक्षा प्रमुखहरूले १० हजारसम्म विद्यार्थी जम्मा भए पनि जुलुस शान्तिपूर्ण हुने आफूलाई ब्रिफिङ भएको ओलीले दाबी गरे । संसद् भवनअगाडिसम्म जुलुस लगिएकैले मुठभेड भएर गोली चल्ने परिस्थिति आएपछि अर्को अध्याय सुरु भएको ओलीको भनाइ थियो । 'मैले सुनेँ- गोली चल्यो । शान्तिपूर्ण आन्दोलनमा किन गोली चल्यो भनेर गृहमन्त्रीलाई सोधेँ । रबरको गोली चलेको जवाफ आयो,' उनले भने ।

डा. मिश्रासहित १४ विरुद्ध मुद्दा दायर

काठमाडौं/ स्वास्थ्य सेवा विभागमार्फत म्यामोग्राफी मेसिन (स्तनक्यान्सर जाँच गर्ने) खरिदमा करिब पाँच करोड अनियमितता गरेको भन्दै स्वास्थ्य मन्त्रालयकी पूर्वअतिरिक्त सचिव डा. संगीता कौशल मिश्रासहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गर्दै खरिद प्रक्रियामा लागत अनुमान बनाउँदादेखि नै मिलेमतो देखिएको दाबी गरेको छ । यही विवादका कारण मिश्रा सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा अन्तिम समयमा मन्त्री बन्नबाट रोकिएकी थिइन् ।

कम्पनीले ६ करोड ८५ लाख ७७ हजार रुपैयाँमा खरिद गरेर ल्याएको मेसिन १२ करोड ५५ लाखमा बोलपत्र पाएको थियो । भ्याटसहित ठेक्का पाउने कम्पनी म्याक्सिम इन्कर्पोरेटेड ट्रेडर्सले १४ करोड ६ लाख ८५ हजार रुपैयाँ भुक्तानी लिएपछि खरिद प्रक्रियामा संलग्न १३ कर्मचारी र ठेकेदारविरुद्ध मुद्दा दायर गरेको आयोग प्रवक्ता राजेन्द्रकुमार पौडेलले बताए ।

मेसिन खरिदमा १३ करोड ७५ लाखको लागतअनुमान बनाएर १२ करोड ५५ लाख अर्थात् १.७५ प्रतिशत कममा मात्र ठेक्का दिइएको थियो । मिलेमतो रहेको र खुला प्रतिस्पर्धा हुन नसक्दा लागत धेरै परेको अख्तियारको दाबी छ ।

यसमा स्वास्थ्य सेवा विभागकी तत्कालीन महानिर्देशक डा. मिश्रासहित डा. श्रवणकुमार थापा, डा. सुरेन्द्रप्रसाद चौरसिया, डा. विवेककुमार लाल, प्रमुख लेखा नियन्त्रक भुवनकुमार काफ्ले, कानुन अधिकृत सीता घिमिरे, वरिष्ठ जनस्वास्थ्य अधिकारी दीपक अधिकारी, शाखा अधिकृत यादवप्रसाद सापकोटा, लेखा अधिकृत शम्भुप्रसाद ढकाल, लेखापाल तिलकराम ढकाल, बायोमेडिकल इन्जिनियरद्वय आशिष चौहान र पद्मा मिश्र तथा जनस्वास्थ्य निरीक्षक सञ्जयकुमार साहलाई प्रतिवादी बनाइएको छ । आपूर्तिकर्ता कम्पनी म्याक्सिम इन्कर्पोरेटेड र सो कम्पनीका सञ्चालक भुसाललाई पनि मुद्दा चलाइएको छ । सबैलाई समान १४ करोड ६ लाख ८५ हजार रुपैयाँबराबरको बिगो कायम गरिएको छ ।

तिहारका...

पृष्ठ १ बाट क्रमशः

हुँ । त्यसको रेकर्डिङ ०४६ कात्तिकमा मुम्बईमा भयो । यसअघि मैले कुनै फिचर फिल्मका लागि गीत लेखेको थिइनँ, यही मेरो पहिलो फिल्मी गीत हो ।' आफूले तिहारको सांस्कृतिक पक्षलाई गीतमा समेटेको र संगीतकार बाँस्कोटाको संगीतले त्यसमा मिठास थपेको उनी बताउँछन् ।

'तिहारै आयो लौ झिलिमिली...' (०५४)

शम्भु प्रधानको निर्देशनमा बनेको फिल्म 'स्वर्ग'मा समावेश यो गीतले पनि झन्डै तीन दशकयता हरेक वर्ष नेपालीका घरघरमा तिहारको उमंग भर्न भूमिका खेल्दै आएको छ । ०५४ मा रिलिज भएको 'स्वर्ग'का लागि यादव खरेलले यो गीत लेखेका हुन्, संगीत शम्भुजित बाँस्कोटाले नै भरेका हुन् भने स्वर लोचन भट्टराई र नूतन प्रधानले दिएका हुन् ।

'तिहारै आयो, लौ झिलिमिली...' भन्ने पहिलो पंक्तिले नै नेपाली घरआँगनको उत्सवमय दृश्य देखाउँछ । नेपाली समाजको संस्कार, सम्बन्ध र भावना मिसिएको एउटा मिठो यथार्थ छ गीतमा । गीतले तिहारको रौनकता, भावनात्मक रंग तथा पारिवारिक एकताको सौन्दर्य प्रस्तुत गर्छ ।

'ए हजुर, यसपालिको तिहारै रमाइलो...' (०७१)

आकाश अधिकारीको निर्देशनमा बनेको चलचित्र 'कोहिनुर'मा समावेश यो गीत सुन्दर श्रेष्ठको शब्द, शम्भुजित बाँस्कोटाको संगीत तथा प्रमोद खरेल र अञ्जु पन्तको स्वरमा छ ।

संगीतकार बाँस्कोटा 'निधारमा लर्काएर सप्तरंगी टीका', 'तिहारै आयो लौ झिलिमिली' र 'ए हजुर, यसपालिको तिहारै रमाइलो' गीतमा चलचित्रको कथाले मागेअनुसार संगीत सिर्जना गरेको बताउँछन् ।

'मैले यी तीन गीतका लागि चलचित्रको कथावरिपरि बसेर संगीत तयार पारेको हुँ,' उनले सम्झिए, 'मैले दुईवटा गीत मुम्बईमा गएर रेकर्ड गरेको हुँ, 'गीत मिठो बन्न शब्द र संगीत दुवै बलियो हुनुपर्छ । यी गीतको संगीत सिर्जना गर्दा स्क्रिप्ट लेख्नेजत्तिकै मिहिनेत गरेको थिएँ ।'

दियो बाली साँझको...(०४८)

'दियो बाली साँझको, फूल सजाई पूजाको...' । यो गीतमा तिहारको पूजाआजा, दियोको उज्यालो र परिवारबिचको प्रेमपूर्ण बन्धनलाई चित्रण गरिएको छ । तुलसी घिमिरेको निर्देशनमा बनेको फिल्म 'चिनो' (०४८) मा यो गीत समावेश छ । कुसुम गजमेरको शब्द, रञ्जित गजमेरको संगीत र आशा भोस्लेको स्वरमा रेकर्ड गरिएको यो गीतले तिहारलाई उज्यालो र मनको शुद्धताको बयान गर्छ । झन्डै चार दशक पुरानो भए पनि हरेक तिहारमा रेडियोदेखि टेलिभिजनसम्म यो गीत घन्किरहन्छ ।

जोर मादल बजाउँदै घर-आँगनमा...(०४७)

शम्भु राईको यो गीतले तिहारलाई सम्बन्ध, सम्झना, भावना र संस्कृतिको उत्सवका रूपमा अभिव्यक्त गरेको छ । संगीत तथा नाट्य प्रतिष्ठानका उपकुलपति शम्भु राईले तिहारका पुराना गीतलाई सांस्कृतिक परम्पराको शब्द, संगीत र स्वरको सन्तुलनले सदाबहार बनेको बताए । उनका अनुसार देउसी-भैलो केवल मनोरञ्जनका लागि मात्र होइन, संस्कृतिको संरक्षणका लागि पनि हो ।

'मैले पनि तिहारको गीत बनाएको छु । जुन आजभोलि पनि गाउँघरमा निकै गुन्जिन्छ । यो गीतमा फरक शैली भए पनि यसको आत्मा नेपाली संस्कृति नै हो,' उनले गीत रेकर्ड गर्दाको अवस्था स्मरण गरे । ०४७ मा पहिलोपटक रेकर्ड गरी क्यासेट निकालेँ, जुन निकै लोकप्रिय भयो । ०६५ मा भिडियो संस्करण पनि ल्याएको हो ।'

'हाँसेर बोल बहिनी तिहारको वेलैमा...' (०५७)

तिहारको आगमनसँगै नेपाली घरघरमा गुन्जिने अर्को गीत हो, 'हाँसेर बोल बहिनी तिहारको वेलैमा...' । अनिल संग्रौलाको निर्देशनमा बनेको फिल्म 'माइती'मा यो गीत समावेश छ । गीतले दाजु-बहिनीको भावनात्मक पाटोलाई वर्णन गरेको छ । दाजु-बहिनीबिचको मायालु सम्बन्ध, मिलन र विछोडको भावलाई उतारेको छ । नगेन्द्र श्रेष्ठको शब्द रहेको यो फिल्मी गीतमा दिवंगत श्रीकृष्ण श्रेष्ठ, निरुता सिंह र नगेन्द्र श्रेष्ठ स्वयंको अभिनय छ ।

'सिमल बारुलै...'

'सिमल बारुलै...' तिहारको र मझम सुरु हुनेबित्तिकै गाउँदेखि सहरसम्म गुन्जिने चर्चित गीत हो । म्युजिक नेपाल युटुब च्यानलमा ११ वर्षअघि सार्वजनिक भएको गीत पछिल्ला वर्षहरूमा तिहारको पर्यायझैं बनेको छ । यो गीतमा नवीन खड्का, पुस्तका खड्का, एमी खड्का, बलराम समाल, अञ्जना गुरुङलगायतको स्वर छ । शिलाबहादुर मोक्तानले संगीत भरेको यो गीतको संकलन नवामी खड्काले गरेका हुन् । गीतमा देउसी खेल्न आउनेहरूको घर प्रवेशदेखि बिदा हुने क्षणसम्मका सबै भाव समेटिएको छ । गीतको पूर्वेली भाका र बोलले श्रोतालाई घर-आँगन, खेत-पाखा र देउसीका परिवेशमा पुऱ्याउँछ । त्यसैले त कैयौं वर्षदेखि 'सिमल बारुलै' तिहारमा सबैभन्दा बढी बज्ने देउसी गीतको सूचीमा पर्छ ।

'वर्षमा दिनमा लै-लै...' (०६८)

तिहारको अर्को लोकप्रिय गीत हो, 'वर्षमा दिनैमा लै-लै...' । सुगम पोखरेलले स्वर दिएको यो गीत पछिल्ला वर्षहरूमा दसैं र तिहारमा धेरै बज्ने गर्छ । दसैं-तिहार दुवै पर्वलाई समेटेको योग गीत रवि श्रेष्ठले लेखेका हुन् ।

त्यस्तै, तुलसी घिमिरे निर्देशित फिल्म 'अन्याय'मा पनि तिहारसम्बन्धी गीत समावेश गरिएको छ । 'अधरमा आज उनकै छ गीत' गीतमा रत्नशमशेर थापाको शब्द, रञ्जित गजमेरको संगीत र मनिला सोताङको स्वर छ ।

आवश्यकता

(सूचना प्रकाशित मिति : २०८२/०७/०३ गते)

ग्लोबल इनर्जी एण्ड कन्स्ट्रक्सन प्रा.लि.द्वारा बुढिगंगा गाउँपालिका मोरङमा निर्माणाधिन आयोजना (८ मे.वा.) को नेपाल विद्युत प्राधिकरणसँग सम्पन्न विद्युत खरिद-बिक्री सम्झौता बमोजिम आयोजनामा जडित उपकरणहरूको गुणस्तर तथा उत्पादन परीक्षणका लागि स्वतन्त्र इन्जिनियर आवश्यक भएको हुँदा योग्य व्यक्तिले यस कम्पनीको निम्न ठेगानामा यस सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्पर्क गर्नका लागि अनुरोध छ ।

शर्तहरू :

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि हासिल गरेको हुनुपर्ने ।
२. सोलार एख क्षेत्रमा कम्तिमा १० वर्ष वा सो भन्दा बढीको कार्यानुभव भएको हुनुपर्ने ।
३. पारिश्रमिक आपसी सहमतिबाट हुनेछ ।

ग्लोबल इनर्जी एण्ड कन्स्ट्रक्सन प्रा.लि.
कमलपोखरी, काठमाडौं
इमेल : gecpl.np@gmail.com
सम्पर्क नं. : ०१-४५१७८९९

Invitation for Sealed Bids

(Date of Publication: 20th October, 2025)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for Supply and Delivery of Microsoft Operating System for Servers

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:30 AM till 5:30 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 3,000.00 (NPR Three Thousand Only) for each service on or before 15th day of the first date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  - » Account Number: 999-20401010201
  - » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 15th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening.

Minimum Eligibility Criteria:

1. Bidder must be in operation for 5 years or above.
2. Bidder must have yearly turnover of NPR 10 million or above for immediate last FY and should have been profit-making since last five year.
3. Proposed solution must have been implemented and live in three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

बक्यौता तिर्न...

पृष्ठ १ बाट क्रमशः

सर्तमा उद्योगहरूले ०७२ माघदेखि ०७५ वैशाखसम्म डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ घण्टासम्म विद्युत् उपभोग गरेका थिए । तर, ४९ उद्योगले उक्त प्रिमियम महसुलको बक्यौता तिरेका थिएनन् । घिसिङ प्राधिकरणको कार्यकारी निर्देशक छँदा नै केही उद्योग बक्यौता तिर्ने प्रक्रियामा आएकामा ३१ उद्योगले भने अटेर गर्दै आएका हुन् । त्यतिबेलै घिसिङले पटक-पटक ताकेता गरे पनि तत्कालीन प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काको आडमा उद्योगीले बक्यौता बुझाउन अटेरी गरेका थिए ।

प्राधिकरणका अनुसार ३१ उद्योगको बक्यौता ६ अर्ब ४६ लाख ४२ हजार छ । यीमध्ये विभिन्न अदालतबाट अन्तरिम आदेश पाएका ६ उद्योगको बक्यौता ९७ करोड ९७ लाख छ । उनीहरू तत्काल कारबाहीबाट जोगिएका छन् । त्यसैले, अहिले प्राधिकरण पाँच अर्ब ४८ करोड ४५ लाख बक्यौता नतिरेका ३१ उद्योगमा लाइन काट्ने तयारीमा छ ।

'उनीहरूले म्याद थपिदिनुपऱ्यो पनि भनेका छैनन् । खासमा सम्पर्कमै आएका छैनन् । सम्पर्कमा नआउनु भनेको अटेरी गर्नु नै हो, बक्यौता तिर्दिन भन्नु नै हो । उनीहरूले पैसा तिर्ने देखिएन,' सिलवालले भने, 'अब बक्यौता नतिर्ने उद्योगको लाइन शतप्रतिशत नै काट्ने नै हो । काट्ने मिति आज हो कि भोलि भन्ने मात्रै हो । कुनै पनि वेला लाइन काटिन्छ ।'

प्राधिकरणले सोमबार एक चरण तालुक मन्त्रालय अर्थात् ऊर्जा मन्त्रालयसँग अनौपचारिक छलफल गर्दै छ । सम्भवतः त्यो छलफलपछि प्राधिकरणले बक्यौता नतिर्ने उद्योगहरूको लाइन काट्ने स्रोतले बतायो ।

विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २३ मा ग्राहकले महसुल नबुझाए अन्तिम विकल्प लाइन काट्नु नै रहेको स्पष्ट व्यवस्था छ । 'कुनै ग्राहकले प्राधिकरणलाई बुझाउनुपर्ने महसुल जरिवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क, अन्य शुल्क तथा तिर्नुपर्ने अन्य रकम तोकिएको समयभित्र नबुझाएमा वा विद्युत्को अनाधिकार प्रयोग गरेमा प्राधिकरणले त्यस्तो ग्राहकलाई दिइराखेको विद्युत् लाइन काट्न सक्नेछ,' ऐनमा भनिएको छ ।

विद्युत् महसुल संकलन नियमावलीको दफा १० मा पनि विद्युत्को लाइन काट्नेसम्बन्धी व्यवस्था छ । मिटर रिडिङ गरेको ६०औं दिनसम्म विद्युत् महसुल नबुझाएमा विनासूचना जुनसुकै समयमा पनि विद्युत् लाइन काटिनेछ भनेर उल्लेख गरिएको छ । मिटर रिडिङ गरेको ६०औँ दिनसम्म महसुल नतिरे २५ प्रतिशत जरिवानासमेत लाग्छ । उद्योगीलाई ०७६ मै जारी गरेको छुट बिल ६० दिन कटिसकेको छ । ६० दिन कटिसकेको हुनाले कुनै पनि वेला लाइन काट्ने अधिकार प्राधिकरणलाई छ । नियमतः लाइन काटेपछि बक्यौता नतिरी जोड्न मिल्दैन । यद्यपि, यसअघि घिसिङ कार्यकारी निर्देशक छँदा प्राधिकरणले केही उद्योगमा लाइन काटे पनि ओली सरकारले दबाब दिएर बक्यौता नै नउठाई जोडिदिन बाध्य पारेको थियो ।

बक्यौता उठाउने घिसिङको उद्देश्य र बक्यौता छुट दिने ओली सरकारको चाहना थियो । यही बेमेलबिच ओली मन्त्रिपरिषद्ले घिसिङलाई गत ११ चैतमा पदमुक्त गरेको थियो । तर, २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनको जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकारमा उनै घिसिङ ऊर्जामन्त्रीको जिम्मेवारीसहित आएपछि आफ्नो विगतको उद्देश्य फत्ते गर्न सक्रिय छन् ।

३० भदौमा ऊर्जामन्त्री नियुक्त भएपछि घिसिङले तत्काल बक्यौता उठाउन निर्देशन दिने निर्णय गरेका थिए । ५ असोजमा मन्त्रिपरिषद्ले प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा नियुक्त गरेर उक्त ठाउँमा मनोज सिलवाललाई नियुक्त गरेको थियो । त्यसपछि घिसिङले १० असोजमा प्राधिकरणको बोर्ड बैठक राखेर ओली सरकारले बनाएको पुनरावलोकन प्रक्रिया खारेज गरी सिधै बक्यौता उठाउने निर्णय गराएका थिए । लगत्तै, १२ असोजमा २१ कार्यदिनको अल्टिमेटम दिएर बक्यौता तिर्न भनेको थियो । प्राधिकरणले २८ मासिक किस्तामा बक्यौता तिर्न मिल्ने सुविधा उद्योगीहरूलाई दिएको छ ।

यसअघि अटेरी गरेका तीन उद्योगले तिर्न थाले किस्ता

यसअघि बक्यौता तिर्न इन्कार गर्दै आएका तीन उद्योगले प्राधिकरणको पछिल्लो अल्टिमेटमपछि किस्ता बुझाउन थालेका छन् । हुलास स्टिल, अशोक स्टिल र हामा आइरन एन्ड स्टिल इन्डस्ट्रिजले बक्यौता तिर्न सुरु गरेका हुन् । १४ करोड १२ लाख बक्यौता रहेको हुलास स्टिलले पहिलो किस्ताबापत ५० लाख ४३ हजार तिरेको छ । त्यस्तै, १७ करोड ५८ लाख बक्यौता रहेको अशोक स्टिलले पहिलो किस्ताबापत ६३ लाख बुझाएको छ । पाँच करोड ८५ लाख बक्यौता रहेको हामा आइरन एन्ड स्टिल इन्डस्ट्रिजले पनि पहिलो किस्ताबापत २० लाख ९० हजार तिरिसकेको छ ।

त्यस्तै, तत्कालीन ऊर्जामन्त्री दीपक खड्काले बक्यौता घटाउने प्रपञ्चसहित प्रशासनिक पुनरावलोकन प्रक्रिया अघि बढाएपछि किस्ता तिर्न छोडेका उद्योगहरू पनि पुनः प्रक्रियामा आएका छन् । लक्ष्मी स्टिल, सर्वोत्तम सिमेन्ट, सम्राट सिमेन्ट, रोल्पा सिमेन्ट, नव नेपाल प्लास्टिक इन्डिस्ट्रिज र शुभश्री अग्नि सिमेन्टले पुनः किस्ता बुझाउन थालेका हुन् । नारायण रबर उद्योग, विनायक स्पात र जिबी टेक्सटाइल-१ र जिबी टेक्सटाइल-२ ले पनि किस्ता नियमित गर्न सुरु गरेका छन् ।

सरकारी स्वामित्वका उदयपुर सिमेन्ट र हेटौँडा सिमेन्ट यसअघि नै बक्यौता तिर्ने गरी सम्पर्कमा छन् । यी सरकारी उद्योग भएका कारण प्राधिकरणले कारबाही अघि बढाएको छैन । त्यस्तै, नेसनल रबर इन्डस्ट्रिज, एजी हेल्थ इन्डस्ट्रिज र शुभलक्ष्मी पोलिमर्स पनि यसअघि नै बक्यौता तिर्ने प्रक्रियामा छन् ।

कार्यकारी निर्देशक सिलवालका अनुसार पहिला बक्यौता तिरेर छोडेका उद्योग सम्पर्कमा आइसकेका छन् । 'यसअघि बक्यौता तिर्न सुरु गरेर प्रशासनिक पुनरावलोकन प्रक्रिया सुरु भए पनि बिचमा छोडेका उद्योगले अहिले पुनः तिर्न सुरु गरेका छन् । कसले कति तिरे भनेर तथ्यांक अद्यावधिक भएको छैन,' उनले भने, 'अब बक्यौता तिर्न बाँकी ३१ उद्योग छन्, जसले कत्ति पनि किस्ता तिरेका छैनन् ।'

सुशासनका...

पृष्ठ १ बाट क्रमशः

रहँदा कार्यक्षमतामाथि प्रश्न पनि उठ्न थालेका छन् । सुशासनका संकेतबिच राजनीतिक अन्योल कायम रहँदा आगामी दिनमा सम्भावित तनाव र अनिश्चितता टरेको छैन ।

गत ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीदेखि स्थानीय तहका वडाध्यक्षसम्मले स्वकीय, सल्लाहकार र विभिन्न नियुक्ति खारेज गर्ने निर्णय गरेर मितव्ययिताकेन्द्रित काम थालेको थियो । अधिकांश गैरकानुनी यस्ता नियुक्तिमा वार्षिक अर्बौं सकाइँदै आएकामा सरकारले त्यसको कटौती गर्ने निर्णय गरेको हो । सरकारले भिभिआइपी र मन्त्रीबाहेकको स्वकीय र सल्लाहकार सुविधा खारेज गर्ने निर्णय लिएको थियो ।

सरकारको निर्णयसँगै सांसद, स्थानीय तह र अन्य राजनीतिक पदाधिकारीले लिँदै आएको स्वकीयसचिवको सुविधा खारेज भएका छन् । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीयसचिवको सुविधा खारेज गर्ने निर्णय सरकारले गरेको छ ।

भिभिआइपीबाहेकले सल्लाहकार नियुक्ति गर्न नपाउने निर्णय भएको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति नगर्ने सरकारको निर्णयमा उल्लेख छ ।

कार्यकारी यी निर्णयले स्वकीयसचिव र सल्लाहकारका नाममा संघदेखि स्थानीय तहसम्म झाँगिएको बेथिति रोक्न मद्दत गर्ने अपेक्षा गरिएको छ । निर्णय कडाइका साथ कार्यान्वयनमा गए ठुलो रकम बचत हुनेछ । विभिन्न मुलुकमा खटिने सरकारका प्रतिनिधिलाई राजदूतको नियमअनुसार माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज, सार्वजनिक संस्थानमा रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने तथा महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्री खरिद नगर्नेलगायतका खर्च कटौतीका अन्य निर्णय पनि सरकारले गरेको छ ।

हालै सरकारले राजनीतिक कार्यकर्ता व्यवस्थापनको थलो बनेको भूमि समस्या समाधान आयोग खारेजी गरेको छ । देशभरका ७७ वटै जिल्लामा संरचना रहेका आयोगको नियुक्ति सरकारको एकै निर्णयबाट खारेज भए । आयोगअन्तर्गत भर्ना गरिएका ३१६ जना राजनीतिक व्यक्तिको नियुक्ति खारेज भएको छ । यसले खर्च कटौटीमा सहयोग पुग्ने र राजनीतिक व्यक्तिलाई जग्गा बाँड्ने प्रपञ्च रोकिने सरकारको भनाइ छ ।

यस्तै, सरकारले तीनै तहमा स्वीकृत दरबन्दीबाहेकका अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने निर्णय पनि सरकारले गरिसकेको छ । शक्ति, पहुँच र दलीय आधारमा भर्ना गरिएका करारका नियुक्ति खारेज भएका छन् ।

अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्तिबाहेक थप दरबन्दी सिर्जना नगर्ने, सवारी सुविधासम्बन्धी सम्बन्धित कानुनमा संख्या किटान भएका बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एकभन्दा बढी सवारीसाधन उपलब्ध नगराउने, सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने र आयोजनाको बेथिति रोक्नेलगायतका निर्णय भएका छन् । यस्ता निर्णयले फजुल खर्च कटौती भएर बचत हुने विश्वास सरकारको छ ।

सरकारले गरेको निर्णयबमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) गरेर अनावश्यक देखिएका दरबन्दी खारेज गर्ने काम पनि मन्त्रालयबाट अघि बढेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत रहेका सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई साबिककै अर्थ मन्त्रालय र राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयअन्तर्गत ल्याइएका छन् । केपी ओली प्रधानमन्त्री हुँदा ती निकाय लगेका थिए ।

अनुत्पादक खर्च कटौती तथा मितव्ययिता कायम गर्न सेवानिवृत्त भइसकेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई स्वीकृत मापदण्डअनुसार सेवा-सुविधा प्रदान गर्ने निर्णय छ । कानुनबाहिर उपलब्ध गराइएका भए त्यस्ता सवारीसाधन, जिन्सी, सामान, सहयोगी, सुरक्षाकर्मी फिर्ता गर्ने र अन्य सेवा स्थगन गर्ने प्रक्रिया अगाडि बढेको छ । जसका आधारमा पूर्वविशिष्ट पदाधिकारीका लागि दिइएकामध्ये तीन सयभन्दा बढी संख्यामा सुरक्षाकर्मी फिर्ता भएका छन् । पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्ष, संसद्का विषयगत समिति, दलका प्रमुख सचेतकलगायतलाई दिइएका सवारीसाधन पनि फिर्ता हुन थालेका छन् ।

यसैबिच, सरकारले शीर्ष नेताउपर सम्पत्ति शुद्धीकरणको अनुसन्धान पनि अघि बढाएको छ । दसैँ बिदा हुनु अघिल्लो दिन र लगत्तै अनुसन्धानका लागि आवश्यक कागजात तथा विवरणका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विभिन्न निकायमा पत्राचार गरेको छ । यसको प्रारम्भिक अनुसन्धान थालेर सूक्ष्म निगरानीसमेत गरेको छ ।

विभागले पटक-पटक प्रधानमन्त्री बनेका प्रमुख तीन दलका शीर्ष नेतात्रय शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'का सम्पत्ति खोजिरहेको छ । देउवापत्नी तथा निवर्तमान मन्त्री आरजु राणा देउवा र पुत्र जयवीर देउवा तथा कांग्रेस नेता दीपक खड्का पनि विभागको अनुसन्धानको घेरामा छन् । उनीहरूको सम्पत्ति तथा वित्तीय कारोबारसम्बन्धी विवरण माग गर्दै सम्बन्धित निकायहरूलाई विभागले पत्राचार गरिसकेको छ ।

बैंक तथा वित्तीय संस्थामा रहेका मौज्दातबारे गत १२ गते विभागले राष्ट्र बैंकलाई पत्राचार गरेको छ । विभागले विवरण माग्दै कम्पनी रजिस्ट्रारको कार्यालय, सिडिएस एन्ड क्लियरिङ लिमिटेड र भूमि सुधार तथा मालपोत विभागलाई २१ गते पत्राचार गरिसकेको छ । ती निकायहरूबाट खाताको कारोबार, कम्पनी स्वामित्व, सेयर कारोबार र जग्गाजमिनसम्बन्धी विवरण मागिएको छ । यसको विवरण आउने क्रममा रहेको विभागका अधिकारीहरूले बताएका छन् ।

यसैगरी, आइतबार सरकारले अघिल्लो सरकारद्वारा लुकाइएको त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन समितिको प्रतिवेदन पनि सार्वजनिक गरेको छ । शिक्षामन्त्री महावीर पुनले सार्वजनिक गरेका प्रतिवेदनअनुसार त्रिवि कीर्तिपुर परिसरमा मात्र पाँच हजार ५० रोपनी जग्गामा विभिन्न संघसंस्थाले रजाइँ गरेका छन् ।

छानबिन समितिले साढे पाँच महिना लगाएर तयार गरेको प्रतिवेदन २ पुस ०८१ मा निवर्तमान प्रधानमन्त्री ओलीलाई बुझाए पनि उक्त सरकारले प्रतिवेदन लुकाएको थियो । शिक्षामन्त्री पुनले प्रतिवेदन कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएका छन् ।

विश्वविद्यालयको जग्गामा रजाइँ गर्नेउपर भ्रष्टाचार कारबाही गर्न सकिने अवस्थामा पूर्ववर्ती सरकारले लुकाएको प्रतिवेदन नै लुकाएपछि त्यसको आलोचनासमेत भएको थियो । वर्तमान सरकारले त्यसको सार्वजनिक गरेर कारबाही गर्ने प्रतिबद्धतालाई सरोकारवालाले स्वागत गरेका छन् ।

यस्तै, सरकारले शुक्रबार विभिन्न देशका अवैतनिक महावाणिज्यदूतले पाएको कूटनीतिक नम्बर प्लेटको सुविधा खारेज गरेको छ । विदेशी मुलुकले नेपालका लागि नियुक्त गरेका अवैतनिक महावाणिज्यदूतले पाउँदै आएको सुविधा खारेज गरिएको हो । परराष्ट्र मन्त्रालयद्वारा प्रकाशित डिप्लोम्याटिक नोटअनुसार नेपालमा विदेशी मुलुकबाट नियुक्त भएका ६३ जना अवैतनिक महावाणिज्यदूत कार्यरत छन् । उनीहरूमध्ये ५० जनाले कूटनीतिक नम्बर प्लेट प्रयोग गरिरहेका छन् ।

मन्त्रिपरिषद् अझै अपूर्ण, भ्रष्टाचार छानबिनका लागि आयोग गठनमा अन्योल

२१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन गर्ने गरी ६ महिने कार्यकालका लागि गठित सरकारले एक महिना पुग्दा पनि पूर्णता पाएको छैन । सरकारले एक दर्जनको हाराहारीमा छरितो किसिमको मन्त्रिपरिषद् बनाउने भनेको छ । तर, दुईपटक मन्त्रिपरिषद् विस्तार भए पनि अधिकांश मन्त्रालय मन्त्रीविहीन छन् । हाल प्रधानमन्त्रीसहित आठ सदस्यीय मन्त्रिपरिषद् छ । मन्त्रीहरूलाई दोहोरो-तेहरो जिम्मेवारी छ ।

स्वीकार्य पात्रको खोजी र जेन-जी समूहभित्रकै विवादले मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । यसले मन्त्रालयको कार्यसम्पादनले अपेक्षाकृत गति लिन सकेका छैनन् । परराष्ट्रमन्त्री नहुँदा अहिलेको जटिल भूराजनीतिक अवस्थामा गर्नुपर्ने भेटघाट र कूटनीतिक पहलको अभाव खट्किन थालेको छ । सार्वजनिक सेवाप्रवाहमा पनि अपेक्षाकृत सुधार भइसकेको छैन ।

यस्तै, जेन-जी आन्दोलनको प्रमुख माग भ्रष्टाचार नियन्त्रण, सम्पत्ति छानबिन र भ्रष्टाचारमा संलग्न तथा आरोपितउपर छानबिन गर्नुपर्ने थियो । यसका लागि भ्रष्टाचार छानबिन गर्न अलग्गै आयोग बनाउने विषय उठेको छ । सरकारमाथि आयोग बनाउन दबाब छ । तर, यसबारे हालसम्म सरकारले निर्णय गर्न सकेको छैन । प्रधानमन्त्री र मन्त्रीहरूले आयोग गठन गर्ने भनिरहे पनि सरकारले निर्णय गर्न भने सकिरहेको छैन ।

२१ फागुनको निर्वाचनका लागि सरकारले तीव्रगतिमा राजनीतिक, कानुनी र अन्य तयारी गरेको देखिएको छैन । सरकार र दलहरूबिच नियमित संवाद छैन । निर्वाचन आयोगले निर्वाचनको प्रारम्भिक कार्यतालिका सार्वजनिक गरे पनि दलहरूसँग औपचारिक संवाद गरिसकेको छैन । आयोगले ३० असोजमा दलहरूसँग बैठक गर्दै छ । प्रमुख दलहरूले नै स्वच्छ, स्वतन्त्र र भयरहित निर्वाचनको वातावरण बन्न नसकेको बताइरहेका छन्, जसले सरकारमाथि दिनहुँ दबाब बढ्दै छ । सरकारले निर्वाचन हुन्छ भनेर अझै ढुक्क बनाउन सकेको छैन ।

जेन-जी आन्दोलनका क्रममा भएका घटनाको जाँचबुझका लागि सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको छ । आयोगले अहिले प्राप्त कार्य जिम्मेवारीबमोजिम काम अघि बढाएको छ । तर, यसबिचमा आन्दोलनका घटनालाई छानबिन र आवश्यक सम्बोधनबारे आयोग र सरकारबिचमा अझै केही अन्योल छन् । एमालले आयोगको निष्पक्षतामाथि नै प्रश्न उठाएको छ ।

७६ व्यक्ति मारिएको जेन-जी आन्दोलनको पहिलो दिन २३ भदौमै बानेश्वर क्षेत्रमा मात्रै १७ सहित १९ युवाको हत्या भएको थियो । छाती र टाउको ताकेर ती निहत्था नौजवानको हत्या हुँदा ओली प्रधानमन्त्री र रमेश लेखक गृहमन्त्री थिए । उनीहरूलाई पक्राउ गरी कारबाही गर्नुपर्ने जेन-जीको माग छ । आन्दोलनका क्रममा आगजनी, तोडफोड र हिंसा गर्नेलाई पक्राउ नगर्ने आशयको गृह मन्त्रालयको पत्रले विवाद सिर्जना गरेको छ ।

श्रमशोषणमा...

पृष्ठ १ बाट क्रमशः

सचिवसहितको टोलीलाई बोलाएर तत्काल सम्बोधन गर्न निर्देशन दिएकी थिइन् । उनकै निर्देशनअनुसार आइतबार समिति बनेको हो ।

स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाका अनुसार समितिले एक हप्ताभित्र प्रारम्भिक प्रतिवेदन दिनुपर्नेछ । तत्काल र दीर्घकालीन रूपमा समस्या समाधानका लागि गर्नुपर्ने कामका विषयमा सुझावसहितको प्रतिवेदन दिनुपर्ने कार्यादेश समितिलाई छ ।

समितिमा स्वास्थ्य मन्त्रालयको गुनासो सुनुवाइ एकाइ प्रमुख डा. अनुप बाँस्तोला सदस्य छन् । चिकित्सा शिक्षा आयोगका निर्देशक, स्वास्थ्य सेवा विभाग नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख पनि सदस्य छन् । त्यस्तै गृह, अर्थ, श्रम, शिक्षा मन्त्रालयका प्रतिनिधि पनि सदस्य छन् । नेपाल नर्सिङ परिषद्, नेपाल नर्सिङ, नेपाल मेडिकल तथा डेन्टल कलेज एसोसिएसन्स र आन्दोलनरत नर्सका प्रतिनिधिलाई पनि समितिमा राखिएको मन्त्रालयले जनाएको छ । स्वास्थ्य मन्त्रालयकै चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा प्रमुखलाई सदस्यसचिव तोकिएको छ ।

निर्वाचनलक्षित सुरक्षा प्रबन्धको तयारीमा जुट्यो सरकार

आन्दोलनमा लुटिएका हतियार र फरार कैदीबन्दीलाई जतिसक्दो चाँडो नियन्त्रणमा लिइने, चारवटै सुरक्षा निकायले कार्ययोजना बनाई संयुक्त रूपमा सेक्युरिटी अपरेसन सञ्चालन गर्ने निर्णय

■ लुटिएको हतियार अरूलाई प्रयोग गर्न दिँदैनौं

ओमप्रकाश अर्याल, गृहमन्त्री



हालसम्म लुटिएका हतियार कुनै संगठित गिरोहको हातमा पुगेको छैन । पुग्दैन भन्ने विश्वास छ । ती हतियार असंगठित तवरले राखिएको सूचना छ । त्यसलाई हामी रिकभर गर्छौं । त्यस्ता हतियार र जेलबाट भगेका कैदीबन्दीलाई राजनीतिक दलले प्रयोग नगर्ने स्वघोषणा भने हुन जरुरी छ । त्यस्ता हतियार अरुलाई प्रयोग गर्न दिँदैनौं ।



टेकराज थामी/नयाँ पत्रिका

सरकार आगामी २१ फागुनमा तय प्रतिनिधिसभा निर्वाचनलक्षित सुरक्षा प्रबन्धमा जुटेको छ । त्यसका लागि आइतबार गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनलक्षित सुरक्षा प्रबन्ध निर्माणका लागि केन्द्रीय सुरक्षा समितिको बैठक राखेर विशेष निर्णय लिएका छन् । यसअघि राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार प्रधानमन्त्री सुशीला कार्कीसहित चारवटै सुरक्षा निकायका प्रमुखसँग निर्वाचनबारे 'ब्रिफिङ' लिएका थिए ।

आइतबारको बैठकमा निर्वाचनका वेला हुन सक्ने सुरक्षा थ्रेट, त्यसलाई निस्तेज गर्न अपनाउनुपर्ने सुरक्षा रणनीति, प्रहरीको मनोबल बढाउने उपाय, अपराध तथा दण्डहीनता नियन्त्रणमा सुरक्षा निकायले अपनाउनुपर्ने रणनीतिलगायत विषयमा छलफल भएको थियो ।

शान्ति सुरक्षामा मुख्य सुरक्षा थ्रेट रहेको निष्कर्षपछि गृह मन्त्रालयले निर्वाचनअघि नै लुटिएका हतियार फिर्ता ल्याउने रणनीति बनाएको छ । गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनअघि नै लुटिएका हतियार फिर्ता ल्याइने बताएका छन् । साथै, उनले त्यस्ता हतियार राजनीतिक दलबाट दुरुपयोग हुनेमा समेत संशय प्रकट गरेका छन् । 'हालसम्म लुटिएका हतियार कुनै संगठित गिरोहको हातमा पुगेको छैन । पुग्दैन भन्ने विश्वास छ । ती हतियार असंगठित तवरले राखिएको सूचना छ । त्यसलाई हामी रिकभर गर्छौं । त्यस्ता हतियार र जेलबाट भगेका कैदीबन्दीलाई राजनीतिक दलले प्रयोग नगर्ने स्वघोषणा भने हुन जरुरी छ । त्यस्ता हतियार अरूलाई प्रयोग गर्न दिँदैनौं,' बैठकपछि पत्रकारसँग गृहमन्त्री अर्यालले भने ।

गृह मन्त्रालयका सूचना अधिकारी रवीन्द्र आचार्यले सुरक्षा समिति बैठकमा निर्वाचनलक्षित सुरक्षाका सम्बन्धमा छलफल भएको जानकारी दिए ।

'आइतबार गृहमन्त्रीको अध्यक्षतामा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा निर्वाचनलक्षित सुरक्षा थ्रेट र त्यसलाई निराकरण गर्न सुरक्षा निकायले अपनाउनुपर्ने सुरक्षा रणनीतिबारे छलफल भएको छ । ७७ वटै जिल्लाका सिडिओलाई निर्देशन भएको सोही छलफलका निष्कर्ष हुन्,' उनले भने ।

बैठकमा नेपाली सेनाका रथी निर्मलकुमार थापा, गृहसचिव रामेश्वर दंगाल, रक्षासचिव सुमनराज अर्याल, नेपाल प्रहरीका आईजिपी चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरीका आईजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की सहभागी थिए । बैठकमा जेन-जी आन्दोलनका क्रममा लुटिएका प्रहरीको हतियार र जेलबाट भागेका कैदीबन्दीलाई निर्वाचन बिथोल्ने मुख्य सुरक्षा थ्रेटका रूपमा हेरिएको छ । सुरक्षा निकायका अधिकारीले लुटिएका हतियार र भागेका कैदीबन्दीलाई जतिसक्दो चाँडो नियन्त्रणमा लिनुपर्ने मत राखेका थिए । छलफलपछि लुटिएका हतियार फिर्ता गर्न सबै सुरक्षा निकायले कार्ययोजना बनाई संयुक्त रूपमा सेक्युरिटी अपरेसन सञ्चालन गर्नुपर्ने निर्णय भएको थियो । जसलाई गृहले आइतबार नै मुलुकका ७७ वटै प्रमुख जिल्ला अधिकारीहरूका निम्ति जारी गरिएको निर्देशनमा पनि उल्लेख गरिएको छ ।

'जेन-जी प्रदर्शनका क्रममा मुलुकका विभिन्न भागमा सुरक्षा निकायबाट हराएका वा लुटिएका हातहतियार र खरखजाना फिर्ता ल्याउन सबै सुरक्षा निकायले कार्ययोजना बनाई संयुक्त रूपमा प्रभावकारी सक्युरिटी अपरेसन सञ्चालन गर्ने । अवैध हातहतियारको नियन्त्रण गर्न आवश्यक कार्य गर्ने,' गृहको निर्देशनमा भनिएको छ ।

बैठकपछि गृहले भागेका कैदीबन्दीलाई जतिसक्दो जाँडो नियन्त्रण गर्न पनि जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिएको छ । 'जेन-जी युवाहरूको अगुवाइमा भएको आन्दोलनक्रममा फरार कैदीबन्दी फिर्ता ल्याउने सम्बन्धमा गृह मन्त्रालयको निर्णयअनुसार गठित फरार बन्दी खोजी तथा पत्राउ कार्यदललाई प्रभावकारी बनाई कार्यसम्पादन गर्ने । कारागार कार्यालयहरूको मासिक रूपमा नियमित अनुगमन गरी कारागारको सुरक्षा प्रबन्ध, आन्तरिक नियन्त्रण एवं कैदीबन्दीहरूको मानवोचित व्यवस्था र न्यूनतम मानव अधिकारको सुनिश्चितता गर्ने, गराउने,' निर्देशनमा भनिएको छ ।

बैठकमा आन्दोलनका क्रममा निजामती कर्मचारी र सुरक्षाकर्मीको गिरेको मनोबल उठाउने विषयमा पनि छलफल भएको थियो । सुरक्षाकर्मीको हत्यामा संलग्न हुने र बर्दी उतारेर सुरक्षाकर्मीलाई नागै सडकमा उतार्नेविरुद्ध देखिने गरी कडाइका साथ कारबाही नगरेसम्म सुरक्षाकर्मी र निजामती कर्मचारीको मनोबल नउठ्ने मत चारवटै सुरक्षा निकायका अधिकारीहरूले राखेका थिए । छलफलपछि बैठक जिल्लास्थित सबै सुरक्षाकर्मी तथा निजामती कर्मचारीको मनोबल बढाउने गरी छलफल, अनुगमन एवं उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्ने निष्कर्षमा पुगेको थियो ।

सुरक्षा समितिको बैठकको निष्कर्षपछि गृहले मातहतका प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिँदै भनेको छ, 'कानुन कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्दै दण्डहीनताको अन्त्य गरी नागरिकमा स्थानीय प्रशासन एवं सुरक्षा निकायप्रतिको विश्वास जागृत र अभिवृद्धि गराई सुरक्षा प्रत्याभूति गर्ने । कानुनविपरीतका कार्यमा संलग्न जो-कोहीलाई पनि तत्काल नियन्त्रणमा लिई प्रचलित कानुनबमोजिम कारबाही गर्ने ।'

निर्वाचनबारे छलफल गर्न प्रधानमन्त्री कार्कीले सात दललाई बोलाइन् बालुवाटार



प्रधानमन्त्री सुशीला कार्कीले २१ फागुनमा तोकिएको निर्वाचनको वातावरण बनाउन विघटित प्रतिनिधिसभाका राष्ट्रिय मान्यता प्राप्त सात दलसँग छलफल गर्ने भएकी छन् । कार्कीले मंगलबार अपराह्न ४ बजे प्रधानमन्त्री निवास बालुवाटारमा कांग्रेस, एमाले, माओवादी, रास्वपा, राप्रपा, जसपा नेपाल र जनमत पार्टीलाई आमन्त्रण गरेको प्रधानमन्त्री कार्कीका प्रेस संयोजक राम रावलले जानकारी दिए । निर्वाचनबारे दलहरूसँग छलफल नगरेको भन्दै नेताहरूले सरकारको आलोचना गरिरहेका वेला प्रधानमन्त्री कार्कीले दलका नेताहरूसँग छलफल गर्न लागेकी हुन् । गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनको जगमा गठन भएको कार्की नेतृत्वको सरकारले ६ महिनाभित्र चुनाव गर्नेगरी म्यान्डेट पाएको छ ।

तोकिएकै समयमा निर्वाचन गर्न सकिने मत

बैठकमा आन्दोलनका क्रममा जलेका प्रहरी कार्यालय, यातायातका साधन, लुटिएका सञ्चार सेट र त्यसले निर्वाचन सुरक्षामा पर्ने प्रभावका सम्बन्धमा पनि छलफल भएको थियो । आन्दोलनपछि सुरक्षाकर्मीको मनोबल र कार्यालयको भौतिक स्थिति बलियो नभए पनि तोकिएकै समयमा निर्वाचन गर्न सकिने मत चारवटै सुरक्षा निकायका अधिकारीहरूले बैठकमा राखेका थिए । 'सुरक्षा निकायका अधिकारीहरूले स्थिति सहज नभए पनि निर्वाचन तोकिएकै समयमा गर्न सकिने मत राख्नुभयो । उहाँहरूले ०६४, ०७० र ०७४ मा भएका सुरक्षा थ्रेट र त्यसका बाबजुद पनि सफल भएका निर्वाचनका फेहरिस्त राख्नुभयो । त्यसवेलाको भन्दै सुरक्षा थ्रेट अहिले नभएकाले निर्वाचन गर्न सकिने निष्कर्ष उहाँहरूको थियो,' गृह स्रोतले भन्यो ।

महाधिवेशनलाई लिएर कांग्रेसमा फेरि विवाद

कार्यसमितिको म्याद थप्ने षड्यन्त्र भएको आरोप



कांग्रेसमा विशेष महाधिवेशन पक्षधरले आइतबार गरेको पत्रकार सम्मेलन ।

नयाँ पत्रिका

कांग्रेसमा महाधिवेशनको विषयलाई लिएर फेरि विवाद बढेको छ । केन्द्रीय कार्यसमिति बैठक छठसम्मका लागि स्थगित भएपछि विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेका महाधिवेशन प्रतिनिधिले कार्यसमितिको म्याद थप्ने षड्यन्त्र भएको आरोप लगाएका छन् । गत २८ असोजमा सुरु भएको बैठक १३ कात्तिकसम्मका लागि स्थगित भएको छ । शनिबार केहीबेर मात्रै बसेर बैठक स्थगित भएको थियो । पूर्वकेन्द्रीय सदस्य ८४ वर्षीय ऋषिकेश गौतमको निधनप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेर शनिबारको बैठक स्थगित भएको थियो ।

बहुमत प्रतिनिधिले हस्ताक्षर गरेर बुझाएपछि तीन महिनाभित्र महाधिवेशन हुनुपर्नेमा म्याद थप्ने प्रपञ्चमा कार्यसमिति बैठक लामो समयसम्म स्थगित गरिएको दाबी प्रतिनिधिहरूको छ । १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको चारवर्षे म्याद आगामी मंसिरमा सकिँदै छ । विधानमा एक वर्ष म्याद थप्न पाउने व्यवस्था छ ।

संस्थापन पक्ष सोही व्यवस्थामा टेकेर म्याद थप्ने पक्षमा छ । तर, इतर पक्ष भने मंसिरमै महाधिवेशन हुनुपर्ने अडानमा छ । गत बिहीबारको कार्यसम्पादन समिति बैठकमा महामन्त्री गगन थापाले २७-२९ मंसिरमा १५औं महाधिवेशन गर्न प्रस्ताव गरेका थिए । नियमित महाधिवेशन गर्दा वडा, क्षेत्रीय प्रतिनिधि, प्रतिनिधिसभा क्षेत्र र महाधिवेशन प्रतिनिधिको चयन गरी सिधै केन्द्रीय महाधिवेशन गर्ने प्रस्ताव थापाको थियो । उनले सबै तहगत अधिवेशन सकेर केन्द्रीय महाधिवेशन गर्ने वैकल्पिक प्रस्ताव पनि गरेका थिए । तर, संस्थापन पक्ष उक्त प्रस्तावमा सहमत नभएपछि केन्द्रीय कार्यसमिति बैठकमा प्रस्ताव प्रस्तुत हुन सकेन । संस्थापन पक्ष विधि, प्रक्रिया सबै पूरा गरेर महाधिवेशन गर्नुपर्ने अडानमा छ । स्रोतका अनुसार संस्थापन पक्षले आगामी वैशाखमा महाधिवेशन गर्न चाहेको छ ।

आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर हस्ताक्षर अभियानको अगुवाइ गरेका युवा नेता गुरुराज घिमिरेले पार्टी विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशनको माग गर्दै केन्द्रीय कार्यालयमा निवेदन दर्ता गरेपछि तीन महिनाभित्र महाधिवेशन हुनुपर्ने बताए । उनले महाधिवेशन प्रतिनिधिहरूले केन्द्रीय कार्यसमितिको बैठकलाई सूक्ष्म रूपमा नियालिरहेको पनि बताए । उनले कांग्रेसले **कांग्रेस युवा नेता गुरुराज घिमिरे भन्छन्–**

पार्टी केन्द्रीय कार्यसमितिले अस्वाभाविक रूपमा बैठक लम्ब्याएको छ । यसरी किन बैठक सारिरहेका छौं, आज जनमानसले प्रश्न गरिरहेको छ । हामीले आफूलाई विश्वको प्रजातान्त्रिक आन्दोलनको नमुना मान्छौं, अरू राजनीतिक दल र कम्युनिस्ट पार्टीहरूले मंसिरमा महाधिवेशन गर्ने निर्णय गरिसके । हामीलाई केले रोक्यो ?

■ राजसंस्थाको पक्षमा उभिए गोपालमान



कांग्रेसका पूर्वकार्यवाहक सभापति गोपालमान श्रेष्ठले कांग्रेसको अगुवाइमा राजसंस्थासहित सर्वपक्षीय भेलाबाट विद्यमान समस्याको समाधान खोज्नुपर्ने प्रस्ताव अघि सारेका छन् । आइतबार ललितपुरमा पत्रकार सम्मेलन गरेर उनले राजसंस्थालगायत परम्परागत शक्ति, राजनीतिक दल, जेन-जी आन्दोलनका फरक मत राख्ने सबै शक्तिहरूलाई समेटेर सर्वपक्षीय संवादको आवश्यकता औंल्याएका हुन् । 'निषेधको राजनीति त्यागेर सहकार्य, सहअस्तित्व र संवादबाट अघि बढ्नुपर्छ । राजसंस्थालगायत परम्परागत शक्ति, राजनीतिक दलहरू, जेन-जी आन्दोलन र फरक मत राख्ने सबै शक्तिहरूलाई समेटेर सर्वपक्षीय संवाद आवश्यक छ,' उनले भने ।

प्रजातान्त्रिक आन्दोलनको नमुना मान्ने गरे पनि कम्युनिस्टहरूले मंसिरमा महाधिवेशनको निर्णय गर्दासमेत कांग्रेसले निर्णय गर्न नसकेको उनले बताए ।

महाधिवेशन आयोजनामा विलम्ब गर्ने, अलमलिने र पार्टीको नेतृत्व र नीति चयन गर्न ढिलाइ गर्ने सुविधा नभएको उनीहरूको दाबी छ । 'गत २८ असोजबाट प्रारम्भ भएको केन्द्रीय समितिको बैठक अस्वाभाविक रूपमा लम्ब्याउने र टुंगिनेसमेत अनिश्चित देखिनुले कार्यसमितिको मनसाय मंसिरभित्र नियमित महाधिवेशन नगर्ने र आफ्नो म्याद थप्नेतर्फ उद्यत देखिन्छ । वर्तमान केन्द्रीय समितिको यस्तो चाल र प्रवृत्ति आपत्तिजनक छ,' विशेष महाधिवेशन माग गर्दै हस्ताक्षर अभियान चलाउने पक्षको विज्ञप्तिमा छ ।

महाधिवेशन प्रतिनिधिहरूको अधिकारलाई अवमूल्यन गर्ने र छल्ने छुट कसैलाई पनि नभएको उनीहरूको भनाइ छ ।

संक्षेप

सबै कम्युनिस्ट पार्टीसँग एकताका लागि छलफल अघि बढाउने नेकपाको निर्णय



काठमाडौं/ नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले समाजवादी मोर्चामा आबद्ध पार्टीका साथै माओवादी घटक र सबै कम्युनिस्ट पार्टीसँग छलफल अघि बढाउने निर्णय गरेको छ । तेस्रो विशेष बैठकका निर्णय सार्वजनिक गर्न प्रज्ञा भवन कमलादीमा आइतबार आयोजित पत्रकार सम्मेलनमा नेकपाले एकताका लागि आफ्नो ठाउँबाट जुनसुकै योगदान गर्न तयार रहेको बताएको छ । २६ देखि ३० असोजमा कपिलवस्तुमा नेकपाको आकस्मिक केन्द्रीय समिति बैठक बसेको थियो । 'जेन-जी विद्रोहपछि कम्युनिस्टबिचको एकता र नयाँ कम्युनिस्ट केन्द्र निर्माणको आवश्यकता झनै जरुरी बनेको छ । यसका लागि केवल संगठनात्मक रूपले एक ठाउँमा जम्मा हुनेतिरबाट नसोचेर देशमा पैदा भएको साम्राज्यवाद, दलाल पुँजीवाद र नेपाली जनताको बिचको प्रधान अन्तर्विरोधलाई समाधान दिने, नेपाललाई नेपाली विशेषताको समाजवादतिर बढाउने गरी राजनीतिक विचार, कार्यदिशा, कार्यक्रम र संगठनात्मक मान्यता, आर्थिक जीवनपद्धति, संस्कृतिसहित नयाँ आन्दोलन र मूल्य निर्माण गर्ने स्तरबाट ग्रहण र प्रयोग गर्नुपर्छ,' नेकपाले भनेको छ, 'यसका लागि नेकपाले समाजवादी मोर्चामा आबद्ध पार्टी, माओवादी घटक, सबै कम्युनिस्ट पार्टीसँग छलफल बढाउने र आफ्नो ठाउँमा जुनसुकै योगदान गर्न तयार रहने निर्णय लिएको छ ।' पत्रकार सम्मेलनमा महासचिव नेत्रविक्रम चन्द विप्लवले वामपन्थी एकताका लागि देशको नेतृत्व लिएका नेताहरूले अभिभावकीय भूमिका निर्वाह गर्दा राम्रो हुने बताए ।

मलामी बोकेको ट्र्याक्टर दुर्घटनामा तीनजनाको मृत्यु, १२ घाइते

धनगढी/ कैलालीको लम्कीमा मलामी बोकेको ट्र्याक्टर दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ । १२ जना घाइते भएका छन् । बर्दगोरिया गाउँपालिका- ४ बाट चिसापानीतर्फ गइरहेको सु.प्र०१००२त ४९९१ नम्बरको ट्र्याक्टर आइतबार लम्कीचुहा नगरपालिका- १, धोबेनी खोलामा पल्टिएको प्रहरीले जनाएको छ । दुर्घटनामा परेर बर्दगोरिया- ४ का १६ वर्षीय शीतल साउद, ३७ वर्षीय हर्क साउद र ६४ वर्षीय दानबहादुर साउदको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले घाइते १२ मध्ये चारजनाको अवस्था गम्भीर रहेको बताए । घाइतेहरूको स्थानीय लालरत्न मेडिकलमा उपचार भइरहेको छ । दुर्घटनामा परेर घाइते भएका बर्दगोरिया- ४ का १४ वर्षीय रविन साउद, १५ वर्षीय एति साउद, ४५ वर्षीय सिंगे साउद र सोही ठाउँका ५० वर्षीय भीमबहादुर रोकायाको अवस्था गम्भीर रहेको प्रहरी नायब उपरीक्षक सिंहले बताए । त्यस्तै, लम्कीचुहा- ४ का ४५ वर्षीय रुद्रलाल न्यौपाने, बर्दगोरिया- ४ का नौले साउद, १८ वर्षीय आयुष साउद, १६ वर्षीय आशिष साउद, रोहित साउद, १२ वर्षीय आरुश साउद र १८ वर्षीय रूपक बोहरा घाइते भएका छन् ।

कांग्रेस धनुषा सभापतिसहित सातजनाविरुद्ध पत्राउ पुर्जी

जनकपुरधाम/ कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियार र उनका छोरासहित सातजनाविरुद्ध 'ज्यान मार्ने उद्योग' मुद्दामा अदालतबाट पत्राउ पुर्जी जारी भएको छ । जिल्ला अदालतले १ असोजमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरलाई पत्राचार गर्दै पत्राउ पुर्जी तत्काल तामेल गर्न निर्देशन दिएको छ । जिल्लाको प्रमुख राजनीतिक नेतृत्वमध्येका एक पञ्जियारको नाममा पत्राउ पुर्जी जारी भएपछि धनुषा कांग्रेसमा हलचल मच्चिएको छ । अदालतको पत्रमा उल्लेख भएअनुसार क्षिरेश्वरनाथ नगरपालिका- ५ का राजदेव चौधरीको छोरा सुशीलकुमार चौधरीले दिएको जाहेरीका आधारमा उनीविरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दर्ता भएको थियो । अदालतले मुद्दामा क्षिरेश्वरनाथ नगरपालिका- १ र ५ मा बस्ने सातजनालाई पक्राउ गर्न आदेश दिएको छ । अदालतले जिल्ला सभापति पञ्जियार, वडा नम्बर १ बस्ने उमेश यादव र वडा नम्बर ५ का अमर पञ्जियार, जीवछ मण्डल, नवल मण्डल, नीरज मण्डल, कमल मण्डल धानुकलाई पक्राउ गर्न आदेश दिएको छ ।

विपिन जोशीको शव आज नेपाल ल्याइँदै

नयाँ पत्रिका

दुई वर्षअघि गाजापट्टीस्थित हमासको कब्जामा मृत्यु भएका नेपाली नागरिक विपिन जोशीको शव आज (सोमबार) नेपाल आइपुग्दै छ । इजरायल सरकारले फ्लाई दुबईको उडानमार्फत विपिनको शव काठमाडौं पठाएको छ ।

आइतबार शव पठाउनुअघि तेलअभिभमा आयोजित कार्यक्रममा इजरायली सरकारी अधिकारी, नेपाली दूतावासका प्रतिनिधि, नेपाली समुदाय तथा विपिन बसेको किबुज आलुमिममका बासिन्दाले उनीप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए । कार्यक्रममा इजरायलको विदेश मन्त्रालयअन्तर्गत एसिया तथा प्रशान्त मामिला हेर्ने उपमहानिर्देशक अभिभ इजरा, कार्यवाहक नेपाली राजदूत कुमार श्रेष्ठ र स्थानीय समुदायका सदस्य सहभागी थिए ।

'विपिन जोशीको शव सोमबार अपराह्न नेपाल आइपुग्नेछ,' कार्यवाहक राजदूत श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'इजरायल सरकारले शव ल्याउने सबै बन्दोबस्त गरेको छ । सोमबार नै शव उनको गृहनगर महेन्द्रनगर पुऱ्याइनेछ ।'



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सोमबार अपराह्न प्रधानमन्त्री सुशीला कार्की, मन्त्रिपरिषद्का सदस्यहरू र परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूले विपिनको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम तय भएको छ । त्यसपछि शव महेन्द्रनगर पुऱ्याएर परिवारले अन्तिम संस्कार गर्नेछ ।

विपिनको मृत्यु भएको जानकारी हमास समूहले २६ असोजमा सार्वजनिक गरेको थियो । त्यसै साँझ गाजाबाट इजरायलले शव तेलअभिभ ल्याएको थियो । मंगलबार डिएनए परीक्षणमा उक्त शव विपिनकै भएको पुष्टि गरिएको थियो । परीक्षण र पोस्टमार्टम दुवै तेलअभिभस्थित नेसनल सेन्टर अफ फरेन्सिक मेडिसिनमा सम्पन्न भएको हो ।

विपिनको मृत्यु दुई वर्षअघि भएको विवरण इजरायली अधिकारीले नेपाललाई दिएका छन् । शनिबार इजरायल सरकारले विपिनको शव नेपाल पठाउन कार्गो कम्पनीलाई हस्तान्तरण गरेको थियो । इजरायलको तेलअभिभस्थित नेसनल सेन्टर अफ फरेन्सिक मेडिसिनमा मंगलबार डिएनए परीक्षण भएको थियो ।

०८० असोज २३ देखि हमासको कब्जामा रहेका विपिनको मृत्यु मंसिरतिरै भएको नेपाली अधिकारीलाई इजरायली सैन्य अधिकारीले जानकारी दिएका छन् । दुई वर्षअघि नै इजरायलले लिएको परिवारको डिएनए परीक्षणका आधारमा शवको डिएनए परीक्षण गर्दा विपिनको शव पुष्टि भएको थियो ।

बृहत् वैकल्पिक शक्ति निर्माणको गृहकार्य

विवेकशील साझा, रास्वपा, नयाँ शक्तिदेखि जेन-जीका समूहहरूलाई एकै छातामुनि गोलबद्ध गर्ने अभियानस्वरूप छलफल

कमलराज भट्ट/नयाँ पत्रिका

वैकल्पिक राजनीतिको वकालत गर्ने विभिन्न समूह र जेन-जीका धारहरूलाई एउटै छातामुनि गोलबद्ध गर्ने गृहकार्य सुरु गरिएको छ । विवेकशील साझा, रास्वपा, नयाँ शक्ति र अन्य जेन-जी समूहबिच बृहत् वैकल्पिक शक्ति निर्माणका लागि छलफल भइरहेको हो ।

आगामी २१ फागुनको निर्वाचनका लागि दल दर्ताको म्याद (कात्तिक मसान्त) अगावै निष्कर्षमा पुग्ने लक्ष्यसहित छलफल अगाडि बढाइएको छ । वैकल्पिक शक्तिहरू कसरी एकताबद्ध भएर अघि बढ्ने भन्ने विषयमा भएको छलफलको अगुवाइ रास्वपा छोडेकी पूर्वमन्त्री सुमना श्रेष्ठले गरेकी छिन् ।

उनले छलफलमा भ्रष्टाचार अन्त्य, समान अवसर सुनिश्चितता र डिग्निफाइड लिडरसिप (शालीन नेतृत्व) जस्ता आधारभूत एजेन्डामा सहमति भएको बताइन् । 'छलफलमा सबै पक्षले भ्रष्टाचार अन्त्य गर्नुपर्छ, राज्यमा सबै नागरिकलाई समान अवसर सुनिश्चित हुनुपर्छ र नेतृत्व जिम्मेवार र मर्यादित हुनुपर्छ भन्नेमा सहमति जनाएका छन्,' श्रेष्ठले भनिन्, 'अब यी एजेन्डा कसरी संस्थागत गर्ने र त्यसका लागि एउटै छातामुनि कसरी गोलबद्ध हुने भन्ने विषयमा विभिन्न मत आएका छन् । थप छलफलपछि निचोडमा पुग्नेछौं ।'

श्रेष्ठका अनुसार वैकल्पिक राजनीतिक समूहहरूसँग द्विपक्षीय छलफल भइरहेकै छ । शुक्रबार बहुपक्षीय रूपमा गरिएको छलफलमा जेन-जीका समूहहरूको उल्लेख्य सहभागिता थियो । उनका अनुसार २१ फागुनमा हुने निर्वाचनका लागि आयोगले नयाँ दल दर्ताका लागि तोकेको कात्तिक मसान्तसम्मको समयभित्रै निष्कर्षमा पुग्ने प्रयत्न छ । 'एजेन्डामा सबैजना प्रस्ट छन् । हरेक आन्दोलनपछि एउटा निकास दिनुपर्छ । जनताले आशा गरेर व्यक्तिहरूलाई एउटै छातामा अटाउनुपर्छ भनेर कोसिस गरिरहेका छौं । चाँडै नै निष्कर्षमा पुग्छौं ।'

रास्वपा केन्द्रीय सदस्य तथा संवाद समिति सदस्य गणेश कार्कीले वैकल्पिक राजनीतिक शक्तिहरूबिच एकता आवश्यक रहेको साझा धारणा बनेको बताए । उनका अनुसार बृहत् वैकल्पिक एकता सम्भव बनाउन व्यक्तिगत स्वार्थ र पदत्याग गर्न तयार हुने भावना सहभागीहरूमा देखिएको छ ।

छलफलमा जेन-जी युवाहरूले वैकल्पिक शक्तिहरू एकजुट हुनुको विकल्प नरहेको बताएका थिए । तर, रवि लामिछानेको नेतृत्वमा अगाडि बढ्न नसकिने उनीहरूको धारणा थियो । 'रास्वपाको अहिलेकै नेतृत्वमा अगाडि बढ्दा रवि लामिछानेको सहकारी ठगी आरोपको भारी बोक्नुपर्छ । त्यो बोकेर कसरी अगाडि बढ्न सक्छौं ?' जेन-जी जेम्स कार्कीले भनेका थिए । सयुजनराज भण्डारी समूहका जेन-जीले भनेका थिए, 'रविजीले वैकल्पिक राजनीतिलाई यहाँसम्म ल्याइसक्नुभएको छ, कार्यकारी पद त्यागेर संरक्षकमा बस्नुभयो भने सर्वस्वीकार्य हुन्छ । उहाँको आरोपको भारी नै बोकेर जान सकिँदैन ।'

रास्वपा केन्द्रीय सदस्य कार्कीले सभापति लामिछाने संरक्षक भएमा जेन-जीको बहुसंख्यक पक्ष रास्वपाकै छाताभित्र गोलबद्ध हुन तयार भएजस्तो धारणा छलफलमा आएको बताए । 'यसमा जेन-जी समूहहरू रेडी छन् । त्यो भनेको ठुलो शक्ति हुन्छ । उहाँलाई सम्मानित पदमा राखेर सबै जोडिने सम्भावना रहन्छ,' कार्कीले भने । यो विकल्पबारे सभापति लामिछाने जानकार रहेको र वैकल्पिक शक्ति मिल्नुपर्छ भन्ने कुरामा सकारात्मक रहेको कार्कीले बताए ।

रन्जु दर्शनासँगै छलफलमा सहभागी विवेकशील साझा पार्टीका नेता मिलन पाण्डेले सबैले आ-आफ्नो ठाउँबाट त्याग गरेर आन्दोलनलाई संस्थागत गर्नुपर्ने धारणा राखेका थिए । 'हामी समान विचार भएका मिल्नुपर्छ । यो मुभमेन्टमा कसैले केही छोड्नुपर्ने भयो भने त्याग गर्न तयार हुनुपर्छ । वैकल्पिक राजनीतिको संस्थापकको हिसाबले विवेकशील जस्तोसुकै त्याग गर्न तयार छ । त्याग र एकताविना परिवर्तन सम्भव छैन । विवेकशील र मैले गर्छु,' उनले भनेका थिए ।

कलाकारहरू निश्चल बस्नेत, मीन भाम र निशा अधिकारीलगायत छलफलमा थिए । बस्नेतले वैकल्पिक शक्ति एक ठाउँमा आए काठमाडौंका मेयर बालेन्द्र शाहले पनि समर्थन गर्ने जानकारी गराए । 'बालेनले सबै एक ठाउँमा आए सपोर्ट गर्छु भन्नुभएको छ,' उनले भने । बस्नेतले सुशासनको अभियानका लागि आफूले फिल्म क्षेत्र त्याग गर्न तयार रहेको बताए । निर्देशक मीन भामले वैकल्पिक राजनीतिका लागि जस्तोसुकै योगदान गर्ने बताए । 'म तपाईंहरूसँगै छु । मिलेर वैकल्पिक राजनीतिलाई मूलधारमा स्थापित गरौं । यसका लागि परिआए यो कित्तामा म तयार छु,' उनले भने ।

सुधन गुरुङ समूहका जेम्स कार्कीले जेन-जीहरू मिलेरै अघि बढ्न चाहेको बताए । 'सबै मिलेर जानुपर्छ । सबैजना एक ठाउँमा आऊँ । हामी जेन-जी साथीहरू एक ठाउँमा आउन प्रयत्न गरिरहेका छौं । एक ठाउँमा लिएर आउँछौं,' उनले भने । बालेनकी पूर्वसल्लाहकार रेशु अर्यालले वैकल्पिक शक्ति एकजुट हुनुपर्ने, बालेन फ्रन्टलाइनमा आउनुपर्ने धारणा राखेकी थिइन् ।

इन्जिनियर सागर ढकालले वैकल्पिक धारका सबै मिल्नुको विकल्प नभएको बताए । 'सबैजना एउटा ठाउँमा पुगौं, मिलौं । मिल्नुको विकल्प छैन,' उनले भने । डाक्टर रामजी रामले भने, 'वैकल्पिक शक्ति मिल्नुको विकल्प छैन । डेलिभरी दिनुपर्छ । समतामूलक देश बनाउनुपर्छ ।' छलफलमा कलाकार निशा अधिकारीले सहजीकरण गरेकी थिइन् ।

● **सुमना श्रेष्ठ**, पूर्वमन्त्री



सबै पक्षले भ्रष्टाचार अन्त्य गर्नुपर्छ, राज्यमा सबै नागरिकलाई समान अवसर सुनिश्चित हुनुपर्छ, नेतृत्व जिम्मेवार र मर्यादित हुनुपर्छ भन्नेमा सहमति जनाएका छन् । अब यी एजेन्डा कसरी संस्थागत गर्ने र त्यसका लागि एउटै छातामुनि कसरी गोलबद्ध हुने भन्ने विषयमा थप छलफलपछि निचोडमा पुग्नेछौं ।

● **मिलन पाण्डे**, नेता
विवेकशील साझा पार्टी



हामी समान विचार भएका मिल्नुपर्छ । यो मुभमेन्टमा कसैले केही छोड्नुपर्ने भयो भने त्याग गर्न तयार हुनुपर्छ । वैकल्पिक राजनीतिको संस्थापकको हिसाबले विवेकशील जस्तोसुकै त्याग गर्न तयार छ । त्याग र एकताविना परिवर्तन सम्भव छैन । विवेकशील र मैले गर्छु ।

● **निश्चल बस्नेत**
चलचित्र निर्देशक



बालेनले सबै एक ठाउँमा आए सपोर्ट गर्छु भन्नुभएको छ । अझै सक्रिय कसरी हुने हो ? म फिल्म सेक्टर छोड्न सक्छु । अहिले प्रोजेक्ट रोकेर बसेको छु, त्यसैगरी कसले के छोड्ने छोडौं र लागौं ।

के एमाले 'ओली ग्याङ'बाट मुक्त बन्न सक्ला ?

विधान महाधिवेशनमार्फत आफूलाई आजीवन अध्यक्षमा राखिरहन ओलीले जे-जस्ता व्यवस्था गरे, एमालेजनले त्यतिवेलै चेत्नु जरुरी थियो



● मेखराज उदय

अग्रलेख

बर्त्तोल्त ब्रेख्तको कथन छ, 'जो मानिस सत्य जान्दैनन्, उनीहरू मूर्ख हुन् । तथापि, जो सत्य जानेर/बुझेर पनि त्यसलाई झुट बताउँछन्, उनीहरू अपराधी हुन् ।' ब्रेख्त बीसौँ शताब्दीका एक प्रसिद्ध जर्मन कवि, नाटककार तथा नाट्य निर्देशक थिए । उनी आफ्ना रचना, कलामार्फत बनिबनाउ जवाफ होइन, प्रश्न सोध्न सिकाउँथे । आज हाम्रो मुलुक र यहाँको शासन व्यवस्था अन्योलग्रस्त भविष्यको अवस्थामा आइपुगेको छ, त्यसमा जिम्मेवार को-को छन् ? यो सत्य जानेर पनि बुझ पचाउने 'ओली ग्याङ'बाहेकका निरीह नेताहरू निःसन्देह मूर्ख होइनन् ।

एमाले अध्यक्ष केपी शर्मा ओली करिब एक दशक एमालेको एकल नेतृत्वमा रहे । यसैबिच चारपटक प्रधानमन्त्री बने । मुलुकको दोस्रो ठुलो दलका अध्यक्ष, एमाले संसदीय दलका नेता र प्रतिनिधिसभामा प्रतिपक्षी दलका नेता तथा प्रधानमन्त्री आदि पदमा रहेर आफ्नो व्यक्तित्वको स्पष्ट चिनारी दिए । सर्वप्रथम एमाले अध्यक्षमा ओलीको व्यक्तित्व र नेतृत्व शैलीका सम्बन्धमा नै चर्चा गरौँ ।

एमाले मात्रै होइन ०७५ सालमा माओवादी केन्द्रसँग एकता गरी ओली नेकपाकै प्रथम अध्यक्ष बने । माओवादी अध्यक्ष पुष्पकमल दाहाल, माधव नेपाललगायतका सर्वोच्च नेता बन्न पुगे ओली । नेपालको संविधान ०७२ अनुसार सम्पन्न पहिलो संसदीय निर्वाचनमा सुविधाजनक एकल बहुमतसहित उनी शक्तिशाली प्रधानमन्त्री बने । तथापि, ओलीमा नेकपाका अध्यक्ष तथा मुलुकका प्रधानमन्त्री हुनुको जिम्मेवारी एवं गम्भीरता देखिएन । उनलाई दल र सरकारमा आफ्नो ग्याङको शक्ति बढाउने लत बस्यो । अन्ततः नेकपा ओली ग्याङको बन्धक बन्न पुग्यो । त्यसको प्रभाव सरकारमा समेत पऱ्यो । देशको सबैभन्दा ठुलो दलको एकता र बहुमतको सरकार दुवै ढल्यो । एमाले पूर्णतया ओली ग्याङको बन्धकमा परिणत भयो । दाहाल, नेपाल, खनाल आदि नेता अन्य बाटो लागे । नेकपा र बहुमतको ओली सरकार छिन्नभिन्न बन्यो । ओलीकै शब्दमा 'निम्छरो प्रतिपक्षी' कांग्रेसको समर्थनमा माओवादी अध्यक्ष दाहाल मुलुकका प्रधानमन्त्री बने, त्यसपछि देउवा । देउवा-दाहाल गठबन्धन सरकारले तीनै तहका दोस्रो आवधिक निर्वाचन सम्पन्न गरायो ।

जातीय, नश्लीय संकीर्णता र उपलब्धिमूलक संवैधानिक व्यवस्थाका समेत कटु आलोचक ओली महेन्द्रपथीय पहाडे, पुरुष एकलजातीय राष्ट्रवादका स्तम्भ तथा प्रवक्ता दुवै हुन् । संविधानले व्यवस्था गरेका जातीय, क्षेत्रीय, लैंगिक तथा उत्पीडित समुदायका अधिकारप्रतिसमेत ओली सधैं नकारात्मक रहे । त्यसैले, ओली नेपाली राजनीतिका एक 'खलनायक' चरित्रका नेता हुन् । उनी एक व्यक्ति मात्रै रहेनन्, उनको प्रवृत्ति, दृष्टिकोण र व्यवहार एउटा 'ब्रान्ड' बनिसकेको छ । असमावेशी, जातीय र धार्मिक उग्र राष्ट्रवादी, दम्भी र ग्याङ प्रमुखका रूपमा उनको पहिचान स्थापित भइसकेको छ । ओलीको सद्गुण भनेकै उनी आफ्ना मान्यता, धारणा र विचार लज्जाहीन भएरै पनि व्यक्त गर्न सक्छन् । अन्य नेता ओलीभन्दा सक्षम र योग्य छन्, समावेशी मान्यतालाई स्वीकार गर्छन् भन्ने होइन । तथापि, उनीहरू सधैं जनताका संवैधानिक, कानुनी हकको संरक्षण, समावेशिता र उत्पीडित समुदायको अधिकार एवं हितका महान् कुरा गर्छन् । तर, व्यवहारमा ओलीकै मान्यता अपनाउँछन् । व्यवहारतः ओली, दाहाल, कोइराला, देउवा, नेपाल, खनाल, भट्टराई, लामिछाने, भुसाल आदिबिच कुनै भिन्नता छैन ।

ओलीको राजनीतिक विरासत स्टालिनवाद हो । जबकि एमालेको मार्गनिर्देशक सिद्धान्त मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद' याने 'जबज' हो । ओली लोकतन्त्र होइन, जनवादी केन्द्रीयता (निरंकुशता) मा विश्वास गर्छन् । नाममा मार्क्सवादी लेनिनवादी भए पनि एमालेको सार्वजनिक छवि लोकतन्त्रवादी शक्तिका पथमा अग्रसर हुँदै गएको थियो । त्यसको श्रेय तत्कालीन महासचिव भण्डारी र अध्यक्ष तथा पहिलो वामपन्थी प्रधानमन्त्री मनमोहन अधिकारीलाई प्राप्त छ ।

सन् १९१७ मा लेनिनको नेतृत्वमा रुसमा अक्टोबर क्रान्ति सम्पन्न भयो । लेनिनले जनतासामु शान्ति, जमिन र रोटीको वाचा गरेका थिए । १९२४ मा लेनिनको मृत्युपछि स्टालिनले आफैंलाई लेनिनको उत्तराधिकारी घोषित गरे । पार्टीका बहुमत नेताहरू लिओन त्रोत्स्कीका पक्षमा रहेका भए पनि स्टालिनले राष्ट्रवादी मार्क्सवादी विचारधारालाई जोरसँग प्रचार गरे । स्टालिन सन् १९२४ देखि १९५३ सम्म २९ वर्ष सोभियत संघका सर्वोच्च नेता बने । उनले साम्यवादको विरोध गरेको आरोपमा आफ्ना विरोधी



३० लाख मानिसलाई साइबेरियाको गुलाग इलाकामा जबर्जस्ती निर्वासित गराए । त्यसबाहेक साढे ६ लाख मानिसको हत्या गराए । मेक्सिकोमा निर्वासित जीवन बिताइरहेका नेता त्रोत्स्कीको एक एजेन्टमार्फत हत्या गराए । राष्ट्रवाद निरपेक्ष हुन सक्दैन । सोही नारा दिएर विपक्षी, विरोधी तह लगाउने सूत्र स्टालिनबाटै सिकेको गरे ओलीले ।

> ओलीलाई दल र सरकारमा आफ्नो 'ग्याङ'को शक्ति बढाउने लत बस्दा एमाले ओली ग्याङको बन्धक बन्न पुग्यो । त्यसको नकारात्मक प्रभाव पार्टी र सरकार सबैतिर पऱ्यो ।

भदौ २३ र २४ गते जेन-जी समूहको विद्रोहले मुलुक तहसनहस बन्न पुग्यो । ओली सरकारको नालायकी, दम्भ र उन्मादको परिणाम हो यो विद्रोह । सरकार प्रमुखका हैसियतले मुलुकमा उम्लिएको आक्रोश समयमै बुझ्ने गम्भीरता नदेखाउनु, जनताको विरोध गर्न पाउने हकमाथि बल प्रयोग गरी दमन र हत्यासमेत गर्नु, समयमै आपराधिक तत्त्वको घुसपैठलाई ठम्याई रोक्ने प्रयास नगर्नु, सुरक्षा निकायमाथिको विश्वास र सहयोग गुमाउनु, राष्ट्रका महत्त्वपूर्ण सम्पत्ति र व्यक्तिका निजी सम्पत्ति तथा जिउधनको सुरक्षा गर्न असफल बन्नु आदिमा ओली मुख्य जिम्मेवार छन् । साथै भूराजनीतिक शक्तिको असन्तुष्टि र षड्यन्त्रलाई वेलैमा कूटनीतिक हिसाबले सामान्य बनाउनसमेत उनी अक्षम देखिए । जनतामा सरकारप्रति घृणा, निराशा र आक्रोश बढेर धैर्यको बाँध विस्फोट हुने जोखिमपूर्ण अवस्था भने त्यसपूर्व नै तयार थियो ।

राजनीतिक, संवैधानिक, सामाजिक र आर्थिक व्यवस्था सबै खलबलिने गरी मुलुक संकटोन्मुख बन्न पुगेको छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको गैरदलीय सरकारले यो भयावह अवस्थाबाट पार लगाई संवैधानिक र थितिको व्यवस्थासम्म पुऱ्याउने जिम्मेवारी प्राप्त गरेको छ । तथापि, त्यो अवस्थासम्म पुऱ्याउने क्रममा द्वुक्क हुन कोही तयार छैनन् । घोषित मितिमा प्रतिनिधिसभाको शान्तिपूर्ण, निष्पक्ष निर्वाचन गराउनु यो सरकारको मुख्य दायित्व हो । निर्वाचनले मात्रै संवैधानिक बाटो खोल्नेछ ।

संविधान ०७२ बमोजिम मुलुक नयाँ र प्रगतिशील संवैधानिक बाटोमा प्रवेश गऱ्यो । राजनीतिक दलहरूका परस्पर विरोधी धारणा र मान्यताका कारण संविधान जारी गर्नु सहज थिएन । मूलतः शासकीय स्वरूप, संघीयता र राज्य पुनर्संरचना आदि सन्दर्भमा दलबिच मतैक्य बन्न सकेन । करिब दोस्रो संविधानसभासमेत संविधान जारी गर्नबाट चुक्ने जोखिम बढेपछि विनाशकारी भूकम्पको रापतापबाट आक्रान्त भएको परिस्थितिमा राष्ट्रिय सहमति बन्यो । दलहरू आआफ्ना पूर्वअडान परित्याग गरी संविधान जारी गर्न सहमत भए । संघीयता आदि विषय भने अधुरा नै रहे । राजनीतिक नेतृत्वको संघीयताविरोधी मान्यता, केन्द्र (संघ) को प्रभावमा प्रदेश सरकारको अस्थिरता र निकम्मापन तथा कर्मचारीको असहयोगका कारण औचित्य पुष्टि हुन सकेन । यसर्थ, संघीयता अन्त्येष्टिको चरणमा पुगेको छ ।

०६२/६३ को जनआन्दोलनको प्रमुख मुद्दामध्ये राज्य पुनसंरचना एक हो । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी सिद्धान्तअनुरूपको संविधान जारी गरिएको भए पनि दुई विषयलाई प्रभावहीन बनाइनु घातक बन्यो । पहिलो, राज्य पुनर्संरचना अधुरो रह्यो । दोस्रो, दण्डहीनतालाई नजरअन्दाज गरियो । शासन व्यवस्थामा व्यापक परिवर्तन आयो । परम्परागत शाही राजतन्त्र हटाई जनताका सन्तान राष्ट्र प्रमुख अर्थात् राष्ट्रपति रहने व्यवस्था ल्याइयो । संसदीय व्यवस्थालाई समेत उन्नत बनाइयो । तथापि, कर्मचारीतन्त्र, न्यायालय र सेनामा उचित पुनर्संरचना गरिएन । त्यति मात्रै होइन, संवैधानिक व्यवस्था नै गर्न नसकिने भए पनि राजनीतिक दलका पुरातन मान्यता र नेतृत्वमा गरिनुपर्ने मनासिब फेरबदलसमेत भएन । पञ्चायत, राजतन्त्रमा स्थापित दल र तिनका नेतृत्व परिवर्तित व्यवस्थामा यथावत् रहे । जसले नयाँ परिस्थितिको मूल्यांकन र आत्मसात् गर्न सकेन । जनताको बलिदान, रगत, त्याग र पसिनाबाट प्राप्त उपलब्धि धरापमा पुग्यो । यसको मूल कारण र आधार यही हो । यसमा राजनीतिक दलका युवा र प्रगतिशील जमातको 'मुर्दाशान्ति' जिम्मेवार छ ।

एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले व्यक्तिगत स्वार्थका कारण दुई-दुईपटक असंवैधानिक संसद् (प्रतिनिधिसभा) विघटन गरे । जनताको सार्वभौमसत्ता प्रयोग गर्ने संसद्लाई बन्दी र असफल बनाउने कार्यमा लाग्दा उनलाई रोक्ने हिम्मत भएका कोही देखिएनन् । माधव नेपाल, झलनाथ खनाल, भीम रावल, घनश्याम भुसाल आदिमाथि ओलीले निर्मम कारबाही र निष्कासन गरिरहँदा एमालेका अन्य नेता मौन रहे । विख्यात नीतिवेत्ता, दार्शनिक तथा राजनीतिक अर्थशास्त्री एडम स्मिथ भन्छन्, 'दोषीप्रतिको दया, निर्दोषप्रतिको क्रूरता हो ।' पछिल्लोपटक नीति महाधिवेशनमार्फत आफूलाई आजीवन अध्यक्षमा राखिरहनका निम्ति ओलीले जे-जस्ता व्यवस्था गरे, अब एमालेजनले चेत्न जरुरी छ । एमाले मुलुकको एक प्रमुख राजनीतिक शक्ति भएकाले यसप्रति लेखकजस्ता गैरएमालेको पनि चासो रहनु स्वाभाविक नै छ । अतः ओली गिरोह वा ग्याङमुक्त एमाले बनाउने कार्यमा यसका ऊर्जाशील र राजनीतिक समूहले भूमिका खेलून् । एमालेले फेरि वामपन्थबाट लोकतान्त्रिक बाटोमा उभिने प्रण गरोस् । अन्यथा, ख्याल राखौँ, ओली होइन, एमालेकै विकल्प खोजिनेछ र खोजिनु पनि पर्छ ।

---

३ प्रश्न



नेपाल संस्कृत विश्वविद्यालयका पूर्वरजिस्ट्रार **प्रा. नीलमणि ढुंगाना**लाई

तिहारको धार्मिक-सांस्कृतिक महत्त्वबारे बताइदिनुहोस् न !

हाम्रा धर्मशास्त्रमा जीवनमा जानी-नजानी गरिएका पापकर्मबाट मुक्तिका लागि वर्षभरिका विभिन्न चाडपर्वमा देवीदेवताको पूजा-आराधना गर्ने विधिविधानबारे उल्लेख पाइन्छ । तिहार पनि तिनैमध्ये एक अत्यन्त महत्त्वपूर्ण पर्व हो । विशेषगरी, प्रकृतिको पूजा हुने यस पर्वमा काग, कुकुर, गाई, गोरुजस्ता विभिन्न प्राणीको सम्मानपूर्वक पूजा गरिन्छ । धनधान्यकी देवी लक्ष्मीमाताको पूजाआराधना गरिने हुनाले यस पर्वको विशेष महत्त्व रहेको देखिन्छ । यमराजको पूजा गरी दिदीबहिनीले दाजुभाइको दीर्घायु तथा सुस्वास्थ्यको कामना गरिने हुनाले यस पर्वको अलगै महत्त्व छ ।

तिहारले हाम्रो समाजलाई जोड्न कस्तो भूमिका खेलेको ठान्नुहुन्छ ?

प्रकृतिसँगको सामीप्यलाई उजागर गर्ने तिहार पर्वको विशेष सामाजिक महत्त्व रहेको छ । काग, कुकुर, गाई, गोरुलगायत प्राणीको पूजाआजा गर्नुको अर्थ हाम्रो समाजमा तिनको विशेष महत्त्व रहेको संकेत पनि हो । साथै, कृषिकर्मसित प्रत्यक्ष जोडिने गोरुको पूजाले एकातिर भगवान् शिवको वाहनको सम्मान र अर्कातिर कृषि संस्कृतिको संरक्षण र संवर्द्धनको समेत संकेत गरेको पाइन्छ । दाजुभाइ र दिदीबहिनीबिचको सामाजिक सुसम्बन्धलाई विशृंखलित हुन नदिई बलियो सामाजिक बन्धनमा बाँध्ने काम पनि तिहारले गर्ने हुनाले यसको विशेष सामाजिक महत्त्व रहेको अनुभूत गर्न सकिन्छ ।

तिहार र देउसी-भैलोको सम्बन्ध के हो ?

खासगरी देउसी-भैलो पनि सामाजिक सम्बन्धकै विशिष्ट रूप हुन् । पहिलेपहिलेका राजामहाराजाले युद्धका लागि धन जम्मा गर्न तिहारको अवसरमा आफ्ना सैनिकलाई सर्वसाधारणको घरघरमा पठाई देउसीभैलो खेलेर आर्थिक सहयोग संकलन गर्ने गर्थे । त्यसले अहिलेसम्म फरक स्वरूपमा निरन्तरता पाउँदै आएको हो । देउसीभैलोको चलन नेपाल र नेपालीभाभ्र मात्र प्रचलित छ । उतिखेरका राजामहाराजाका लागि युद्धका लागि धन संकलन गर्ने माध्यम भएजस्तै अहिले तिहारको समयमा खेलिने देउसी-भैलोमार्फत समाज उत्थानको प्रयोजनार्थ आर्थिक संकलन गर्ने गरेको पनि पाइन्छ । त्यसैले, देउसी-भैलो पनि सामाजिक सम्बन्धकै भिन्न रूप हुन् ।

प्रेरक प्रसंग

सुझाव दिने चटारो

एकपटक एउटा रेलमा बाबुछोरा यात्रारत थिए । छोराको उमेर करिब २४ वर्षजति हुँदो हो । बाबुचाहिँ झ्यालपट्टिको सिटमा बसिरहेको समयमा छोराले आफू झ्यालपट्टि बस्ने जिद्दी गरे । बाबुले पनि खुसीसाथ छोरालाई झ्यालपट्टिको सिट छाडिदिए र आफू अर्कोपट्टि सरे । रेलमा अरू पनि धेरै यात्रु थिए । रेल चल्न सुरु गऱ्यो । त्यसपछि बडो उत्सुकताले छोरा चिच्याउन थाले । बाबा, हेर्नुहोस् त नदी, पुल, रुख सबै पछाडिपछाडि कुदिरहेका छन् । बादल पनि पछिपछि गइरहेको छ । छोराको उत्साहमा साथ दिँदै बाबुले पनि उसको हो मा हो मिलाइरहेका थिए ।



युवकको यस्तो हर्कत देख्दा त्यहाँ बसिरहेका अन्य यात्रु हैरान भइरहेका थिए । उनीहरूले सायद युवकमा दिमागी समस्या रहेको र त्यसकै कारण उनले यस्तो असामान्य व्यवहार देखाइरहेको अनुमान गरे । युवकले निकै लामो समयसम्म यस्तै अनौठो व्यवहार देखाइरह्यो । उसको हर्कतलाई नजिकबाट नियालिरहेका एक सज्जनले ती युवकका पितासित भने- तपाईंका छोरामा अलिक समस्या छ जस्तो छ, डाक्टरकहाँ किन लानुहुन्न तपाईं ? राम्रो अस्पताल लगेर राम्रा डाक्टरलाई एकपटक देखाउनुहोस् न ! किनकि, उसको कुनै पनि व्यवहार सामान्य छैन । सायद उसमा कुनै दिमागी समस्या हुन सक्छ ।

ती सज्जनको सल्लाह सुनिसकेपछि केही मन्द मुस्कानसाथ पिताले जवाफ दिए- हो, तपाईंले ठिक भन्नुभयो । मैले उसलाई भर्खरै डाक्टरकहाँ लगेर ल्याउँदै छु । पिताको भनाइ सुन्दा ती सज्जन थप चकित भए । पिताले अगाडि भने- मेरो छोरो जन्मजात दृष्टिविहीन थियो । केही दिनअघि मात्र उसको आँखाको शल्यक्रिया सम्पन्न भयो । आजै उसलाई अस्पतालबाट निकालिएको हो । उसले जीवनमै आज पहिलोपटक यी सारा दृश्य देखिरहेको छ, जसको बयान सानो बच्चाले जस्तै यहाँ गरिरहेको छ । उसलाई हरेक वस्तु, दृश्य, चिजबिज बिल्कुलै नयाँ लागिरहेका छन् । पिताको भनाइ सुनिसकेपछि ती सज्जनलाई आफूले वास्तविकता बुझ्दै नबुझी गलत सल्लाह दिएकोमा गल्ती महसुस भयो । उनले ती पितासित माफी मागे ।

भागेका कि भगाइएका हुन् ?

गृहमन्त्रीले नै यस्ता कुरा गरेपछि चुनाव कसरी हुन्छ ? नेता भागिदिए हुन्थ्यो अनि चुनाव नि हुन्न, देश अस्थिर हुन्छ, सधैं पदमा बसिरहुँला भन्ने रहेछ यिनको बुझाइ ! अनि दीपक खड्का भागे रे ! के तपाईंले भगाएको हो ? नत्र, खड्का नेता मात्र होइनन्, एक व्यवसायी पनि हुन् । उनको ठुलो लगानी छ, व्यापार व्यवसायमा । कानुनले दोषी प्रमाणित नहुन्जेल कसैलाई अपराधी करार गर्ने को हो तपाईं ?

● प्रमिला निरौला

डराउने र भगाउने काम मात्र नगर । सुरु भइसक्यो मात्र नभन । मन्त्र नजप । तुरुन्त देखिने गरी काम गर । अचम्मैका गृहमन्त्री छन् बाई !

● दिवाकर जोशी

भागेर सुख पाउनुहुँदैन कसैले पनि । सर्वसाधारणसरह सबैलाई कानुनी कारबाही वा कानुन नै नभए संशोधन गरेर भए पनि कारबाही हुनुपऱ्यो । सर्वसाधारणले बिराउँदा देशलाई क्षति हुँदैन, यी पदमा बारम्बार बसेकालाई सर्वसाधारणभन्दा बेग्लै ढंगले निगरानी र कारबाही हुनुपऱ्यो ।

● केशव बराल

छानबिन गर, प्रमाणित गर, भ्रष्टाचार गरेको जोकोही प्रमाणित हुन्छ भने कानुनअनुसार कारबाही गर । स्टन्ट र फुर्ती गरेर जनतालाई उक्साउने मात्र होइन ।

● बद्री अधिकारी

भाग्न दिने हो कि पहिला समातेर अनुसन्धान सुरु गर्ने हो ? नेपालको कानुन कसैलाई कस्तो, कसैलाई कस्तो !

● राजनप्रसाद अधिकारी

गृहमन्त्रीजस्तो व्यक्ति आफ्नो जिम्मेवारी पूरा नगरेर 'स्टन्ट'मै व्यस्त छ । तिम्रो आजको प्रथम काम जनताले २१ फागुनको निर्वाचनमा निर्धक्कसाथ आफ्नो मत दिने वातावरण बनाउने होला नि ! यी खराब हुन् भने त जनताले नै लखेट्नेछन् नि !

● दीपक गुरुङ माइला



ओली र लेखकलाई पक्राउ गर्न राजनीति गरेको व्यक्ति गृहमन्त्री भए मात्रै सम्भावना छ । किनभने, यिनीहरूलाई न चुनाव लड्नु छ, न भविष्यमा कुनै राजनीतिक लाभ नै लिनु छ । किन जोखिम मोल्ने ! कुरा प्रस्ट छ, मैदानमा क्रान्ति सफल भएर पनि सम्भौतामा विवेक नपुऱ्याउँदा सिसाभैँ टुक्रिएको जेन-जी आन्दोलन ।

● डोटेल कृष्ण

आलटाल गरेर बसेर हुँदैन । भित्रभित्रै सेटिङ मिलाएर सबैजसो पार्टीका झोले मिलेर हिँडेको जस्तो छ । आज, भोलि गर्दागर्दै आलटाल गरेर भ्रष्टाचारीजति भगाउने गोप्य तयारी गरेकोजस्तै छ । त्यत्रा ठुला काण्डदेखि लिएर हजारौँ भ्रष्टाचार गर्ने कर्मचारीको सेटिङ मिलाएर व्यापारजस्तै गरेर सधैंभरि मिलिजुली भागबन्डा लगाएर पालैपालो ठगबन्धन गरेर खान पल्केकाहरूलाई सीधै कारबाही गर्नुपर्छ ।

● टेकबहादुर श्रेष्ठ

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

दुई दशकपछि बोलिभियामा समाजवादी सरकारको अन्त्य

दुई दशकदेखि सत्तामा रहेको समाजवादी पार्टीको ऐतिहासिक पराजयपछि मध्यपन्थी र दक्षिणपन्थी उम्मेदवारमध्ये एक चुनिँदै छन् बोलिभियामा



देश/विदेश

● ब्रायन ओसगुड

(ओसगुड श्रम, कानुनी न्याय र जलवायु संकटबारे रिपोर्टिङ गर्छन्)

बोलिभियाको राष्ट्रपति चुनावमा लगभग दुई दशकमा पहिलोपटक मतपत्रमा कुनै पनि वामपन्थी उम्मेदवारको नाम हुने छैन । सन् २०२० को अघिल्लो चुनावपछि सत्तारुढ समाजवादी दल 'मुभमेन्ट टुवार्ड्स सोसलिज्म (एमएएस)' भित्र ठुलो मतभेद उत्पन्न भएर पार्टी नेताले नै एक-अर्कामाथि आक्रमण गरेपछि आजको अवस्था आएको हो ।

विवादबिच एमएएसका उम्मेदवार दोस्रो चरणको चुनावमा पुग्न असफल भए । योसँगै सन् २००६ देखि सत्तामा रहेको एमएएस सत्ताबाहिरै रहने निश्चित भयो । अब दोस्रो चरणको निर्वाचनले मध्यपन्थी र दक्षिणपन्थी उम्मेदवारमध्ये एकलाई चुन्नेछ । तथापि, यस निर्वाचनले पनि हालैका वर्षमा बोलिभियाली राजनीतिमा देखिँदै गएको ध्रुवीकरण र विभाजनलाई कम गर्ने सम्भावना छैन । अहिले देश गम्भीर आर्थिक संकटमा छ । त्यसले अशान्ति निम्त्याएको देखिन्छ । अब दोस्रो चरणको निर्वाचन जित्ने राष्ट्रपतिले ८ नोभेम्बरमा कार्यकाल सम्हाल्नेछन् ।

यसपटकको बोलिभियाको राष्ट्रपतीय चुनावको दोस्रो चरणमा पुगेका उमेद्वारको नामले नै यस देशमा बदलिएको राजनीतिको संकेत गर्छ । दोस्रो चरणमा गएका दुई उम्मेदवारमध्ये एक रोड्रिगो पाज सुरुवाती दिनमा भएको मतसर्वेक्षणमा १० प्रतिशतभन्दा कम लोकप्रिय देखिन्थे । तथापि, उनी १७ अगस्टमा सम्पन्न पहिलो चरणको मतदानमा आश्चर्यजनक विजेता भएर निस्किए । त्यसमा उनले खसेकोमध्ये ३२ प्रतिशतभन्दा बढी मत प्राप्त गरे ।

उनका प्रतिद्वन्द्वी जर्ज 'टुटो' क्विरोगा सन् २००१ अगस्टमा एक वर्षका लागि राष्ट्रपति चुनिएका थिए । उनी पहिलो चरणको निर्वाचनमा लगभग २७ प्रतिशत मतका साथ दोस्रो स्थानमा आए । बोलिभियामा कुनै उम्मेदवारले एकै चरणमा राष्ट्रपतीय निर्वाचन जित्न या त ५० प्रतिशत मत हासिल गर्नुपर्छ, या ४० प्रतिशत मत हासिल गरेको भए निकटतम प्रतिस्पर्धीभन्दा १० अंक बढी मत हासिल गरेको हुनुपर्छ । दुवै अवस्था नभए बढी मत ल्याउने दुईजना दोस्रो चरणमा प्रतिस्पर्धामा जान्छन् ।

सिनेटर रहिसकेका पाज राजनीतिक घरानाकै व्यक्ति हुन् । सन् १९८९ देखि चार वर्षका लागि राष्ट्रपति रहेका वामपन्थी पूर्वराष्ट्रपति जैमे जामोरा पाजका पिता हुन् । पिता वामपन्थी राजनीतिज्ञ भए पनि पाज भने आफ्नो करियरमा विभिन्न दलसँग आबद्ध रहँदै हाल मध्यपन्थी क्रिस्चियन डेमोक्रेटिक पार्टीका उम्मेदवार छन् । पाजले आफूलाई एक मध्यमार्गी आवाजका रूपमा प्रस्तुत गरेका छन् । उनले खुला बजार समर्थक नीतिलाई अँगाल्ने बताउँदै मितव्ययिताका उपायमा सावधानी अपनाउनेछन् । उनको चुनावी अभियानको नारा नै 'सबैका लागि पुँजीवाद' भन्ने छ । यसैबिच, उनका उपराष्ट्रपति उम्मेदवार मेट एडम्यान लारा पूर्वप्रहरी अधिकारी तथा इसाई अभियन्ता हुन् । लारा भ्रष्टाचारविरुद्ध चर्को अभिव्यक्तिका कारण सामाजिक सञ्जालमा निकै लोकप्रिय छन् ।

उता, पहिलो चरणमा दोस्रो भएका पूर्वराष्ट्रपति जर्ज 'टुटो' क्विरोगा व्यापारी हुन् । उनले आफ्नो व्यापारिक करिअरको सुरुवात अमेरिकाको टेक्ससस्थित बहुराष्ट्रिय प्रविधि कम्पनी आईबिएमबाट सुरु गरेका थिए । पछि उनको रुचि राजनीतिमा सऱ्यो । यही क्रममा सन् १९९० को दशकमा उनी पाजका पिताको शासनमा



बोलिभियाको अर्थमन्त्रीसमेत थिए ।

सन् १९९७ मा क्विरोगा सन् १९७० को दशकमा सैन्य तानाशाही शासनको नेतृत्व गरेका ह्युगो बान्जरको उपराष्ट्रपतिका रूपमा चुनावमा उठेका थिए । दुई जोडीले चुनाव जित्यो । तर, आफूलाई क्यान्सर भएको पत्ता लागेपछि बान्जरले राजीनामा दिए र संविधानअनुसार उपराष्ट्रपति रहेका क्विरोगाले बाँकी समय राष्ट्रपति पद सम्हाले । क्विरोगाले सन् २००५, २०१४ र २०२० मा राष्ट्रपति चुनावमा प्रतिस्पर्धा गरेका थिए । तर, सबैमा उनी हारे । यसपटकको चुनावमा उनी दक्षिणपन्थी गठबन्धन 'लिब्रे एलायन्स'को उम्मेदवार छन् । यस गठबन्धनले खुला बजारको कट्टर समर्थन गर्छ । क्विरोगाका उपराष्ट्रपतीय सहयात्री ३८ वर्षीय टेक उद्यमी हुँआँ पाब्लो भेलास्को छन् ।

सर्वेक्षणले क्विरोगा थोरै अगाडि देखिएका छन् । अनुसन्धान फर्म सिबी कन्सल्टोराले अक्टोबर १ देखि ६ सम्म गरेको सर्वेक्षणले पाजप्रति समर्थन ४२.५ प्रतिशत देखाएको छ भने क्विरोगाप्रतिको समर्थन ५६.७ प्रतिशत देखाएको छ । ७५ प्रतिशत उत्तरदाताले दोस्रो चरणमा मतदान गर्ने बताए पनि सिबी कन्सल्टोराले प्रतिरोध मतदान (मतपत्रहरू जानाजानी खाली छाड्ने वा बिगार्ने) संख्या बढ्ने अपेक्षा गरेको छ ।

तथापि, पहिलो चरणअघिको मतसर्वेक्षणले पाजले पाउन सक्ने विशाल मतको अनुमान गर्न नसकेकोप्रति विश्लेषक सशंकित छन् ।

अधिकांश बोलिभियालीका लागि अहिले गिर्दो अर्थतन्त्र र महँगी मुख्य चासोका विषय छन् । उच्च मुद्रास्फीति र इन्धनको अभावका साथै घट्दो विदेशी मुद्रा भण्डारले आमजीवनमै कठिनाइ निम्त्याएको छ । 'मानिसहरू अहिले पेट्रोलका लागि घन्टौं लाइनमा उभिनुपर्ने अवस्था छ,' मानव अधिकारलाई प्रवर्द्धन गर्ने बोलिभियाली समूह 'एन्डियन इन्फर्मेसन नेटवर्क'की निर्देशक क्याथरिन लेडेबरले भनिन्, 'सामान ढुवानीका लागि अत्यावश्यक डिजेलको अवस्था झन् खराब छ ।'

'अमेरिकाज सोसाइटी/काउन्सिल अफ द अमेरिकाज (एएसिओए)' द्वारा संकलित सर्वेक्षणले देखाएअनुसार २४ प्रतिशत बोलिभियालीले यस चुनावमा गिर्दो अर्थतन्त्र सुधारलाई प्राथमिक चिन्ता बताएका छन् । अन्य १७ प्रतिशतले मूल्यवृद्धिलाई प्रमुख चिन्ताको विषय बताए भने इन्धनको अभावलाई १४ प्रतिशतले उल्लेख गरे ।

अल जजिराबाट

गाजामा दिगो शान्ति स्थापना हुनेमा संशय

हमास र इजरायली सरकार दुवैले वार्तालाई निरन्तरता दिँदै युद्धको अन्त्य र दीर्घकालीन शान्ति कायम राख्न आधारभूत रूपमा लचकता प्रदर्शन गर्नुपर्छ



गाजामा शान्ति योजनाको पहिलो चरण अगाडि बढिरहेको छ। युद्धरत दुवै पक्षले युद्धविरामका सर्तमा सहमति जनाएका छन्। हमासले आफ्नो कब्जामा रहेका कतिपय बन्धक रिहा गरिसकेको छ र इजरायली रक्षा बल (आइडिएफ) गाजापट्टीभित्र सहमति भएको रेखामा फिर्ता हुनेछ। दुई वर्षको निर्मम द्वन्द्वपछि गाजा र इजरायलमा विशेषगरी स्थलमा शान्ति कायम हुने उच्च आशा छ। युद्धरत पक्षहरू अब शत्रुता अन्त्यको नजिक छन् र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको २० बुँदे शान्ति योजना प्रभावकारी रोडम्याप हुन सक्ने केहीको विश्वास छ।

तर, सत्य यो हो कि युद्धरत पक्षबिच यसअघि पनि युद्धविराम भएको थियो। हमास र इजरायलले अब सिद्धान्ततः शान्तिका लागि रोडम्यापमा सहमति जनाएका छन्। तर, आज जे छ, त्यो विगतमा युद्धविराम सम्झौतासँग धेरै कोणले मिल्दोजुल्दो छ। के इजरायली रक्षा बल आइडिएफ गाजाबाट पूर्ण रूपमा फिर्ता होला र गाजाको विलयलाई अस्वीकार गर्ला ? गाजापट्टीको शासन कसले नेतृत्व गर्ला ? के हमास यो शासनमा संलग्न होला ? लडाइँ रोकिनुभन्दा पहिले नै यी मुद्दामा केही असहमतिका संकेत देखिएका थिए। त्यसो भए यदि युद्धविराम चरण छोटो अवधिका लागि मात्र कायम रहे के हुन्छ ? शान्ति योजना सफल हुन के चाहिन्छ ? शत्रुतापूर्ण गतिविधि पुनः नहोस् भन्नका लागि अब के गर्ने ?



● एन्ड्रिउ थोमस

थोमस डेकइन युनिभर्सिटीमा मध्यपूर्व अध्ययनका लेक्चरर हुन्

पहिलो, पुनः शत्रुतापूर्ण कार्य रोक्नका लागि राजनीतिक दबाब कायम राख्नुपर्नेछ। एकपटक सबै बन्धक फिर्ता गरिसकेपछि (जुन सोमबारदेखि सुरु भएको छ) यदि शत्रुता पुनः सुरु भयो भने हमासले भविष्यमा हुने वार्ताका लागि बाँकी रहेको कुनै पनि लाभको अंश गुमाउनेछ। बन्धक आदानप्रदान पूरा भएपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले पुनः शत्रुता सुरु गर्न मन्त्रिपरिषद्कै केही सदस्यबाट दबाबको सामना गर्ने सम्भावना छ। त्यस्तो अवस्थामा नेतन्याहुले के गर्लान् ?

हमास र इजरायली सरकार दुवैले वार्तालाई निरन्तरता दिँदै युद्धको अन्त्य र दीर्घकालीन शान्ति कायम राख्न आधारभूत रूपमा लचकता प्रदर्शन गर्नुपर्छ। अक्टोबर ७, २०२३ भन्दा पहिलेको आत्मसन्तुष्टिमा मात्र होइन, संवाद र सम्झौतामा फर्कने इमानदारित दुवै पक्षबाट फल्काउनुपर्छ।

दोस्रो, हमासले गाजामा आफ्नो हतियार त्याग्नुका साथै कुनै पनि राजनीतिक शक्तिको हैसियत गुमाउनुपर्ने सम्भावना छ। हमासले भनेको छ कि यो केवल सार्वभौम प्यालेस्टिनी राज्यको मान्यताको सर्तमा मात्र हुनेछ। हालै अक्टोबर १० मा गाजाका गुटले भनेका छन् कि उनीहरूले शान्ति योजनाको एक प्रमुख अंश विदेशी अभिभावकत्व कुनै हालतमा स्वीकार गर्दैनन्, जसको शासन 'हाम्रा जनताको राष्ट्रिय घटकद्वारा प्रत्यक्ष' निर्धारण गरिनेछ।

गाजामा आकार लिने कुनै पनि अन्तरिम शासन वा अधिकारले स्थानीय आवश्यकतालाई प्रतिबिम्बित गर्नुपर्छ। अमेरिकी राष्ट्रपति ट्रम्प र बेलायतका पूर्वप्रधानमन्त्री टोनी ब्लेयरको नेतृत्वमा प्रस्तावित 'शान्तिको निकाय'ले प्यालेस्टिनीलाई उनीहरूको आफ्नै भविष्यबारे छलफलबाट बाहिर राख्ने विगतका गल्ती दोहोऱ्याउने जोखिम लिन सक्छ।

शान्ति सम्झौताको एउटा अंश मानवीय सहायता प्रवाहको पुनः सुरुवात हो, तर २००७ देखि प्रभावकारी रूपमा कार्यान्वयनमा रहेको गाजा नाकाबन्दीको नियति स्पष्ट छैन। हमासले गाजामाथि राजनीतिक कब्जा गरेपछि इजिप्ट र इजरायलले स्थल, समुद्र र हवाई नाकाबन्दीले सामग्रीको आयात र गाजावासीको आवागमनमा प्रभाव पारेको छ।

अक्टोबर २०२३ भन्दा पहिले गाजापट्टीमा बेरोजगारी दर ४६ प्रतिशत थियो। दैनिक उपभोगका आधारभूत खाद्यान्न र मल तथा बिउबिजनजस्ता कृषि वस्तुमा लगाइएको आयात सीमाका कारण गाजाका ६२ प्रतिशत मानिसलाई खाद्य सहायताको आवश्यकता थियो। अब पनि प्यालेस्टाइनमा नाकाबन्दी जारी रह्यो भने इजरायलले अक्टोबर ७ को आक्रमणअघि रहेको खाद्यान्न, चिकित्सा र वित्तीय असुरक्षाको अवस्था झनै जटिल बन्दै जानेछ र गाजावासी थप भोकमरीमा पर्नेछन्। त्यसो त अहिले गाजा चरम भोकमरीको चपेटामा परेको विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन्।

> बन्धक आदानप्रदान प्रक्रिया पूरा भएपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले पुनः शत्रुतापूर्ण गतिविधि सुरु गर्न मन्त्रिपरिषद्कै केही सदस्यबाट दबाबको सामना गर्ने सम्भावना प्रबल छ

आज गाजाको अवस्था र त्यहाँ लगाइएको प्रतिबन्ध यति खराब अवस्थामा छ कि गैरसरकारी संस्थाले नाकाबन्दीको प्रारम्भिक अवस्थालाई 'सामूहिक सजाय' भनेर चित्रण गरेका छन्। गाजापट्टीमा शान्ति कायम राख्न सुरक्षा नीति विश्वव्यापी मानवीय सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनअनुरूप हुनुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा त सबै पक्षले गाजाका कायम हुने शान्तिको अवस्थालाई इजरायली र प्यालेस्टिनीबिचको व्यापक शान्तिसँग मौलिक रूपमा जोडेर हेर्नुपर्छ। गाजा द्वन्द्वलाई पृथक् रूपमा र व्यापक प्यालेस्टिनी-इजरायली द्वन्द्वबाट अलग रूपमा हेर्नु गल्ती हुनेछ। गाजा र पश्चिम किनारमा प्यालेस्टिनी राष्ट्रिय आत्मनिर्णयको छलफललाई गम्भीरतापूर्वक लिनुपर्छ र शान्ति स्थापनाको योजनामा महत्त्वपूर्ण अंश हुनुपर्छ।

२० बुँदे योजनाले 'प्यालेस्टिनी आत्मनिर्णय र राज्यसत्ताका लागि विश्वसनीय मार्ग' उल्लेख गरेको भए पनि इतिहासले हामीलाई बयानबाजी चरण पारका लागि संघर्षका मार्ग देखाएको छ। इजरायली बसोवास र विलय, जेरुसेलमको स्थिति र निःशस्त्रीकरणको प्रश्नसहित धेरै चुनौती त्यो मार्गमा खडा छन्।

संयुक्त राष्ट्र सुरक्षा परिषद् (युएनएससी)मा प्यालेस्टिनी राज्यको समर्थन गर्ने मतदानविरुद्ध आफ्नो भिटो प्रयोग गर्नबाट अमेरिकाले टाढा रहनु एउटा अर्थपूर्ण कदम हुनेछ। हालै सम्पन्न संयुक्त राष्ट्र संघको महासभामा धेरै देशले प्यालेस्टिनी राज्यलाई मान्यता दिए पनि अमेरिकाले भने हरेकपटक सुरक्षा परिषद्मा यसको औपचारिक स्थितिलाई रोकेको छ।

यी सबै चिन्ताका बाबजुद शत्रुतामा कुनै पनि विराम लाग्नु निर्विवाद रूपमा राम्रो कुरा हो। अक्टोबर ७, २०२३ देखि मृत्यु हुनेको संख्या लगभग ७० हजार पुगेको छ, जसमा गाजाको जनसंख्याको ११ प्रतिशत मारिएका वा घाइते भएका छन्। आक्रमणमा ४६५ इजरायली सैनिक मारिएका छन्। सहायता वितरणको पुनः सुरुवातले मात्र गजापट्टीमा बढ्दो भोकमरीलाई सम्बोधन गर्न धेरै मद्दत गर्नेछ। अहिले एउटा पिठोको बोराका लागि मानिसहरू घण्टौं लामो लाइनमा बस्नुपरेको भिडियो सामाजिक सञ्जालमा देख्न सकिन्छ। ती भिडियोले गाजावासीको वास्तविक अवस्थालाई चित्रण नगरेको अनुभूति गर्न सकिन्छ।

यद्यपि, शान्ति सम्झौतालाई निरन्तर रूपमा पालन गर्न पक्कै पनि केही गाह्रो हुन्छ। यसका लागि पारस्परिक विश्वास, दिगो प्रतिबद्धता र एक-अर्काप्रति सम्मान आवश्यक पर्छ। यस द्वन्द्वको जरा दशकौंअघिसम्म फैलिएको छ र पारस्परिक अविश्वासलाई संस्थागत र हतियारको साधन बनाइएको छ। १९९० को दशकमा ओस्लो सम्झौताको वार्तामा कठिनाइले द्वन्द्वको जरा कति गहिरो छ भनेर देखाएको थियो। अहिले अवस्था धेरै खराब छ।

वार्तामा संलग्न कुनै पनि पक्षसँग सम्झौतामा पुग्न आवश्यक राजनीतिक इच्छाशक्ति छ कि छैन भन्ने कुरा स्पष्ट हुनुपर्छ। एउटा निष्कर्षमा पुग्न अवसर छ, यसलाई हल्का रूपमा लिनुहुँदैन।

द कन्भर्सेसनबाट

राजा चाहिँदैन भन्दै अमेरिकाभर ट्रम्पविरोधी प्रदर्शन



एजेन्सी

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पको विरोधमा विभिन्न राज्यमा विशाल प्रदर्शन भएका छन्। ट्रम्प सरकारको नीतिविरुद्ध न्युयोर्क, वासिंटन डिसी, सिकागो, मियामी र लस एन्जलसलगायत सहरमा प्रदर्शन भएका हुन्। प्रदर्शनकारीले 'डेमोक्रेसी नट मोनार्की' अर्थात् लोकतन्त्र, राजतन्त्र होइन, संविधान विकल्प होइन जस्ता, आप्रवासीमाथिको कडाइ बन्द गरियोसूलगायत नारा लेखिएका ब्यानर बोकेका थिए। तर, ट्रम्पका विरोधीले प्रदर्शनकारीको सम्बन्ध अतिवामपन्थी संगठन एटिफासँग रहेको दाबी गरेका छन्। 'नो किंग्स' विरोध प्रदर्शन अमेरिकाका प्रायः सबै राज्य र अमेरिकाबाहिर पनि भएको थियो। न्युयोर्क सहरको प्रतिष्ठित टाइम्स स्क्वायर र वरपरका सडक हजारौं मानिसले भरिएका थिए।

धेरै अमेरिकी राज्यले राष्ट्रिय गार्ड परिचालन गरेका थिए। तर, लगभग ७० लाख मानिसको सहभागिता रहेको उक्त प्रदर्शन शान्तिपूर्ण रहेको आयोजकले दाबी गरेका छन्। यसै वर्षको जनवरीमा ह्वाइट हाउस फर्किएदेखि नै ट्रम्पले संघीय सरकारका केही संरचना भत्काउन र राज्यका गभर्नरको आपत्तिका बाबजुद अमेरिकी सहरमा राष्ट्रिय गार्ड सेना तैनाथ गर्न कार्यकारी आदेश प्रयोग गर्दै राष्ट्रपतिको शक्तिको दायरा विस्तार गरेका छन्। उनले प्रशासनका शीर्ष कानुन प्रवर्तन अधिकारीलाई आफ्ना कथित शत्रुलाई मुद्दा चलाउन पनि आह्वान गरेका छन्। राष्ट्रपतिले संकटमा परेको देशलाई पुनर्निर्माण गर्न आफ्नो कार्य आवश्यक रहेको बताएका छन्।


आलोचकले उनको प्रशासनका केही कदम असंवैधानिक र अमेरिकी लोकतन्त्रका लागि खतरा भएको चेतावनी दिएका छन्। आइतबार प्रसारण भएको फक्स न्युजसँगको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले प्रदर्शनबारे टिप्पणी गरेका थिए। 'राजा ! यो कुनै कार्य होइन,' ट्रम्पले अन्तर्वार्ताका क्रममा भने। 'तपाईंलाई थाहा छ, तिनीहरूले मलाई राजाको रूपमा उल्लेख गरिरहेका छन्। म राजा होइन।' न्युयोर्कमा भिडका केही प्रदर्शनकारीले 'लोकतन्त्र यस्तै देखिन्छ' लेखेका प्लेकार्ड बोकेर ट्रम्पको विरोध गरे। प्रदर्शनको भिडियो खिच्न हेलिकोप्टर र ड्रोनहरू माथि उडिरहेका देख्न सकिन्थ्यो। न्युयोर्क प्रहरी विभागले राज्यका पाँचैवटा क्षेत्रमा लाखभन्दा बढी मानिस भएका र विरोधसँग सम्बन्धित कुनै पनि गिरफ्तारी नभएको बताएको छ।

टाइम्स स्क्वायरमा बीस हजारभन्दा बढी मानिसले सातौं एभिन्युमा मार्च गरेका एक प्रहरी अधिकारीले अनुमान गरेका छन्। आफू न्युयोर्कको विरोध प्रदर्शनमा सामेल भएको र ट्रम्प प्रशासनअन्तर्गत भइरहेको 'फासीवाद र अधिनायकवादी सरकारतर्फको कदम'प्रति दुःखी भएको स्वतन्त्र लेखक तथा सम्पादक बेथ जास्लोफले बताइन्। 'मलाई न्युयोर्क सहरबारे धेरै चासो छ,' उनले भनिन्। एकजना स्वतन्त्र लेखिका तथा सम्पादक बेथले ट्रम्प प्रशासन 'फासीवाद र अधिनायकवादतर्फ उन्मुख भएकाले आफू आक्रोशित एवं पीडित महसुस गरेर न्युयोर्कको प्रदर्शनमा सहभागी भएको बताइन्। जनवरीमा पुनः निर्वाचित भएपछि ट्रम्पले राष्ट्रपतीय अधिकारको सीमा विस्तार गरेका छन् र आफ्नो कार्यकारी आदेशमार्फत संघीय सरकारका कतिपय अधिकारलाई आफ्नो नियन्त्रणमा राखेका छन्।

अमेरिकाबाहिर पनि ट्रम्पविरोधी प्रदर्शन भएका छन्। इटलीको रोम, स्पेनको म्याड्रिड र जर्मनीको बर्लिनमा पनि यस्ता प्रदर्शन भएका छन्।

इतिहासमा आज

अक्टोबर २०



सन् २०११ : लिबियामा चलिरहेको गृहयुद्धका क्रममा फरार रहेका राष्ट्रप्रमुख मुअम्मर गद्दाफी विद्रोहीको फन्दामा परे। आफ्नै गृहनगर सिर्तेमा पक्राउ परेलगत्तै गद्दाफीलाई भिडले मारेको थियो।

सन् १८१८ : क्यानडामा शासन गरिरहेको बेलायत र अमेरिकाबिच ४९औं प्यारलेललाई क्यानडा र अमेरिकाको सिमाना मान्ने सहमति भयो।

सन् १९०४ : बोलिभिया र चिल्लीबिच 'प्यासिफिक युद्ध' अन्त्य गर्ने एक सन्धिमा हस्ताक्षर भयो। सन्धिले विवादित समुद्री किनारको भूभागमाथि चिल्लीको नियन्त्रण कायम गऱ्यो। तथापि, सन्धिमा चिल्लीले बोलिभियालाई समुद्रसम्म पहुँच दिने रेलमार्ग निर्माणका लागि जमिन दिने उल्लेख छ।

सन् १९३५ : चिनियाँ कम्युनिस्ट पार्टीले सुरु गरेको 'लङ मार्च' साङ्चीं प्रान्तको यनानमा अन्त्य गऱ्यो। यो यात्रा अभियानको नेतृत्व गरेका माओत्सेतुङ पार्टीभित्र शक्तिशाली नेताको रूपमा उदाए।

सन् १९३८ : नाजी जर्मनीको प्रभावमा परेको चेकोस्लोभाकिया सरकारले नाजी नीति अनुसरण गर्दै देशको कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो। त्यस्तै, उसले देशभित्रका यहुदीको नरसंहार सुरु गऱ्यो।

सन् १९४५ : इजिप्ट, सिरिया, इराक र लेबननाले अरबी प्रायद्वीपको प्यालेस्टाइनमा यहुदी राज्य निर्माणका लागि चलिरहेको प्रयासलाई संयुक्त रूपमा विरोध गर्ने उद्देश्यले एक गठबन्धन बनाए।

सन् १९६८ : अमेरिका पूर्व'फस्ट लेडी' ज्याकलिन क्यानेडी (जोन एफ केनेडीकी श्रीमती)ले ग्रिक धनाढ्य एरिस्टोटल ओनासिससँग विवाह गरिन्। उनी श्रीमान् (पूर्वराष्ट्रपति)को मृत्युपछि पुनः विवाह गर्ने एक मात्र अमेरिकी फर्स्ट लेडी हुन्।

सन् १९७३ : इजरायल-अरब युद्धमा अमेरिकाले इजरायललाई साथ दिएको विरोधमा तेल उत्पादक अरब मुलुकले अमेरिकालाई तेल आपूर्ति बन्द गरे।

रुसी तेल भारतीय अर्थतन्त्रका लागि महत्त्वपूर्ण : मस्को

नयाँदिल्ली / रुसी तेल भारतका लागि महत्त्वपूर्ण भएको मस्कोले जनाएको छ। भारतले मस्कोबाट छुटमा कच्चा तेल किन्न बन्द गर्दै छ भन्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबीमा रुसले यस्तो जवाफ दिएको हो। नयाँदिल्ली र मस्कोबिच तेल र ग्यासबारे विश्वसनीय र व्यापक वार्ता भएको भारतले जनाएको छ। 'भारतीय अर्थतन्त्रका लागि रुसी तेल महत्त्वपूर्ण छ,' ट्रम्पको टिप्पणी र भारत सरकारको सावधानीपूर्ण जवाफपछि मस्कोले एक संक्षिप्त विज्ञप्तिमा भनेको छ, 'अस्थिर ऊर्जा परिदृश्यमा भारतीय उपभोक्ताको हितको रक्षा गर्नु हाम्रो निरन्तर प्राथमिकता रहेको छ।'

'हामी भारतीय सरकारको नीतिको बुझाइबाट अगाडि बढ्छौं। यसले भारतीय जनता र राष्ट्रिय अर्थतन्त्रको राष्ट्रिय हितलाई प्रतिबिम्बित गर्छ र ती लक्ष्य रुस-भारत सम्बन्धको विरोधाभासमा उभिनेछैनन्। हामी तेल र ग्यासको सम्बन्धमा भारतसँग सहकार्यबारे छलफल जारी राख्नेछौं,' मस्कोले विज्ञप्तिमा अगाडि भनेको छ। रुसले भारत-अमेरिका सम्बन्धमा हस्तक्षेप नगर्ने तर दिल्लीसँगको लामो समयदेखिको सम्बन्धको सम्झना गराएको देखिन्छ। 'हामी द्विपक्षीय सम्बन्धको सम्मान गर्छौं। भारतको रुससँग द्विपक्षीय सम्बन्ध छ।' फेब्रुअरी २०२२ मा युक्रेनमा युद्ध सुरु भएदेखि कच्चा तेल खरिदलाई लिएर अमेरिका र रुसबिच रस्साकस्सी बढ्दै गएको छ।

पश्चिमा देश, विशेषगरी संयुक्त राज्य अमेरिकाले भारतलाई रुसी तेल किन्न बन्द गर्न दबाब दिएको छ। राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो देशमाथि पश्चिमाले लगाएको प्रतिबन्धको बेवास्ता गर्दै युक्रेन युद्धका लागि कोष जुटाउने प्रयासस्वरूप छुटमा तेल बिक्री गरेका छन्। गत वर्ष 'एक टेलिफोन संवादबाट' युद्ध समाप्त गर्न सक्ने घोषणा गरेका ट्रम्प यस विषयमा मुखर छन्। रुसी तेल खरिदसँगै ट्रम्पले अमेरिकामा भारतीय निर्यातमा २५ प्रतिशत शुल्क लगाए। यसैबिच राष्ट्रिय सुरक्षालाई असर गर्न सक्ने दबाबका अगाडि आफू कहिल्यै नझुक्ने भारतले बताएको छ। रुसी तेल खरिद आर्थिक रूपमा अर्थपूर्ण रहेसम्म जारी रहने विदेशमन्त्री एस जयशंकर र अर्थमन्त्री निर्मला सीतारमण दुवैले बताएका छन्। जयशंकरले रुसी ग्यास किन्ने पश्चिमा देशको दोहोरो मापदण्डलाई पनि औंल्याएका छन्।

ट्रम्पले यसै साता प्रधानमन्त्री नरेन्द्र मोदीले उनलाई भारतले रुसबाट तेल खरिद गर्न बन्द गर्ने बताएको घोषणा गरेका थिए। 'उनले मलाई आश्वासन दिएका छन् कि रुसबाट कुनै पनि तेल खरिद हुनेछैन। उनी यो तुरुन्तै गर्न सक्दैनन्। तर, यो चाँडै समाप्त हुनेछ,' अमेरिकी राष्ट्रपतिले भनेका थिए।

ट्रम्पको जवाफमा भारतले आफ्नो ध्यान आफ्ना नागरिकका लागि स्थिर ऊर्जा मूल्य सुनिश्चित गर्ने र अहिले र भविष्यका लागि आपूर्ति सुरक्षित गर्ने कुरामा रहेको जनाएको छ। 'यसमा हाम्रो ऊर्जा स्रोतलाई व्यापक-आधारित गर्ने र बजार अवस्थाहरू पूरा गर्न उपयुक्त भएसम्म विविधीकरण गर्ने समावेश छ,' विदेश मन्त्रालयले भन्यो।

इजरायली सेनाको हमलामा एकै परिवारका ११ जना मारिए

एजेन्सी / इजरायली सेनाले गाजामा एक प्यालेस्टिनी परिवारका ११ सदस्यको हत्या गरेको छ। इजरायली हमला एक साताअघि लागू भएको युद्धविरामको सबैभन्दा घातक उल्लंघन हो। गाजाको नागरिक प्रतिरक्षाका अनुसार शुक्रबार साँझ इजरायली सेनाले गाजा सहरको जेइटौनमा अबु साबान परिवार बोकेको नागरिक सवारीसाधनमा गोली प्रहार गरेको थियो। पीडित परिवार आफ्नो घर निरीक्षण गर्ने क्रममा बाटोमा एक गाडीमा जाँदै गर्दा इजरायली सेनाको हमलामा परेको नागरिक रक्षा समूहका प्रवक्ता महमुद बसालले बताए। मृत्यु हुनेहरूमा साबानसहित सात बालबालिका र तीन महिला छन्।

'उनीहरूलाई चेतावनी दिइएको भए हुन्थ्यो वा फरक तरिकाले व्यवहार गरिनुपर्थ्यो,' बसलले भने, 'इजरायली सेना अझै पनि रगतको तिर्खामा छ।' समूहले संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र मध्यस्थकर्तालाई युद्धविराम सम्झौता पालनका लागि इजरायललाई दबाब दिन आह्वान गऱ्यो। इजरायली सैनिकले तथाकथित 'पहेंलो रेखा' पार गर्ने मानिसमाथि गोली चलाएका थिए, जुन सीमांकनमा इजरायलको सेना युद्धविराम सर्तअन्तर्गत पछाडि हट्नुपर्ने थियो।

गाजास्थित अल जजिराका पत्रकार हिन्द खौदारीका अनुसार प्यालेस्टिनीहरूमा इन्टरनेट पहुँच छैन र इजरायली सेना सीमांकन रेखामा कहाँ तैनाथ छन् भन्ने केही जानकारी छैन, जसले गर्दा परिवारहरू जोखिममा छन्। इजरायली रक्षामन्त्री इजरायल काट्जले गाजामा पहेँला रेखाहरू चाँडै स्पष्टताका लागि चिह्न लगाइने बताएका छन्। 'इजरायली सेनाले गाजाको लगभग ५३ प्रतिशत भागलाई नियन्त्रणमा राखेका छन्,' खौदारीले भने।

हैटीका ६० लाख मानिस चरम भोकमरीको चपेटामा

सशस्त्र समूहले सहायता अवरुद्ध गर्दा ०२६ को मध्यसम्ममा आधा जनसंख्याले गम्भीर खाद्य अभावको सामना गर्ने अनुमान गरिएको छ



क्यारेबियन राष्ट्रभरि सशस्त्र समूहले आफ्नो पकड बलियो बनाइरहेकाले र विनाशकारी अर्थतन्त्र निरन्तर ओरालो लागिरहेकाले हैटीको आधाभन्दा बढी जनसंख्याले भोकमरी सामना गरिरहेको छ। एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आइपिसी) ले जारी गरेको एक प्रतिवेदनले लगभग एक करोड १० लाख जनसंख्यामध्ये ५७ लाख हाइटियनले गम्भीर खाद्यान्न अभावको सामना गरिरहेका छन्। गिरोह हिंसाले परिवारलाई विस्थापित गर्ने, कृषि उत्पादन नष्ट गर्ने र सहायताको अत्यन्तै आवश्यक परेका समयमा सहायता पुग्नबाट रोकेकाले संकट झनै बढ्ने खतरा छ।

१९ लाख मानिस पहिले नै आपत्कालीन भोकमरीको स्तरमा छन्, जसमा गम्भीर खाद्यान्न अभाव र कुपोषणको खतरनाक दर रहेको प्रतिवेदनले जनाएको छ। थप ३८ लाखले संकटस्तरको खाद्य असुरक्षाको सामना गरिरहेका छन्। स्थिति अझ बिग्रने अनुमान गरिएको छ। ०२६ को मध्यसम्ममा लगभग ६० लाख मानिसले तीव्र भोकमरीको सामना गर्ने अनुमान गरिएको छ, किनकि हैटीले आफ्नो खराब कृषि मौसममा प्रवेश गरिरहेको छ।

हाइटीको सरकारले शुक्रबार राहत प्रयास समन्वय गर्न खाद्य तथा पोषण सुरक्षा कार्यालय स्थापना गर्ने योजना घोषणा गरेको छ। संक्रमणकालीन राष्ट्रपति परिषद्का सदस्य लुइस जेराल्ड गिल्सले प्रभावितसम्म पुग्न द्रुत रूपमा स्रोत परिचालन गरिएको बताएका छन्।

सशस्त्र समूहले अब राजधानी पोर्ट-औ-प्रिन्सको अनुमानित ९० प्रतिशत नियन्त्रण गर्छन्। हिंसाले १३ लाख मानिस आफ्नो घरबाट विस्थापित भएका छन्। विस्थापित दर डिसेम्बरदेखि २४ प्रतिशतले वृद्धि भएको छ। धेरैले आधारभूत सेवाहरूको अभावमा भिडभाड भएका अस्थायी क्षेत्रमा आश्रय लिएका छन्।

आफ्नो जग्गामा रहेका किसानले आफ्नो बालीका केही भागमा जान र आत्मसमर्पणका लागि हिंसात्मक गतिविधि गरिरहेका गिरोहसँग वार्ता गर्नुपर्छ। साना व्यवसाय बन्द भएका छन्, जसले गर्दा असंख्य परिवारको आयस्रोत समाप्त भएको छ। बाली सामान्य उत्पादनमा पुग्दा पनि उत्पादन पोर्ट-औ-प्रिन्समा पुग्न सक्दैन, किनभने गिरोहहरूले मुख्य सडक अवरुद्ध गरेका छन्।

आर्थिक विनाशले संकटलाई झनै जटिल बनाएको छ। हैटीले लगातार ६ वर्षदेखि आर्थिक मन्दीको सामना गरिरहेको छ। खाद्यान्नको मूल्य गत वर्षको तुलनामा गत जुलाईमा ३३ प्रतिशतले बढेको छ। अन्तर्राष्ट्रिय समुदायले यस महिनाको सुरुमा संयुक्त राष्ट्र संघमातहतको पाँच हजार ५५० सदस्यीय नयाँ 'गिरोह दमन फौज'लाई हैटीमा परिचालन गर्न अधिकार दिएको छ। फौजले आर्थिक अभावबाट गुज्रिरहेको सानो मिसनलाई प्रतिस्थापन गरेको छ।

तर, सुरक्षा अवस्था अस्थिर छ। बिहीबार सरकारी अधिकारी पोर्ट-औ-प्रिन्स सहरको राष्ट्रिय दरबारमा पुग्न खोज्दा भारी गोलाबारी सामना गर्न बाध्य भए। गोलाबारीका कारण लामो समयदेखि गिरोहहरूको नियन्त्रणमा रहेको क्षेत्र हतारमा खाली गर्न बाध्य पारियो।

केही सुधार भए पनि संकटको मूल कारणलाई सम्बोधन गर्न दीर्घकालीन लगानीविना प्रगति शून्य हुने कमजोर नै हुने एक्सन अगेन्स्ट हंगरकी हाइटी निर्देशक मार्टिन भिलेनुभले चेतावनी दिइन्।

अलजजिराबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ३ कार्तिक ०८२

फरक क्षमता भएका तथा ज्येष्ठ नागरिकलाई हवाई यात्रामा छुट

कसलाई कतिसम्म छुट सुविधा ?

- ७० वर्षभन्दा माथि उमेर समूहलाई हवाई टिकटमा ५० प्रतिशत छुट
- ७५ वर्षभन्दा माथि उमेर समूहलाई ७० प्रतिशत छुट
- ८० वर्षभन्दा माथि उमेर समूहलाई ८० प्रतिशत छुट
- फरक क्षमता भएकालाई ५० प्रतिशत छुट



● **ज्ञानेन्द्र भुल**, सूचना अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरण

वायुसेवा कम्पनीले पनि आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने महसुस भएकाले उहाँहरूलाई आग्रह गरिएको थियो । यसबापत लाग्ने खर्चमा सरकारले अतिरिक्त शोधभर्ना वा अनुदान दिँदैन । सोहीअनुसार उहाँहरू पनि छुट दिन तयार हुनुभएकाले यो कार्यान्वयनमा ल्याइएको हो ।

नयाँ पत्रिका

वायुसेवा सञ्चालक कम्पनीहरूले ज्येष्ठ नागरिकलाई हवाई उडानमा छुट दिने भएका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरण र वायुसेवा सञ्चालक कम्पनीहरूबिच यस्तो सहमति भएको हो । प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले वायुसेवा कम्पनीहरूलाई सामाजिक उत्तरदायित्व निर्वाह गर्नका लागि गरिएको आग्रहअनुसार सहमति भएको बताए । उनले भने, 'वायुसेवा कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने महसुस भएकाले उहाँहरूलाई आग्रह गरिएको थियो । यसबापत लाग्ने खर्चमा सरकारले अतिरिक्त शोधभर्ना वा अनुदान दिँदैन । सोहीअनुसार उहाँहरू पनि छुट दिन तयार हुनुभएकाले यो कार्यान्वयनमा ल्याइएको हो ।'

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको अध्यक्षतामा वायुसेवा सञ्चालक संघका अध्यक्ष तथा नेपालका आन्तरिक वायुसेवा सञ्चालक कम्पनीहरूका प्रतिनिधिहरूबिच सम्पन्न बैठक बसेको थियो । ७० वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकलाई हवाई टिकटमा नेपाल सरकारद्वारा तोकिएको अधिकतम भाडादरमा सम्पूर्ण क्षेत्रमा ५० प्रतिशत छुट प्रदान गर्ने उल्लेख छ । ७५ वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकलाई ७० प्रतिशत छुट साथै ८० वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकलाई ८० प्रतिशत छुट व्यवस्था गर्ने उल्लेख छ ।

जुनसुकै उमेर समूहका फरक क्षमता भएका हवाई यात्रुहरूको सन्दर्भमा समेत न्यूनतम ५० प्रतिशत छुट सुनिश्चित हुने गरी व्यवस्था गरेको छ ।

त्यसबाहेक चाडबाडको समयलाई लक्षित गरेर १ कात्तिकदेखि एयरलाइन्स कम्पनीहरूले छुटका योजनाहरू लागू गरेका छन् । बुद्ध एयरले कनेक्ट आइपिएसबाट हुने टिकट खरिद भुक्तानीमा एक सय एक रुपैयाँ छुट तथा पाँच जोडीलाई माउन्टेन फ्लाइटको टिकट दिने योजना सार्वजनिक गरेको छ ।

त्यस्तै, यती एयरलाइन्सले कनेक्ट आइपिएसबाट खरिद हुने टिकटमा तीन सय रुपैयाँसम्मको छुट दिने योजना ल्याएको छ । यसमा १० जोडीलाई माउन्टेन फ्लाइटको टिकट पनि उपहार दिने योजना ल्याएको छ ।

बुद्धको काठमाडौं-कोलकाता हवाईमार्गमा नयाँ उडान सुरु

काठमाडौं/ नेपाल र भारतबिचको हवाई सम्पर्कमा नयाँ अध्याय थपिएको छ । बुद्ध एयरले कोलकाता-काठमाडौं हवाईमार्गमा नियमित उडान सुरु गरेको छ । आइतबारबाट यो उडान सुरु भएको हो ।

कोलकाता विमानस्थलमा आयोजित विशेष कार्यक्रममा नेपालका पश्चिम बंगालका लागि महावाणिज्यदूत भक्कप्रसाद आचार्यले पहिलो उडानको उद्घाटन गरे । उद्घाटन समारोहमा नेपालका वाणिज्यदूतावासका अधिकारी र एयरलाइन्सका प्रतिनिधि उपस्थित थिए ।

यस अवसरमा वक्ताले यो नयाँ उडानले पर्यटक, व्यापारी तथा दुई देशका नागरिकबिचको आवागमन सहज बनाउने बताए । एयरलाइन्सले यस मार्गमार्फत यात्रुलाई उत्कृष्ट सेवा र सहज यात्राको अनुभव दिने प्रतिबद्धता जनाएको छ ।

सडकका थप ५० सहित ६८ रुग्ण ठेक्का तोड्ने तयारी

१५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका र ठेक्का नतोड्ने मनासिब कारण भए प्रमाणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सडक विभागको सूचना

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सडक विभागले रुग्ण ठेक्कामध्ये थप ५० ठेक्का तोड्ने तयारी गरेको छ । सडक विभागअन्तर्गत दुई सय ५८ ठेक्का रुग्ण छन् । त्यसमा विभागले शुक्रबार र शनिबार गरेर १८ वटा ठेक्का तोड्ने गरी सूचना सार्वजनिक गरिसकेको छ । आइतबार थप ५० वटा ठेक्का तोड्ने सूचना विभागले प्रकाशन गरेको छ । योसँगै सडकतर्फ ६८ वटा ठेक्का तोड्ने प्रक्रिया अघि बढेको छ ।

सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, इटहरी, जनकपुर पोखरा र सुर्खेतमातहतका सडक डिभिजन कार्यालयले रुग्ण अवस्थामा रहेका ५० ठेक्का तोड्ने प्रक्रिया अघि बढाएका छन् । सडक डिभिजन कार्यालय जनकपुरले २१, काठमाडौंले सात, ओखलढुंगा तथा अछाम डिभिजनले पाँच-पाँच, पाल्पा तथा दमौलीले चार-चार र धनकुटा, पोखरा, मध्यपहाडी तथा गोरखा सडक योजनाले एक-एक गरी ५० वटा ठेक्का किन नतोड्ने ? भन्दै आइतबार सार्वजनिक सूचना जारी गरेका छन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले ठेक्का लिने, तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका छन् । त्यसपछि विभागले क्रमशः ठेक्का तोड्ने सूचना निकाल्दै आएको छ । सडक विभागका उपमहानिर्देशक इ. प्रभातकुमार झाले रुग्ण ठेक्का तोड्ने गरी प्रक्रिया अघि बढेको बताए । बाँकी रुग्ण ठेक्का तोड्ने प्रक्रिया अघि बढाउने विषयमा छलफल भइरहेको जानकारी दिए ।

ठेक्का तथा योजनाको पटक-पटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माणकार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माणकार्य अधुरो तथा अलपत्र पारी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिक रूपमा उपस्थित नभएर आधारभूत रूपमा ठेक्का उल्लंघन गरेको उल्लेख गरिएको छ ।

विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माणकार्य सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उल्लंघन गरिएको जनाइएको छ ।

सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, स्रोत-साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ । उक्त अवधिमा काम सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकीसरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ ।

सम्झौता तोड्न तयारी गरिएका ठेक्काहरू

सडक डिभिजन जनकपुर धनुषाको जल्लाद नदीमा पुल बनाउन ०७१/७२ मा धुकुचा-म्याग्लुङ जेभी, बाला खोलामा पुल बनाउन ०७३-७४ मा ड्रागोन-दी काराभन जेभी, चारनाथ उछाल खोलामा बक्स कल्भर्ट बनाउन ०७६/७७ मा धुकुचा-विकास-भुवनेश्वरी जेभी, यदुकोहा काजी नदीमा बक्स कल्भर्ट बनाउन ०७६/७७ मा धुकुचा-विकास-भुवनेश्वरी जेभी, पाथर खोलामा पुल बनाउन ०७२/७३ मा बम्ती भण्डारी-श्री नरसिंह, खोल्सी (मंगलपुर)मा पुल बनाउन ०७३/७४ मा गाल्वा-दी काराभान जेभी, साबेला खोलामा पुल बनाउन ०७३/७४ मा ड्रागोन-दी काराभन जेभी, जल्लाद नदीमा पुल बनाउन ०७५/७६ मा नागार्जुन-हेम कन्स्ट्रक्सन जेभी र दुधमती नदीमा पुल बनाउन ०७५/७६ मा नागार्जुन-हेम कन्स्ट्रक्सन जेभीसँग गरिएको ठेक्का तोड्ने गरी सूचना प्रकाशन गरिएको छ ।

यस्तै, जनकपुर डिभिजनले धनुषाकै दुमरिया नदीमा पुल बनाउन ०७७/७८ मा रोशन-लक्ष्मण रेखा जेभीसँग गरेको पनि तोड्ने गरी सूचना निकालेको छ । महोत्तरीको कृष्णपथ-तापानपुर सडक कालेपत्रे गर्न ०७८/७९ मा वर्ल्डवाइड-श्रेया-आदर्श जेभी, धनुषाको घोरघास-कुम्राउरा सडक कालेपत्रे गर्न ०७६/७७ मा दिवा-लक्ष्मण रेखा जेभी, घोडघास-अत्रहारघाट कालोपत्रे गर्न ०७७/७८ मा वर्ल्डवाइड सुगम जेभी, ड्राइनग सडक निर्माण गर्न ०८१/८२ मा आरके कन्स्ट्रक्सन, महोत्तरी-लोहरपाटी सडक विस्तार गर्न ०८१/८२ मा स्काई कन्स्ट्रक्सन एन्ड सप्लायर्स, एक्लेबार-कमली पुल सडक विस्तार गर्न ०८१/८२ मा वर्षा महत्तो कन्स्ट्रक्सन सप्लायर्स, कचुरी-नहर रोड सडक विस्तार गर्न ०८१/८२ मा एचडी एन्ड विराज कन्स्ट्रक्सन, जंगली भुन्य-छमाथ सडक विस्तार गर्न ०८१/८२ मा भास्कर कन्स्ट्रक्सन, इतहरबा-आउरही परिक्रमा सडक विस्तार गर्न ०८१/८२ मा बाबा बुद्धेश्वरनाथ कन्स्ट्रक्सन र जनकपुर चक्रपथ विस्तार गर्न ०८१/८२ मा केबी-पूर्णचण्डी जेभीबिच भएको ठेक्का तोड्ने गरी सूचना निकालिएको छ ।

यस्तै, सडक डिभिजन साँफेबगर, अछामले ६ वटा ठेक्का तोड्ने गरी सूचना निकालेको छ । त्यसमा मार्ताडी-बिच्छासेन सडक खन्न ०७५/७६ मा सेविका-हेहाडाबाबा जेभी, साँफेबगर-मंगलसेन सडक विस्तार गर्न ०७६/७७ मा सेविका कन्स्ट्रक्सन तथा इन्जिनियरिङ कन्सल्टिङ, साँफेबगर-मार्ताडी सडक मर्मत गर्न ०७६/७७ मा सेविका कन्स्ट्रक्सन तथा इन्जिनियरिङ कन्सल्टिङ, चौखुट्टे-मार्ताडी सडकको विशेष मर्मत गर्न ०७६/७७ मा सेविका कन्स्ट्रक्सन तथा इन्जिनियरिङ कन्सल्टिङ, गाईगढमा स्टिल पुल बनाउन ०६७/६८ मा राजेन्द्र-थेमिग जेभी र साँफे-मंगलसेन सडक पुनर्निर्माण गर्न ०७९/८० मा मास्टा कन्स्ट्रक्सन सप्लायर्ससँग गरिएको ठेक्का पनि तोड्ने गरी सूचना निकालिएको छ ।

यस्तै, सडक डिभिजन हर्कुपुर ओखलढुंगाले पनि ६ ठेक्का तोड्ने गरी सूचना निकालेको छ । दिक्तेल-चरीकोट-खान्दीचौर सडक मर्मत-सम्भारमा ०७६/७७ मा निसान-सिंहदेवी जेभी र ०७८/७९ मा मजदुर-नेपाल मेगा, हलेसी-दिक्तेल सडक पुनर्निर्माण गर्न ०७९/८० सुभव निर्माण सेवा, एआरएन सडक संरचनागत निर्माण गर्न ०८१/८२ मा ग्लोबल कन्स्ट्रक्सन, चकेवा-दिक्तेल सडक मर्मत गर्न ०८१/८२ मा मायुमी कन्स्ट्रक्सन, सांघुटार-कुइभिर सडक विस्तार गर्न ०७३/७४ मा कान्छाराम कन्स्ट्रक्सनसँग गरेको ठेक्का सम्झौता तोड्ने गरी सूचना निकालिएको छ ।

यस्तै, सडक डिभिजन धनकुकाल राँके भञ्ज्याङ सडकको तमार नदीमा पुल बनाउन ०६८/६९ मा स्वच्छन्द निर्माण सेवासँग गरेको सम्झौता पनि तोड्ने गरी सूचना निकालिएको छ । यीबाहेक विभिन्न कार्यालयले थप १६ ठेक्का तोड्ने गरी सूचना प्रकाशन गरेका छन् ।



कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

SY Panel Nepal Limited

एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौं, उद्योग कार्यालय : रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,
फोन नं.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूका निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी सूचना

एसवाई प्यानल नेपाल लिमिटेडको जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये यस विवरण मार्फत जारी पूँजीको २% अर्थात रु.२,६१,६२,७००/- (दुई करोड एकसट्ठी लाख बासट्ठी हजार सात सय) रकम बराबरको रु.१०० अंकित दरका २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि मिति २०८२ असोज ०७ गते मंगलबारदेखि मिति २०८२ असोज २१ गते मंगलबार सम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधिमा रितपूर्वक आवेदन दिनुहुने ३,०५९ जना आवेदकहरुलाई बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम उक्त कम्पनीको २,६१,६२७ कित्ता साधारण शेयरहरु मिति २०८२ कार्तिक ०२ गते आइतबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं ।

साथै यस निष्काशन कार्यमा सहयोग तथा सदभाव प्रदान गर्नुहुने सम्पूर्ण उद्योग प्रभावित क्षेत्रका लगानीकर्ता आवेदकहरु, सम्पूर्ण संकलन केन्द्रहरु तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

उद्योग प्रभावित क्षेत्रमा रहेका नेपालीहरुको निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडको Website: www.prabhucapital.com बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

साथै संकलन केन्द्रहरुबाट दरखास्त बुझाएका लगानीकर्ताहरुको बाँडफाँडमा आंशिक/नपरेको शेयर वापतको रकम यहि मिति २०८२ कार्तिक ११ गते मंगलबारका दिनदेखि सम्बन्धित आवेदकहरुले आफुले दरखास्त फाराममा उल्लेख गरेको बैंक खातामा रकमान्तर गरिने व्यवस्था मिलाइएकोले आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५५७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

Invitation for Sealed Bids

(Date of Publication: 20th October, 2025)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for Colocation of its Data Center (DC) and to provide Managed cum Hosting Disaster Recovery (DR) Site & Service under following **minimum eligibility criteria:**

1. Bidder should have well established International standard Data Center (DC) inside Kathmandu Valley and Disaster Recovery (DR) Site at different seismic zone with real time replication of servers and its installed applications.
2. Bidder must be in operation on related business preferably for 5 years or above.
3. Bidder must have yearly turnover of NPR 10 million or above and should have been profit-making preferably since last five year.
4. The bidder must have provided similar services to preferably three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:30 AM till 5:30 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 5,000.00 (NPR Five Thousand Only) on or before 15th day of the first date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  » Account Number: 999-20401010201
  » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 15th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid bond, amounting to a minimum of 5% of the bid amount in the form of bank guarantee from any commercial bank, which shall be valid for 30 days beyond the validity of the bid (total 120 days validity bid bond). The bid bond may also be deposited through cash margin deposit in the following account of the Bank:
  » Account Number: 99921607031017
  » Account Name: Miscellaneous Sundry Creditors

Bidders may submit bids for both services. However, those submitting bids for both must prepare and submit separate bid documents for each service.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४


सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

विश्व बैंकको बैठकमा महासंघ 'नेपालमा लगानी बढाउन बहुपक्षीय संस्थाको सहकार्य'

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी वृद्धिका लागि बहुपक्षीय संस्थाहरूबिच सहकार्य आवश्यक रहेको बताएका छन् । अमेरिकामा आयोजित विश्व बैंकको बैठकमा सहभागी ढकालले निजी क्षेत्रको विकास, ऊर्जा, पर्यटन, डिजिटल अर्थतन्त्र, पूर्वाधारजस्ता क्षेत्रहरूमा लगानीका लागि बहुपक्षीय सहकार्यमा जोड दिएका हुन् ।

अमेरिकाको वासिङटन डिसीमा सम्पन्न विश्व बैंक वार्षिक बैठक २०२५ मा सहभागी ढकालले विश्वका वित्तीय तथा विकास संस्थाका वरिष्ठ अधिकारीसँगको भेटमा यस्तो बताएका हुन् । ढकालले ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्ट (बिआइआई)का प्रबन्ध निर्देशक नादाबा म्पोफु, आइएफएफका पूर्वप्रबन्ध निर्देशक तथा हाल युरोपियन सेन्ट्रल बैंक (इसिबी)का अध्यक्ष क्रिस्टिन लगार्डलगायतसँग भेटवार्ता गरेका थिए ।

'विश्व बैंक वार्षिक बैठक २०२५ मा आफ्ना आर्थिक प्राथमिकता र वैश्विक साझेदारीका विषय प्रस्तुत भएका छन् । हामीले पनि हाम्रा धारणा सशक्त रूपमा राखेका छौं,' उनले भने, 'विश्व आर्थिक परिदृश्य, विकासका लागि वित्तीय स्रोत परिचालन तथा दिगो आर्थिक वृद्धिमा निजी क्षेत्रको भूमिकाबारे व्यापक छलफल भएको छ ।'



काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका- ४ मा पर्ने काप्लेथोक गाउँ अहिले तोरीका पहेँला फूलहरूले ढाकिएको छ । काठमाडौंबाट करिब ५० किलोमिटर पूर्वमा रहेको काप्लेथोक बारीभरि लहराएको पहेँलो रङले धर्तीमै सुन फुलेजस्तो देखिन्छ । तस्बिर सौजन्य : प्रह्लाद गैरापिप्ली

अलैंचीको मूल्यमा निरन्तर वृद्धि

'खोल्सीको कालो सुन'को मूल्य उकालो लाग्दा किसान र व्यापारीमा उत्साह

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

दसैं सकिएपछि ताप्लेजुङमा 'खोल्सीको कालो सुन' भनेर चिनिने अलैंचीको मूल्य लगातार बढ्दै गएको छ । असोज लागेसँगै घट्दै गएको मूल्य दसैंपछि पुनः वृद्धि हुन थालेपछि किसान र व्यापारी दुवै उत्साहित बनेका छन् ।

फुङलिङ बजारमा हाल सामान्य गुणस्तरको अलैंची प्रतिमन (४० किलो) ८५ हजार रुपैयाँमा कारोबार भइरहेको छ । ठुलो दाना भएको गुणस्तरीय अलैंची भने प्रतिमन ९० हजार रुपैयाँसम्ममा बिक्री भइरहेको छ । स्थानीय व्यापारी कमल बरालका अनुसार पछिल्ला चार-पाँच दिनयता अलैंचीको मूल्य दैनिक एक हजार रुपैयाँका दरले बढिरहेको छ ।

भदौ महिनापछि बजारमा आउन थालेको नयाँ अलैंची सुरुवाती चरणमा प्रतिमन ८८ हजार रुपैयाँसम्ममा कारोबार भएको थियो । तर, असोज लागेपछि बजारमा माग घट्दै जाँदा मूल्य क्रमशः घट्दै गएर ८० हजार रुपैयाँमा झरेको अलैंची व्यवसायी संघ ताप्लेजुङका अध्यक्ष भद्रवीर रेग्मीले जानकारी दिए । तर, दसैं सकिएसँगै पुनः मूल्यवृद्धि सुरु भएको उनले बताए । 'दैनिक पाँच सयदेखि एक हजार रुपैयाँका दरले मूल्य बढिरहेको छ । किसान र व्यापारी दुवैको मनोबल उच्च भएको छ,' उनले भने । नेपालमा उत्पादन हुने अलैंचीको मूल्य अन्तर्राष्ट्रिय बजारले निर्धारण गर्ने भएकाले यसको दर कहिले घट्छ वा बढ्छ भन्ने निश्चित हुँदैन । माग, आपूर्ति र विदेशी व्यापारको उतारचढावसँगै यसको मूल्य निर्धारण हुने गरेको व्यापारीको भनाइ छ ।



गत वर्षको तुलनामा यस वर्षको सुरुवाती मूल्य राम्रो आएकाले किसान खुसी भएका छन् ।

ताप्लेजुङमा अलैंची प्रमुख नगदेबालीका रूपमा चिनिन्छ । जिल्लाका नौ स्थानीय तहका ६१ वडामध्ये फक्ताङलुङ गाउँपालिका- ७, ओलाङचुङगोलाबाहेक सबै क्षेत्रमा यसको खेती हुने गरेको छ । कृषि ज्ञानकेन्द्र ताप्लेजुङका अनुसार हाल जिल्लामा चार हजार एक सय ६५ हेक्टर क्षेत्रफलमा अलैंची खेती भइरहेको छ । गत वर्ष सो क्षेत्रबाट दुई हजार पाँच सय ३१ मेट्रिकटन अलैंची उत्पादन भएको थियो ।

अलैंची खेतीले ताप्लेजुङका हजारौं किसानको जीवनयापनमा सुधार ल्याएको छ । पछिल्लो मूल्यवृद्धिले उनीहरूमा थप उत्साह र आत्मविश्वास जगाएको छ । यदि अन्तर्राष्ट्रिय बजार स्थिर रह्यो भने आगामी महिना अझै मूल्य बढ्ने सम्भावना रहेको व्यापारीहरू बताउँछन् ।

स्वीकृत महसुल मात्रै लिन इन्टरनेट सेवाप्रदायकलाई आग्रह

भदौसम्म इन्टरनेट सेवाका ग्राहक दुई करोड ९९ लाख ८४ हजार पुगेका छन् । यसमध्ये दुई करोड ६६ लाख ९८ हजार ग्राहकले मोबाइल ब्रोडब्यान्ड चलाउँछन् ।

काठमाडौं/ नेपाल दूरसञ्चार प्राधिकरणले उपभोक्तासँग कानुनअनुसार स्वीकृत महसुल मात्रै लिन इन्टरनेट सेवाप्रदायकलाई आग्रह गरेको छ । प्राधिकरणले आइतबार एक सूचना जारी गर्दै इन्टरनेट महसुल स्वीकृत गराउन र स्वीकृत महसुल मात्रै लागू गर्न सेवाप्रदायकलाई आग्रह गरेको हो ।

प्राधिकरणले उपभोक्तालाई पनि स्वीकृत महसुल मात्रै तिर्न आग्रह गरेको छ । 'इन्टरनेट (इमेलसहित) अनुमतिपत्र सेवाप्रदायकले सेवा प्रदान गरेबापत ग्राहकसँग लिने सेवाको शुल्क-महसुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ तथा अनुमतिपत्रको सर्तबमोजिम प्राधिकरणबाट स्वीकृत हुनुपर्ने व्यवस्था रहेको छ,' प्राधिकरणको सूचनामा उल्लेख छ, 'यस्तो सेवाको महसुलदर प्राधिकरणबाट स्वीकृत भएको मिति उल्लेख गरी ग्राहक तथा सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशन गरेपश्चात् मात्र लागू गर्नुपर्ने व्यवस्था रहेको छ ।'

कानुनको व्यवस्थाअनुसार नै इन्टरनेट शुल्क स्वीकृत गराएर मात्रै लागू गर्न तथा स्वीकृत भएको महसुल मात्र भुक्तानी गर्न सेवाप्रदायक र उपभोक्तालाई प्राधिकरणले आग्रह गरेको छ ।

प्राधिकरणको भदौसम्ममा इन्टरनेट सेवाका ग्राहक संख्या दुई करोड ९९ लाख ८४ हजार पुगिसकेको छ । यसमध्ये दुई करोड ६६ लाख ९८ हजार ग्राहकले मोबाइल ब्रोडब्यान्ड चलाउँछन् ।

हाल २० वटा कम्पनीले इन्टरनेट सेवा प्रदान गर्दै आइरहेका छन् । त्यसमध्ये सबैभन्दा बढी वर्ल्डलिंकको ३१.३९ प्रतिशत हिस्सा रहेको छ । त्यस्तै, डिस मिडियाको ११.१ प्रतिशत, नेपाल टेलिकमको १०.८४ प्रतिशत, भायानेटको ९.९१ प्रतिशत, सुबिसुको ९.१८ प्रतिशत, क्लासिकटेकको ५.५२ प्रतिशत र सिजीको २.५६ प्रतिशत बजार हिस्सा रहेको छ ।

दोस्रोपटक ग्लोबल आइएमई बेस्ट बैंक अवार्डबाट सम्मानित

काठमाडौं/ ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्स म्यागाजिनको बेस्ट बैंक अवार्ड २०२५ बाट सम्मानित भएको छ। शनिबार संयुक्तराज्य अमेरिकामा आयोजित एक समारोहमा ग्लोबल फाइनान्सका प्रतिनिधिले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई उक्त अवार्ड हस्तारण गरे। विश्वसनीयता, वित्तीय स्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरूको विकास, क्रेडिट रेटिङलगायतका मापदण्डमा यो बैंक सन् २०२५ का लागि नेपालकै उत्कृष्ट बैंक ठहर भएको हो।



यो अवार्डसँगै ग्लोबल आइएमई बैंक लगातार दुई वर्ष ग्लोबल फाइनान्स म्यागाजिनको बेस्ट बैंक अवार्डबाट सम्मानित भएको हो। यसअघि पनि बैंक सोही अवार्डबाट सम्मानित भएको थियो। बैंकका अध्यक्ष ढकालले यस सम्मानले बैंकलाई थप उत्कृष्ट सेवा प्रदान गर्न प्रोत्साहित गरेको बताए। साथै, यस सम्मानका लागि विभिन्न पक्षबाट सहयोग गर्ने सबैप्रति आभार प्रकट गरे। बैंक ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो। ग्लोबल फाइनान्सले विश्वका उत्कृष्ट केन्द्रीय बैंक र वाणिज्य बैंकलाई यो प्रतिष्ठित अवार्ड प्रदान गर्ने गर्छ। ग्लोबल फाइनान्स म्यागाजिनले ग्लोबल आइएमई बैंकसहित अफ्रिका, एसिया प्यासिफिक, क्यारिबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्य-पूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरूलाई सम्मान गरेको हो।

खुसीको वर्षा गराउने 'लुटो लुटो अफर'

काठमाडौं/ तिहारलाई लक्षित गर्दै सिजी डिजिटल र एलजी सोपीले नयाँ अभियान ल्याएका छन्। 'लुटो लुटो अफर, स्क्र्याच एन्ड विन इन्स्टान्ट डिस्काउन्ट' नामक अभियान सुरु गरिएको हो। यस अभियानमा ग्राहकले एलजी, सिजी, सिजी मेरिडिया, टिसिएल, केको, ब्ल्याक डेकर, गोदरेजलगायत ब्रान्डका उपकरण खरिदमा ४० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन्। त्यसैगरी यो छुट सेन्सेई, बर्ली, माइडिया, केन्ट, इलिका, क्रम्पटन, नथिङ र मोटोरोलाजस्ता ब्रान्डका सामान किन्दासमेत पाइने कम्पनीले जनाएको छ।



कम्पनीका अनुसार पुराना उपकरण साट्ने (एक्सचेन्ज) र शून्य प्रतिशत किस्ताबन्दीमा पनि उपलब्ध गराइनेछ। साथसाथै सिजी एक्स-एलेक्स प्रणालीमार्फत तत्काल स्वीकृत सुविधा प्रदान गरिने र यसले खरिद प्रक्रिया थप सहज बनाउने कम्पनीको भनाइ छ। 'यस अफरमार्फत ग्राहकलाई केवल छुट होइन, हरेक स्क्र्याचमार्फत उत्साह र खुसी प्रदान गर्ने सोचका साथ यो अभियान ल्याएका हौं,' कम्पनीले भनेको छ। यो अफर कात्तिक ११ गतेसम्म मात्र लागू हुनेछ र यस अवधिभर ग्राहकले फ्रिज, स्मार्ट टिभी, वासिङ मेसिन, एयर कन्डिसनर, माइक्रोवेभ ओभन, चिम्नी, ज्युसर, कुलरलगायतका अत्याधुनिक उपकरणहरू एकै स्थानमा सहज रूपमा खरिद गर्न सक्नेछन्। तिहारलाई उज्यालो र प्रविधिमैत्री बनाउने उद्देश्यसहित सुरु गरिएको यो अभियानमार्फत कम्पनीले नेपाली परिवारमा आधुनिक जीवनशैली र प्रविधिको सहज पहुँच विस्तार गर्ने लक्ष्य लिएको छ।

लाभांश पारित गर्न सिद्धार्थ बैंकको साधारणसभा ३० कात्तिकमा

काठमाडौं/ लाभांश प्रस्ताव पारित गर्न सिद्धार्थ बैंकले ३० कात्तिकमा आफ्नो २४औं वार्षिक साधारणसभा बोलाएको छ। सभाले हाल कायम चुक्ता पुँजीको पाँच प्रतिशतका दरले बोनस सेयर र सोको कर प्रयोजनसहित ५.५३ प्रतिशत नगद लाभांश प्रस्ताव पारित गर्नेछ। साथै, सभाका लागि प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने र सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिनेलगायत सञ्चालक एवं लेखा परीक्षक नियुक्त गर्नेलगायतका एजेन्डा पनि समेटिएका छन्।

साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ १७ कात्तिकमा बुक क्लोज हुनेछ। बुक क्लोजको अघिल्लो दिनसम्म नेप्सेमा कारोबार गरी कायम रहने सेयरधनीले प्रस्तावित लाभांश पाउन सक्नेछन्।

सानिमा बैंकको लाभांश पारित



काठमाडौं/ सानिमा बैंकले आफ्नो सेयरधनीलाई लाभांश बाँड्ने भएको छ। बैंकको आइतबार सम्पन्न २१औं वार्षिक साधारणसभामा सेयरधनीमा वितरण गर्ने ७.३६८५ नगद लाभांश (करसहित) पारित गरेको हो। यसका साथै दुई अर्ब रुपैयाँबराबरको '८.२५ प्रतिशत अविमोच्य असञ्चित अग्राधिकार सेयर' जारी गर्ने विशेष प्रस्ताव पनि सभाले पारित गरेको छ।

कार्यक्रम बैंकका अध्यक्ष तुकप्रसाद पौडेलको अध्यक्षतामा भएको थियो। बैंकको सञ्चालक सदस्यमा संस्थापक सेयरधनीका तर्फबाट तुकप्रसाद पौडेल, बलराम पराजुली र निशा कुम्पाख निर्विरोध निर्वाचितसमेत भए।

गत आवमा २.५७ अर्ब खुद मुनाफा गरेको सानिमा बैंकको कुल सम्पत्ति २६३.५५ अर्ब, कुल निक्षेप २२५.४८ अर्ब तथा खुद कर्जा सापटी १८३.४५ अर्ब रुपैयाँ रहेको छ। साथै, गत आवको तुलनामा बैंकको निक्षेप, कर्जा सापटी र कुल सम्पत्तिमा क्रमशः १३.०९, ११.२२ र १२.७० प्रतिशतले बढेको छ।

बागलुङमा ग्लोबल आइएमई क्यापिटलको वित्तीय साक्षरता



काठमाडौं/ ग्लोबल आइएमई क्यापिटल लिमिटेडले बागलुङमा वित्तीय साक्षरता कार्यक्रम गरेको छ। कम्पनीले बागलुङ नगरपालिका- १३, पैयुँपाटामा अवस्थित त्रिभुवन माध्यमिक विद्यालयमा ३१ असोजमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा धितोपत्र बजारसँग सम्बन्धित लगानी शिक्षा, पुँजी बजारबारे जानकारी दिइएको थियो।

कार्यक्रममा ग्लोबल आइएमई क्यापिटलका कम्पनी सचिव छविलाल शर्मा पौडेलले पुँजी बजारसँग सम्बन्धित विभिन्न पक्षबारे प्रस्तुति दिएका थिए। त्यसैगरी, सञ्चालक एवं नेपाल सरकारका पूर्वसहसचिव शालिग्राम शर्मा पौडेलले पुँजी बजारसँग सम्बन्धित साक्षरता कार्यक्रमले लगानीबारे आधारभूत ज्ञान प्राप्त गर्ने अवसर मिलेको बताए। सोही कार्यक्रममा क्यापिटलका तर्फबाट संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयको शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने उद्देश्यले डिजिटल बोर्ड पनि प्रदान गरिएको थियो।

वडा नं १३ का वडाध्यक्ष नारायण शर्मा पौडेलले विद्यार्थीले यस्ता कार्यक्रमबाट सेयरको प्राथमिक बजारमा लगानी गरी अधिकतम लाभ लिन सक्ने बताए। शैक्षिक सामग्री उपलब्ध गराई विद्यालयको पठनपाठनलाई प्रविधिमैत्री बनाउनका लागि क्यापिटलले डिजिटल बोर्ड उपलब्ध गराएकोमा क्यापिटलप्रति हार्दिक आभार व्यक्त गरे।

आरबिबी मर्चेन्टको साधारणसभाबाट चार करोड रुपैयाँ लाभांश पारित



काठमाडौं/ आरबिबी मर्चेन्ट बैंकिङ लिमिटेडको १०औं वार्षिक साधारणसभाबाट सेयरधनीलाई दिइने लाभांशबापत चार करोड रुपैयाँ पारित गरेको छ। राष्ट्रिय वाणिज्य बैंकको सहायक संस्था आरबिबी गत आवको वितरणयोग्य मुनाफाबाट कम्पनीको चुक्ता पुँजी २० करोडको २० प्रतिशतले हुन आउने चार करोड रुपैयाँ (करसहित) नगद लाभांश पारित भएको हो।

त्यसैगरी साधारणसभाले लेखा परीक्षकसहित गत आर्थिक वर्षको वित्तीय विवरणमा छलफल गरी पारित गरेको छ। कार्यक्रममा कम्पनीकी अध्यक्ष सरस्वती अधिकारीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै छलफलपश्चात् विभिन्न प्रस्ताव पारित भएको जानकारी गराएकी थिइन्।

कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्रमण खनालसहित कम्पनीका सञ्चालक दुर्गाकुमारी कँडेल, सञ्चालक रामकुमार थापा, सञ्चालक भीमप्रसाद घिमिरे, सञ्चालक कृष्ण श्रेष्ठ र सञ्चालक नरेशजंग थापाको उपस्थिति रहेको थियो।

दरमखोलाबाट विद्युत् उत्पादन सुरु

बागलुङ/ दरमखोला हाइड्रो इनर्जी लिमिटेडद्वारा प्रवर्द्धित दरमखोला जलविद्युत् आयोजना (क्षमता ९.६ मेगावाट)बाट सफलतापूर्वक विद्युत् उत्पादन सुरु गरिएको छ।

कम्पनीका अनुसार बागलुङ जिल्ला गल्कोट नगरपालिका, बडिगाड गाउँपालिका र गुल्मी जिल्ला मुसीकोट नगरपालिकामा पर्ने उक्त आयोजनाबाट ३१ असोजदेखि ९.६ मेगावाट विद्युत् उत्पादन सुरु भएको हो। कम्पनीले आयोजनाको सफल सञ्चालनका लागि सहयोग प्रदान गर्ने सबैप्रति आभार प्रकट गरेको छ। कम्पनीले सर्वसाधारणका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरी जारी पुँजीको ३८.३३ प्रतिशत अर्थात् ३९ लाख ५० हजार कित्ता सेयर सर्वसाधारणमा निष्कासन गरी बाँडफाँट सम्पन्न गरेको थियो।

सिटिजन लाइफले मनायो आठौं वार्षिकोत्सव



काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले आठौं वार्षिकोत्सवका अवसरमा देशभरका शाखा कार्यालयहरूमा विविध कार्यक्रम गरी मनाएको छ। देशका विभिन्न स्थानहरूमा स्थानीय समुदायसँग नजिकिएर सकारात्मक प्रभाव पार्ने कार्यक्रम सञ्चालन गरेको कम्पनीले जनाएको छ।

वार्षिकोत्सवको मुख्य विषयवस्तुका रूपमा कम्पनीले यस वर्ष आफ्ना सबै शाखा कार्यालयमा 'विविधता र समावेशीकरण दिवस' मनाएको छ, जसअन्तर्गत कर्मचारीले आफ्ना सांस्कृतिक पहिचान झल्काउने वेशभूषा र परम्परासँगै कार्यस्थलमा एकता, सद्भाव र परस्पर सम्मानको सन्देश प्रवाह गरेका छन्। यसले सिटिजन परिवारभित्रको सांस्कृतिक समृद्धि र सहअस्तित्वलाई अझ सुदृढ पारेको कम्पनीको भनाइ छ।

त्यसैगरी कम्पनीले देशभर १६ स्थानमा रक्तदान कार्यक्रम, ६ स्थानमा बिमा सचेतना च्याली तथा घर-घरमा बिमा जानकारी अभियान चलाएको छ। त्यस्तै, तीन स्थानमा सरसफाइ तथा डस्टबिन हस्तान्तरण कार्यक्रम, ११ स्थानमा अनाथ बालबालिकालाई शैक्षिक सामग्री वितरण, एक स्थानमा निःशुल्क स्वास्थ्य शिविर, १० स्थानमा विपन्न बालबालिकालाई न्यानो कपडा वितरण र सात स्थानमा तीन सय ५० बिरुवा रोपण कार्यक्रम सम्पन्न गरेको जनाइएको छ।

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/०७/०३)

यस कार्यालयको २०८२/०६/०५ गते प्रकाशित सूचना अनुसार प्राप्त सिलबन्दी दरभाउपत्रहरू मध्ये तपसिल अनुसारको सिलबन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि.नं.	ठेक नं.	कामको विवरण	छनौट भएको दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु.
1.	NEE/S.Q:-02/082/83	Procurement and supply of Exam Paper/Copy	श्री Dolphin Offset Press	९,४५,०२३.५२

प्रमुख प्रशासकीय अधिकृत

बुटवल पावर कम्पनी लिमिटेड
बुद्धनगर, वानेश्वर, काठमाण्डौ

बिशेष साधारण सभाको सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०६/३१ (तद्नुसार अक्टोवर १७, २०२५) मा बसेको बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बिशेष साधारण सभा बस्ने भएको हुँदा उक्त सभामा उपस्थितका लागि सबै शेयरधनीहरूलाई अनुरोध गरिन्छ।

साधारण सभा हुने मिति, स्थान र समय :

मिति : २०८२ कार्तिक २१ गते शुक्रवार (तद्नुसार नोभेम्बर ७, २०२५)।
स्थान : क्वालिटी ब्याङक्वेट, बुद्धनगर, काठमाण्डौं।
समय : बिहान ११:०० बजे।

छलफलका विषयहरु :

१. हिमाल पावर लिमिटेडमा रहेको Statkraft Holding Singapore Pte. Ltd. / Eviny AS को सम्पूर्ण शेयरहरू खरिद गर्ने र सो कारोवार सम्पन्न गर्न आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव।
२. कावेली इनर्जी लिमिटेडमा रहेको कम्पनीको सम्पूर्ण शेयरहरू अरूण कावेली पावर लिमिटेडलाई बिक्री गर्ने र सो कारोवार सम्पन्न गर्न आवश्यक निर्णय गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव।

विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. कम्पनीको शेयरधनी दर्ता किताव मिति २०८२।०७।१३ गते बन्द रहने छ र सो मिति सम्म कायम शेयरधनीहरूले सभामा भाग लिन तथा मत दिन सक्नु हुनेछ।
२. कुनै शेयरधनी स्वयं सभामा उपस्थित हुन नसकेमा प्रोक्सी (प्रतिनिधी) नियुक्त गर्न सक्नुहुनेछ। संस्थागत शेयरधनीको हकमा निजको प्रतिनिधीले सभामा भाग लिन सक्नु हुनेछ।
३. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजेदेखि अपरान्ह १२:०० वजेसम्म खुल्ला रहनेछ। सभामा हाजिरिका लागि परिचय खुल्ने कागजात अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ।
४. अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर नक्साल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ। यस सूचना कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न पनि सकिने छ।

आज्ञाले
कम्पनी सचिव

Soru Rural Municipality
Office of the Rural Municipal Executive
Jima, Mugu

Invitation for Bids

Date of publication: 20th October, 2025 (2082 Kartik 03)

Contract ID: ***SRM/MUGU/NCB/WORKS/TATOPANI/06/2082/83***

1. ***Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** invites electronic bids from eligible bidders for ***The construction of the Hot spring pool, Toilets, and changing rooms with showers, stone taps, foot trails, shades, a temple, gabion wall for revetments, etc.,*** of the project ***Tatopani Paryatan Poorwadhar Vikas Karyakram*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 23.84 million
   - Minimum Work experience of similar size and nature: 9.54 million
   - The bidding capacity of the bidder should be equal to or more than the NRs. 21.46 million
   - A minimum construction experience in the following key activities:
     - *Work Experience having construction works of tourism sector (in any one project completed within last 10 years)*
     - *Stone filling works in Gabion: 384.00 cum (in any one project completed within last 10 years)*
     - *Concrete Works (1:3:6 or 1:2:4 or 1:1.5:3 or combined): 93.02 cum (in any one project completed within last 10 years)*
     - *Flag stone Paving Works: 378.64 sqm (in any one project completed within last 10 years)*
2. Under the Single Stage, Two Envelope Procedure, Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu, ito.sorumun@gmail.com, 9858366277, 9844905742*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below:

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Rastriya Banijya Bank, Sorukot, Mugu
   Name of Office: Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu
   Office Code no.: 80106303
   Office Account no.: 4510100301010002
   Name of account: Soru Ga.Pa.(Ga-1-1)-Antarik Rajaswa
   Rajaswa (revenue) Shirshak no. : 14229
   Bid document Fee: 5000/-

   For Bid security (In case of cash deposite)

   Deposit Account No. : 4010100303000002
   Name of account : Soru Ga.Pa.(Ga-3-1)-Dharauti Khata
5. Pre-bid meeting shall be held at ***Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** at ***7th Nov, 2025 (2082 Kartik 21), 11:00 am***.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***19th Nov, 2025 (2082 Mangsir 03)*** on ***12:00 noon.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***19th Nov, 2025 (2082 Mangsir 03)*** **13:00** at Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu.
8. Bids must be valid for a period of **90** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 597,000, which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. 19th March, 2026) (2082 Chait 05***).
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०
सोमबार ३ कात्तिक ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

सफल कप्तान रोहित

रोहित पौडेलको नेतृत्वमा नेपालले लगातार दोस्रोपटक आइसिसी टी-२० विश्वकपमा स्थान बनाउनुका साथै एसिया कपमा भारत र पाकिस्तानजस्ता विश्वकै शक्तिशाली राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्‍यो

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीको जिम्मेवारी पाएको दुई वर्षभित्र पौडेलले आफूलाई अहिलेसम्मकै सफल कप्तानका रूपमा चिनाएका छन् । पारस खड्काको कप्तानमा नेपालले सन् २०१४ टी-२० विश्वकप खेल्दा र सन् २०१८ मा एकदिवसीय मान्यता पाउँदा उनलाई सबैभन्दा सफल कप्तानीको दर्जा दिइएको थियो । पछिल्लो दुई वर्षको सफलताका तथ्यांक केलाउँदा रोहित अहिले नेपाली क्रिकेटकै सबैभन्दा सफलता कप्तान भन्दा फरक पर्दैन । गत साता ओमानमा भएको आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटको विजेताका रूपमा रोहितले नेपाललाई ब्याक टु ब्याक स्थान दिलाए । यो डेढ महिनामा रोहितको नेतृत्वमा नेपालले ऐतिहासिक रूपमा टेस्ट राष्ट्र वेस्ट इन्डिजविरुद्धको सिरिज २-१ ले जितेको थियो । फरक परस्थितिमा कप्तानी सम्हाल्दै रोहितले अन्तर्राष्ट्रिय क्षेत्रमा सनसनी मच्चाउने टोलीका रूपमा नेपाललाई परिचित गराएका छन् ।

उनको नेतृत्वमा नेपालले ५० वटा टी-२० आई खेल पूरा गरेको छ । गत वर्ष वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गरेको टी-२० विश्वकपकै उनी सहभागीमध्ये कान्छा कप्तान पनि बनेका थिए । २० वर्षको उमेरमा उनले सन् २०२३ सेप्टेम्बरमा नेतृत्व सम्हालेका थिए । नेपाल खेलकुद पत्रकार मञ्चको पल्सर स्पोर्ट्स अवार्ड, २०८० को पुरुषतर्फ उत्कृष्ट पुरुष खेलाडीको विधा उनले जितेका थिए । यसैगरी, चीनको हाङ्झाउमा भएको १९औँ एसियाली खेलकुदमा मंगोलियाविरुद्ध थुप्रै विश्व रेकर्ड बनेका थिए ।

रोहितकै कप्तानीमा नेपालले आइसिसी विश्वकप डिभिजन लिग २ मा १२ मध्ये ११ खेल जितेर अविश्वसनीय रूपमा एकदिवसीय मान्यता रक्षा गरेको थियो । नेपालको यू-१९ टोलीको समेत कप्तानी जिम्मेवारी सम्हालिसकेका रोहितले एकदिवसीय खेलमा नेपालका लागि एक हजार रन पूरा गरिसकेका छन् ।



१६ वर्षमै डेब्यु

रोहितले १६ वर्षको उमेरमै नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए । तत्कालीन कप्तान पारसको नेतृत्वमा रहेको नेपाली टोलीबाट रोहितले नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका थिए । उनी त्यसवेला एकदिवसीय विधामा डेब्यु गर्ने विश्वकै छैटौँ कान्छो खेलाडी बनेका थिए । नवलपरासीका उनले अहिलेसम्म ७२ एकदिवसीयमा एक शतक तथा ११ अर्धशतकीय इनिङ्सको सहयोगमा एक हजार ८५१ रन जोडेका छन् । ब्याटिङमा उनको स्ट्राइक ७५.०९ रहेको छ ।

सन् २०१९ मा उनले युएईविरुद्ध टी-२० आइमा डेब्युको अवसर पाए । यस फर्म्याटमा उनले ७६ खेलमा एक हजार ६३७ रन बनाउँदा आठ अर्धसतक बनाएका छन् । सन् २०१८ मा उनले युएईसँगको खेलमा पहिलो श्रेणी खेले । सोही वर्ष उनले नामिबियाविरुद्ध लिस्ट 'ए'मा खेले । उनले लिस्ट 'ए'मा दुई हजार १६९ रन बनाउँदा एक शतक तथा १२ अर्धशतकीय इनिङ्स खेलेका छन् ।

टेस्ट राष्ट्रविरुद्ध ऐतिहासिक प्रदर्शन

पारसको नेतृत्वमा नेपालले पहिलोपटक टी-२० विश्वकप खेल्दा टेस्ट राष्ट्र बंगलादेशविरुद्ध पहिलोपटक प्रतिस्पर्धा गरेको थियो । त्यसवेला नेपालले बंगलादेशविरुद्ध उत्कृष्ट प्रदर्शन गर्‍यो । रनरेटमा नेपाल अर्को चरणमा पुग्न सकेन । सन् २०१४ पछि नेपालले टेस्ट राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्न एक दशक प्रतीक्षा गर्नुपर्‍यो । सन् २०२४ को एसिया कपमा नेपालले स्थान बनाउँदा समूह 'ए'मा भारत, पाकिस्तान र श्रीलंकाविरुद्ध खेल्ने अवसर पायो ।

एकदिवसीय र टी-२० विश्वकप विजेताविरुद्धको अवसर रोहितकै कप्तानीमा जुरेको हो । वर्षाका कारण श्रीलंकासँगको खेल भएन । तर, भारत र पाकिस्तानसँगको प्रतिस्पर्धामा नेपालले बहादुरी प्रदर्शन गरेको थियो । एसिया कपमा नेपाली क्रिकेटरले भारतका रोहित शर्मा, विराट कोहली, जसप्रीत बुमराह, रवीन्द्र जडेजा, मोहम्मद सिराज, हार्दिक पाण्ड्यासँगै पाकिस्तानका बाबर अजामजस्ता विश्वचर्चित खेलाडीविरुद्ध खेल्ने अवसर पाए । एसिया कप चलिरहँदा नेपाललाई दक्षिण एसियाकै नयाँ शक्ति भनी कमेन्टेटरहरूले बताएका थिए ।

१० वर्षपछि नेपालले टी-२० विश्वकप खेल्दा दक्षिण अफ्रिका र बंगलादेश एकै समूहमा थिए । टेस्ट राष्ट्र दक्षिण अफ्रिकासँगको रोमाञ्चक खेलमा नेपाल १ रनले चुक्यो । पछि दक्षिण अफ्रिका नै उपविजेता बनेको थियो । बंगलादेशसँग खेलमा नेपाल थोरै रनले पराजित भयो । यी दुवै खेलमा नेपाली बलरले विश्वस्तरीय प्रदर्शन गरेका थिए । गत महिना नेपालले दुईपटकको टी-२० विश्वकप विजेताविरुद्ध युएईमा ऐतिहासिक सिरिज खेल्यो । पहिलो दुई खेल जित्दै वेस्ट इन्डिजविरुद्धको टी-२० सिरिज जितेको नेपाल अन्तिममा नराम्रोसँग पराजित भयो । नेपालले आइसिसीको टेस्ट राष्ट्रविरुद्ध पहिलोपटक सिरिज खेल्दा विश्व क्रिकेटमा फरक छाप छाड्न सफल भयो । रोहितको कप्तानीमा नेपालले वेस्ट इन्डिजविरुद्ध पहिलो खेलमा १९ रन र दोस्रो खेलमा ९० रनको सानदार जित निकाल्यो । अन्तिम खेलमा वेस्ट इन्डिज १० विकेटले विजयी भयो ।

लिग २ मा १२ मध्ये ११ खेलमा जित

सन् २०२३ मा नेपाली क्रिकेट खराब अवस्थामा थियो । आइसिसी विश्वकप लिग २ मा लगातार हारपछि नेपालको एकदिवसीय मान्यता गुम्ने लगभग निश्चितजस्तै थियो । एकदिवसीय रक्षा गर्न नेपालले लगातार खेलमा जित्नुपर्ने थियो । त्यसैवेला मुख्य प्रशिक्षकका रूपमा मोन्टी देसाईले टोली सम्हाले । देसाईको आगमनसँगै नेपाली क्रिकेटको काचुली नै फेरियो । उनले आफ्नो कार्यकालमा 'ह्याप्पी ड्रेसिङ रुम' रणनीति अपनाए । देसाईको प्रशिक्षण र रोहितको कप्तानीमा नेपालले विश्वकप लिग २ मा अविश्वसनीय रूपमा अन्तिम १२ मध्ये ११ खेल जित्यो । नेपालले पहिलोपटक एकदिवसीय विश्वकपमा ग्लोबल छनोटमा मात्र स्थान बनाएन, एकदिवसीयसमेत रक्षा गर्‍यो । लिग २ मा नेपालले ३६ खेलमा १९ जितसहित ४० अंक जोड्दै तेस्रो स्थान रक्षा गर्‍यो ।

विश्वकप र एसिया कपका कान्छा कप्तान

गत वर्षको टी-२० विश्वकपमा नेपालको नेतृत्व गर्दा रोहित २१ वर्षका थिए । प्रतियोगितामा सहभागी २० राष्ट्रमध्ये कान्छो कप्तान उनी नै थिए । उनले अफगानिस्तानका कप्तान रसिद खान र बंगलादेशका नाजमुल हुसैनलाई पछि पारे । रसिद र नाजमुलको उमेर २५ वर्ष थिए । नेपालले एसिया कप खेल्दा पनि कान्छा कप्तान थिए । उनी १५ वर्षको उमेरमै एकदिवसीय खेल्ने कान्छा खेलाडी पनि हुन् । २० वर्षकै एकदिवसीय टिमको कप्तानी गर्ने कीर्तिमान पनि रोहितसँग नै छ ।

■ एन्फाभित्र आन्तरिक विवाद

एन्फा महासचिव राई निलम्बित



● **वीरबहादुर खड्का**
कार्यवाहक अध्यक्ष, एन्फा



● **किरण राई**
महासचिव, एन्फा

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)का कार्यवाहक अध्यक्ष वीरबहादुर खड्काले महासचिव किरण राईलाई निलम्बन गरेका छन् । अध्यक्ष पंकजविक्रम नेम्वाङ एसियाली फुटबल महासंघ (एएफसी)को कार्यक्रममा भाग लिन साउदी अरेबियामा रहँदा कार्यवाहक अध्यक्ष बनेका खड्काले तीन दिनभित्र स्पष्टीकरण नबुझाएका कारण राईलाई निलम्बन गरिएको बताएका छन् ।

'तीन दिनभित्र स्पष्टीकरण नबुझाएका कारण महासचिव राईलाई अर्को कार्यसमिति बैठकसम्मका लागि निलम्बन गरिएको छ,' कार्यवाहक अध्यक्ष खड्काले भने । गत २९ असोजमा कार्यवाहक अध्यक्ष पाएकै दिन खड्काले महासचिव राईलाई लिग किन गराउन नसकेको भन्दै तीनदिने स्पष्टीकरण सोधेका थिए । तर, विदेश यात्रामा रहेका राईले त्यसको कुनै जवाफ नदिएपछि खड्काले निलम्बन गरेको बताएका छन् ।

> एन्फाका कार्यवाहक अध्यक्ष बनेका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काले महासचिव किरण राईले तीन दिनभित्र स्पष्टीकरण नबुझाएको कारण देखाउँदै निलम्बन गरेका

खड्काले नयाँ व्यवस्था नभएसम्मका लागि सहायक महासचिव दामोदर भट्टराई (बद्री)लाई कार्यवाहक महासचिव तोकेको पनि जनाएका छन् । भट्टराईले भने आफूले यसअघि पनि कार्यवाहक महासचिवका रूपमा काम गर्दै आइरहेको बताए । उनले संघभित्रको आन्तरिक द्वन्द्वबारे आफूलाई जानकारी नभएको बताए । महासचिव राईले साउदी अरेबिया प्रस्थान गर्नुअघि आफूलाई कार्यवाहक महासचिवको जिम्मेवारी दिएको भट्टराईले बताए ।

२९ असोजमा स्पष्टीकरण माग

एन्फाको विधानअनुसार आफू कार्यवाहक अध्यक्ष रहेको दाबीका साथ खड्काले यस्तो निर्णय गरेका हुन् । अध्यक्षसँगै महासचिव राई पनि एएफसीको बैठकमा सहभागी हुन अहिले साउदी अरेबियामै छन् । एन्फा विधानअनुसार अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्ष स्वतः कार्यवाहक अध्यक्ष हुने व्यवस्था छ । 'असोज २९ गतेको पत्रअनुसार संघको साधारणसभा र कार्यसमितिको म्यान्डेटसमेतलाई बेवास्ता गर्दै संघको विधान, विधि र पद्धतिविपरीत फुटबल खेलको विकासमा नै दीर्घकालीन असर पार्ने गरी के कति आधारमा, कसको निर्देशनमा कार्य गर्नुभएको हो भनी तीन दिनभित्र स्पष्टीकरण सोधिएकोमा तपाईंबाट हालसम्म कुनै पनि जवाफ प्राप्त नभएकाले आजको मितिदेखि लागू हुने गरी तपाईंलाई एन्फा महासचिव पदबाट अर्को कार्यसमिति बैठकसम्मका लागि निलम्बन गरिएको जानकारी गराउँदछौं,' एन्फा कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यलाई बोधार्थ दिइएको पत्रमा खड्काले लेखेका छन् ।

खड्काले आफू विधानअनुसार कार्यवाहक अध्यक्ष भएका वेला विधि-विधान स्थापना गर्दै फुटबललाई सही बाटोमा फर्काउन काम थालेको बताए । 'महासचिव राईलाई आगामी कार्यसमितिको बैठकसम्मका लागि निलम्बन गरिएको हो । फुटबल विकासको बाटोमा दीर्घकालीन असर गर्ने गरी विधि र विधानविपरीत चल्दै आएको एन्फाको पद्धति फेर्न हामीले प्रयास गर्नैपर्छ,' खड्काले भने, 'कार्यवाहक अध्यक्षको हैसियतले लिग नगराएकोमा उहाँसँग स्पष्टीकरण मागिएको थियो ।

खेल संक्षेप

एसियाली युथमा पाँच खेलका सात खेलाडीले भाग लिने

काठमाडौं/ बहराइनमा हुने तेस्रो एसियाली युथ खेलकुद प्रतियोगितामा नेपालबाट पाँच खेलमा सात खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगिता ५ देखि १४ कात्तिकसम्म हुनेछ । ब्याडमिन्टनमा सविना श्रेष्ठ, गल्फमा रुवेन थापा, जुडोमा समिता नेपाली, मुवाँथाईमा पलेस्था कक्षपति र गेन्जी राई तथा पौडीमा अथर्व सिंह र आर्या महर्जनले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । अफिसियलमा तिलक पाण्डे (ब्याडमिन्टन), ध्रुवबाबु थापा (गल्फ), देवकीमाया श्रेष्ठ (जुडो), भूपेश शाक्य (मुवाँथाई) र नयना शाक्य (पौडी) रहेका छन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले प्रतियोगितामा सहभागी हुने खेलाडीको बिदाइ गरेका छन् । पहिलो टोलीका रूपमा मुवाँथाई टोली मंगलबार बहराइन जानेछ । गल्फका रुवेन विदेशमा रहेकाले त्यतैबाट बहराइन जानेछन् । प्रतियोगितामा टेबुलटेनिसका अन्तर्राष्ट्रिय अम्पायर तेजेन्द्रसिंह महराले निर्णायकको भूमिका निर्वाह गर्नेछन् ।

दृष्टिविहीन महिला टोलीको घोषणा

कास्की/ भारत र श्रीलंकाले संयुक्त रूपमा पहिलोपटक आयोजना गर्ने टी-२० दृष्टिविहीन महिला विश्वकप क्रिकेट प्रतियोगिताका लागि नेपाली टोली घोषणा भएको छ । नेत्रहीन क्रिकेट संघ नेपालले १२ देखि २३ नोभेम्बरसम्म हुने विश्वकपका लागि १६ सदस्यीय टोली घोषणा गरेको हो । संघका अध्यक्ष पवन घिमिरेका मुख्य प्रशिक्षकका पुरनसिंह खत्री र सहायक प्रशिक्षकमा नरेन्द्र निरौला रहेका छन् । विनिता पुन, विनिता सोमाई, दिल्लीसरा धमला, देविका थापामगर, एञ्जिला ढकाल, मनकेशी चौधरी, कान्ती डगौरा, सरिता घिमिरे, सुनिता भुजेल, सुष्मा तामाङ, पुनम चौधरी, लक्ष्मी तामाङ, एसरा माया लुंगेली मगर, विमला राई र प्रतिभा राई रहेका छन् । सन् २००६ मा नेपालबाट सुरु भएको दृष्टिविहीन महिला क्रिकेट अभियान भारत, इंग्ल्यान्ड, अस्ट्रेलिया, पाकिस्तान र अमेरिकालगायत सात देशमा विस्तार भएका छन् ।

लुम्बिनीको नयाँ जर्सी सार्वजनिक

काठमाडौं/ लुम्बिनी लायन्सले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा नयाँ जर्सी प्रयोग गर्ने भएको छ । लुम्बिनीले आइतबार नयाँ जर्सी सार्वजनिक गरेको हो । 'पाल्पाली ढाँकाको ढाँचा प्रयोग गरी बनाइएको जर्सीले लुम्बिनीको पहिचान गराउनेछ,' लुम्बिनीका सिइओ भावना घिमिरले भनिन्, 'यस पहिरनको प्रत्येक धागोमा हाम्रो कथा, पहिचान र एकता बुनेको छ ।' गर्दनको भागमा रहेको सुनौलो रङले सांस्कृतिक धरोहरूको गजुरलाई प्रतिनिधित्व गरेको घिमिरेले बताइन् । यसैगरी जर्सीको काँधको भागमा बलिरहेको ज्वालाले लुम्बिनीको शान्तिदीपलाई जनाएको उनको भनाइ छ । जर्सीको बिचमा रहेको सिंहले आफ्नो पहिचान जनाउने र यसले रक्षकको प्रतीक दर्शाउने लुम्बिनीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । 'नयाँ जर्सीले लुम्बिनी प्रदेशका १२ वटै जिल्लाको प्रतिनिधित्व गरी शक्ति, संस्कार र पहिचान दर्शाएको छ,' लुम्बिनीले भनेको छ ।

त्रिलोकीले एसियाली कुस्ती खेल्ने

काठमाडौं/ नेपालका कुस्ती खेलाडी त्रिलोकीप्रसाद यादवले कजाक कुरेसी एसियाली कुस्ती च्याम्पियनसिप खेल्ने भएका छन् । काजकिस्तानका तुर्केस्तानमा २६ देखि ३० अक्टोबरसम्म हुने प्रतियोगितामा त्रिलोकीले पुरुष सय केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । प्रशिक्षकमा सञ्जयकुमार यादव रहेका छन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङ र नेपाल कुस्ती संघका अध्यक्ष प्रकाशकुमार कुसारीले बिदाइ गरेका छन् ।

■ एस्टन भिल्लाको उत्कृष्ट पुनरागमन

एजेन्सी/ एस्टन भिल्लाले ईगल्स प्रिमियर लिगमा आइतबार टोटनह्यामविरुद्ध २-१ को पुनरागमन जित निकालेको छ । जितसँगै आठ खेलमा १२ अंक जोडेको एस्टन भिल्ला १०औँ स्थानमा रहयो । टोटनह्यामसमान खेलबाट १४ अंकका साथ छैटौं स्थानमा छ । टोटनह्यामको घरेलु रंगशालामा एस्टन भिल्लाई जित दिलाउन मोर्गन रोजर्स र एमी बुएन्डियाले समान एक गोल गरे । टोटनह्यामका लागि रोड्रिगो बेन्टचरले गोल गरे । खेलको पाँचौं मिनेटमा रोड्रिगोले टोटनह्यामलाई १-० को अग्रता दिलाएका थिए । खेलको ३७औँ मिनेटमा रोजर्सले एस्टन भिल्लाका लागि १-१ को बराबरी गोल गरे । बुएन्डियाले ७७औँ मिनेटमा गोल गर्दै एस्टन भिल्लालाई २-१ को रोमाञ्चक जित निकाल्यो ।



सदभाव र राहुलले एसिया-प्यासिफिक एमेच्योर खेल्ने

नयाँ पत्रिका

नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्य र राहुल विश्वकर्माले एसिया-प्यासिफिक एमेच्योर च्याम्पियनसिप खेल्ने भएका छन् । दुबईस्थित इमिरेट्स गल्फ क्लबमा २३ देखि २६ अक्टोबरसम्म हुने च्याम्पियनसिपमा भाग लिन सोमबार दुबई प्रस्थान गर्ने राहुललाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरेका छन् । अमेरिकामा उच्च अध्ययनसँगै एनसिएए डिभिजन वान खेलिरहेका सदभाव त्यत्तैबाट दुबई जानेछन् ।

सदभाव र राहुल दुवैले प्रतियोगिताअघि दुई अभ्यास राउन्ड खेल्नेछन् । सो च्याम्पियनसिपमा एसिया-प्यासिफिक क्षेत्रका उत्कृष्ट एमेच्योर खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा नेपालको अहिलेसम्मको उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी सुभाष तामाङ हुन् । उनले सन् २०२२ मा कट बनाएका थिए । अन्य नेपाली गल्फ खेलाडीले कट बनाउन सकेका छैनन् ।

यसपटक सदभावले अमेरिकाको अनुभव र राहुलले पनि भारतको तरुण सरदेसाई एकेडेमीमा प्रशिक्षण गरेर तयारी गरेकाले उत्कृष्ट नतिजाको अपेक्षा गरिएको छ नेपाल गल्फ संघले जनाएको छ । एसिया-प्यासिफिक एमेच्योर च्याम्पियनसिपको विजेताले द मास्टर्स प्रतियोगिता र द ओपन च्याम्पियनसिपमा स्थान पक्का गर्नेछन् ।

हडकङ सिक्सेसपछि भेसवाकरले सन्न्यास लिने

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वभेट्टान खेलाडी शरद भेसवाकरले हडकङमा हुने हडकङ क्रिकेट सिक्सेसपछि सन्न्यास लिने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले भेसवाकरको कप्तानीमा राष्ट्रिय टोली घोषणा गरेको छ । नेपाली टोलीको प्रतिनिधित्व गर्दै हडकङ सिक्सेसमा सहभागी हुँदै शरदले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने क्यानका प्रवक्ता छुम्बी लामाले बताए । नेपालले एकदिवसीय मान्यता पाउन तथा सन् २०१४ मा पहिलोपटक आइसिसी टी-२० विश्वकपमा स्थान बनाउँदा भेसवाकरले महत्त्वपूर्ण योगदान दिएका थिए ।

'नेपाली पुरुष राष्ट्रिय क्रिकेट टिममा लामो समयदेखि योगदान दिएका राष्ट्रिय क्रिकेट खेलाडी भेसवाकरले हडकङ सिक्सेस प्रतियोगितामा नेपालको कप्तानका रूपमा नेतृत्व गर्नेछन् । यसपछि उनले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने कार्यक्रम रहेको छ,' छुम्बीले भने । क्यानले भेसवाकरसँग सन्दीप जोरा, आदिल अन्सारी, लोकेश बम, बसिर अहमद, रसिद खान र रूपेशकुमार सिंहसहितको नेपाली टोली घोषणा गरेको हो । नेपाल समूह 'ए'मा छ । नेपालले समूहमा अफगानिस्तान र दक्षिण अफ्रिकाविरुद्ध प्रतिस्पर्धा गर्नेछ । शीर्ष दुई टोली क्वार्टरफाइनलमा पुग्नेछन् ।

नेपालले पहिलो खेल अफगानिस्तानसँग ७ नोभेम्बर र ८ नोभेम्बरमा दक्षिण अफ्रिकाविरुद्ध खेल्नेछ । समूह 'बी'मा अस्ट्रेलिया, इंग्ल्यान्ड र युएई छन् । समूह 'सी'मा भारत, कुवेत र पाकिस्तान रहेका छन् । समूह 'डी'मा बंगलादेश, हडकङ र श्रीलंका छन् ।

प्रतियोगिताको हरेक खेलको प्रत्येक इनिङ्स ६-६ ओभरको हुनेछ । एक टोलीमा ६ खेलाडीले खेल्न पाउनेछन् । एक इनिङमा चार खेलाडीले बढीमा एक ओभर बलिङ गर्न पाउनेछन् । एक खेलाडीले दुई ओभर बलिङ गर्न सक्छन् । सन् १९९३ देखि सुरु भएको हडकङ सिक्सेस प्रतियोगिता पछिल्लोपटक सन् २०२४ मा आयोजना भएको थियो । प्रतियोगिताको उपाधि श्रीलंकाले जितेको थियो ।

११ वर्षअघि टी-२० आईमा डेब्यु

भेसवाकर दुई वर्षयता नेपाली राष्ट्रिय टोलीमा छैनन् । सन् २०२२ को १४ फेब्रुअरीमा उनले अन्तिमपटक नेपाली टोलीबाट आयरल्यान्डविरुद्ध प्रतिस्पर्धा गरेका थिए । नेपाली राष्ट्रिय क्रिकेट टोलीले पहिलोपटक सन् २०१४ मा टी-२० आईमा डेब्यु गर्दा उनी सदस्य थिए । बंगलादेशमा भएको टी-२० विश्वकपमा नेपालले पहिलोपटक स्थान बनाउन भेसवाकर टोलीकै प्रमुख सदस्य थिए ।

नेपाली टोलीका मध्यक्रमका भरपर्दा ब्याट्सम्यानका रूपमा चिनिने भेसवाकरले सन् २०१८ मा नेदरल्यान्ड्ससँगको पहिलो एकदिवसीय सिरिज खेलेका थिए । सन् २०२१ मा उनले अन्तिमपटक नेपालबाट ओमानविरुद्ध एकदिवसीय खेल खेलेका थिए । सन् २००४ मा उनले युएईविरुद्ध पहिलो श्रेणीमा डेब्यु गरेका थिए । सन् २०१९ मा एमसिसीविरुद्ध उनको अन्तिम पहिलो श्रेणी खेल रह्यो । यसैगरी भेसवाकरले लिस्ट 'ए'मा डेब्यु सन् २०१४ मा गरेका थिए । चार वर्षअघि ओमानसँग उनले यस विधाकै करिअरकै अन्तिम खेल खेले ।

> नेपालले एकदिवसीय मान्यता पाउँदा र पहिलोपटक टी-२० आई विश्वकपमा सहभागी हुँदा प्रमुख खेलाडीका रूपमा रहेका शरद भेसवाकर हडकङ सिक्सेसमा अन्तिमपटक राष्ट्रको प्रतिनिधित्व गर्दै

आक्रामक ब्याट्सम्यान

नेपाली टोलीमा भेसवाकरलाई विशेषगरी आक्रामक ब्याट्सम्यानका रूपमा चिन्ने गरिन्छ । मध्यक्रममा ब्याटिङ गर्न रुचाउने उनी नेपालका फिनिसर पनि हुन् । अन्तर्राष्ट्रिय खेलमा उनले परिस्थितिअनुसार ब्याटिङ गर्थे । भेसवाकरले चार एकदिवसीय खेलमा चारै इनिङ्स ब्याटिङ गरी ६६ रन बनाएका छन् । उनले यस विधामा एक अर्धशतकीय इनिङ्स खेले । यसैगरी, २० टी-२० आईमध्ये १९ इनिङ्समा उनले ३२५ रन जोडेका छन् । पहिलो श्रेणीमा १८९ तथा ३९ लिस्ट 'ए'मा उनले एक हजार ३७ रन बटुलेका छन् । भेसवाकरले लिस्ट 'ए'मा आठपटक अर्धशतकीय इनिङ्स खेलेका छन् । बलिङमा उनले एकदिवसीय खेलमा दुई विकेट हात पारेका छन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com